बागमती प्रदेश सभा

सार्वजनिक लेखा समिति

चौथो वार्षिक प्रतिवेदन २०७९

सार्वजनिक लेखा समितिको सचिवालय

हेटौंडा, मकवानपुर, नेपाल

सार्वजनिक लेखा समिति

सभापति

मा. न्हुक्षे नारायण श्रेष्ठ

सदस्य

मा.अरुण प्रसाद नेपाल

सदस्य

मा.ओम ब. ग्लान

सदस्य

मा.गणेश प्र. दुलाल

सदस्य

मा.चन्द्र ब. लामा

सदस्य

मा.जीवन खड्का

सदस्य

मा.जीवन डंगोल

सदस्य

मा. जुनेली माया श्रेष्ठ

सदस्य

मा.दीपक निरौला

सदस्य

मा.देवकी श्रेष्ठ

सदस्य

मा. पुकार महर्जन

सदस्य

मा. प्रभात तामाङ

सदस्य

मा. प्रेम ब. तामाङ

सदस्य

मा. वेलीमैया घले

सदस्य

मा. मुनु सिग्देल

सदस्य

मा.रमेश पौड्याल

सदस्य

मा. रीता माझी

सदस्य

मा. सीता अधिकारी

सदस्य

मा. हिमाली गोले

समिति सचिव

श्री दिपक अधिकारी

मन्तव्य

माननीय सभामुखज्यू,

बागमती प्रदेश सभाको सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, प्रदेश सभा नियमावली,२०७४ बमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी व्यवस्था रहेको कुरा सम्मानित सभालाई विदितै छ। प्रदेश सरकारलाई वित्तीय अनुशासनमा राख्नु, सरकारलाई संसद र नागरिकप्रति उत्तरदायी र जवाफदेही बनाउनु, सरकारबाट भएका कामकारबाहीको निगरानी र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सुझाव दिनु समितिको प्रमुख जिम्मेवारी हो। समितिको कार्यक्षेत्रभित्रका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन, आय विवरण, सम्पत्ति र खर्चको स्थिति तथा कार्यान्वयनको अवस्था मूल्याङ्कन गरी सम्बन्धित निकायहरुलाई आवश्यक निर्देशन दिनु यस समितिका निहीत उद्देश्य हुन् ।

निस्पक्ष, निर्भिक, जवाफदेही र इमान्दारितापूर्वक कार्यसम्पादन गर्दै सार्वजनिक खर्च गर्ने परिपाटीमा नियमितता, औचित्यता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको कसीलाई आधार मानी महालेखापरीक्षकबाट प्राप्त वार्षिक प्रतिवेदनमाथि आवश्यक विमर्श गर्दै आर्थिक अनुशासन कायम राख्न तथा सुशासन अभिवृद्धि गराउन राय परामर्श तथा निर्देशन दिनु यस समितिको जिम्मेवारी हो । राजनीतिक र प्रशासनिक संघीयताको अभ्याससँगै यसलाई प्रभावकारी बनाउन स्रोतसाधनको दीगो र न्यायपूर्ण बाँडफाँड, सार्वजनिक सम्पत्तिको सदुपयोग, स्रोतको संकलन र परिचालन तथा सार्वजनिक वित्तको प्रभावकारी ढङ्गले खर्च गर्ने क्षमतासहितको वित्तीय संघीयतालाई कार्यान्वयन गरिएमा मात्र वर्तमान संविधानको मर्म र भावना आत्मसात नागरिकको इच्छा, आकांक्षाको सम्बोधन भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सफल हुन पुग्दछ । यसका लागि वित्तीय अनुशासन सबैभन्दा पहिलो कडी हो जुन कायम गराउनका लागि सार्वजनिक लेखा समितिले विभिन्न प्रयासहरु जारी राखेको व्यहोरा सम्मानित सभालाई जानकारी गराउँछु ।

माननीय सभामुखज्यू,

यस वर्ष सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ (बागमती प्रदेश) मा औल्याएका बेरुजुहरुको बारेमा छलफल तथा फछ्र्यौटका लागि चार वटा उपसमिति

गठन गरी विभिन्न दशवटा मन्त्रालय तथा निकायहरुको आ.व. २०७५/७६ को बेरुजु उपर छलफल गरी आवश्यक राय सुझाव तथा निर्देशन दिएको छ। वार्षिक प्रतिवेदनमाथिको छलफल र निर्देशनका लागि हामीले विषयगत मन्त्रालयका मन्त्री तथा सचिवहरुसँगको अन्तर्क्रिया, महालेखापरीक्षक कार्यालयका प्रतिनिधी तथा विज्ञहरुसंग रहेर दफावार छलफल, एकैपटक वा पटकपटक गरी सम्बन्धित मन्त्रालय र निकायहरुको स्थलगत अध्ययन तथा कागजातहरु माग गरेर अध्ययन गर्ने प्रकृयाको प्रयोग गरिएको थियो। यसैगरी यस वर्ष संघीयताको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहमा समेत सार्वजनिक लेखा समितिको आवश्यकता र प्रभावकारिता रहेको महसुस गर्दै वित्तीय सुशासनका माध्यमबाट संघीयतालाई सफल बनाउन स्थानीय तहमा सार्वजनिक लेखा समितिको गठन सम्बन्धमा चितवन र मकवानपुर जिल्लाका स्थानीय तहहरुसँग छलफल कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम औचित्यपूर्ण भएकाले यसलाई प्रदेश भित्रका सबै स्थानीय तहहरुमा पुऱ्याउने तयारीमा समिति रहेको व्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

महालेखापरीक्षकको प्रतिवेदन २०७७ मा समावेश भएका व्यहोरा मध्ये प्रदेशको समग्र आर्थिक अवस्था, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, सहवित्तियकरण, प्रादेशिक वित्त सन्तुलन लगायतका कार्य कार्यान्वयन हुन नसकेकोमा उक्त जिम्मेवारी तत्काल कार्यान्वयन गराउन, दिगो विकास लक्ष्यसंग तादाम्यता हुने गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सम्बन्धमा अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाई नतिजाको शीघ्र आवधिक प्रतिवेदन तयार गरी सभालाई जानकारी गराउने, ८२ वटा पहिचान भएका कानून मध्ये ४२ वटा मात्र निर्माण भई बाँकी रहेका सम्पूर्ण कानून शीघ्र निर्माणको लागि सम्बद्ध सबैलाई समितिले निर्देशन दिइसकेको छ ।

कर्मचारी अभावले सरकारी कार्यालयहरुका सेवाहरु सुस्त देखिएको साथै एकिकृत सेवा केन्द्रको स्थापना नहुँदा सेवा प्रवाहमा प्रभावकारिता आउन नसकेकोले कर्मचारी पदपूर्ति, प्रदेश भित्रका औधोगिक क्षेत्रको सन्चालन तथा नियमन, साहिसिक पर्यटन, थ्रि स्टार होटल, रिसोर्ट दर्ता जस्ता कार्यलाई प्रदेश मातहत ल्याउन, प्लाष्टिक एवं प्लाष्टिकजन्य पदार्थको उचित विसर्जनको लागि स्पष्ट नीति तथा विस्तृत योजना बनाई कार्यान्वयन गर्न र वातावरण अनुकुलन कार्यको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक गराउन निर्देशन भएको छ ।

यसैगरी खरिद व्यवस्थापनमा देखिएका कमजोरी,वार्षिक कार्यलक्ष्यको तुलनामा न्यून प्रगति, निरासाजनक पूंजीगत खर्च, बजेट अवण्डा राख्ने प्रवृत्ती, प्रदेशको आन्तरिक स्रोत वृद्धिमा कमी, नतिजा

मुलक नदेखिएका अनुदान वितरणजस्ता क्षेत्रमा समय मै सुधार गर्न निर्देशन दिनुका अतिरिक्त मौजुदा कानून प्रतिकूल भएका निर्णयको खारेजी, अनियमित तथा असुल उपर गर्ने बेरुजुहरु समयमै फर्छ्यौट गरी सम्परीक्षण गरी आर्थिक अनुशासनलाई प्रभावकारी बनाउन सम्वद्ध सबै निकायलाई निर्देशन दिइएको सम्मानित सभालाई जानकारी गराउँछु।

आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।०९।१९ को माननीय मन्त्रीस्तरको निर्णयले उपभोक्ता समितिबाट योजना कार्यान्वय गराउँदा लागत सहभागिता आवश्यक नपर्ने भनी गरेको प्रचलित कानून विपरित व्यवस्थाका कारण राज्यलाई रु २ करोड ८४ लाख २५ हजार भन्दा बढी व्ययभार पर्न गई राज्यलाई क्षति भएको र यस्ता निर्णयहरुले गलत प्रवृत्तिको विकास गराई आर्थिक अनुशासनहीनतालाई प्रश्रय दिने भएकाले आगामी दिनमा स्थीर नीतिको व्यवस्था गरी यस प्रकारका निर्णय नगर्न र कसैबाट अभ्यास भएमा तत्काल निषेध गर्न सरकारलाई निर्देशन दिइसकेको छ।

बेरुजु फछ्र्यौटका लागि माग गरिएका कागजातहरु उपलब्ध गराउन मन्त्रालय तथा निकायहरुले देखाएको उदासिनताको स्थिति हेर्दा आर्थिक अनुशासन कायम गराउनका लागि विशेष नीतिको आवश्यकता महसुस भएको छ। कर्मचारी सरुवा हुने कारण खर्च गर्ने अधिकारी र लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट गर्ने अधिकारी फरक भई बेरुजु फछ्र्यौटमा उदासिनता देखिएको स्थितिको निराकरणको लागि खर्च गर्ने अधिकारी र बेरुजुबीच सम्बन्ध स्थापित हुने नीतिको खाँचो देखिन्छ।

माननीय सभामुखज्यू,

संघीयताको अभ्यासलाई प्रभावकारी बनाउन वित्तीय संघीयतालाई जोडदार रुपमा कार्यान्वयन गर्नुपर्दछ। विगतका राजनैतिक आन्दोलनका उपलब्धीहरु, जनभावना र संविधानको मर्म अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई मजबुत बनाउन वित्तिय अनुशासन कायम गर्दै प्रदेशमा सुशासन कायम गराउने सिलसिलामा सार्वजनिक लेखा समितिले विभिन्न प्रयासहरु जारी राखेको व्यहोरा सम्मानित सदनलाई जानकारी गराउँछु।

वित्तीय संघीयताको असल अभ्यास र अनुशासित परिपालनाबाट मात्र समग्र संघीय प्रणाली सफल हुने भएकाले प्रादेशिक संरचनाको संवैधानिक प्रावधानको आवश्यकता र औचित्यमाथि नै

अनेकन प्रश्न चिन्ह खडा भइरहेको अवस्थामा यस समितिबाट दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनको लागि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।प्रादेशिक संरचनालाई बेलाबेलामा विभिन्न कोणवाट प्रहार भईरहेको छ। बेलाबेखत प्रदेश सभा भित्रै पनि संघीयता विरोधी अभिव्यक्ति आउने गरेका छन्। यो निकै दुखद कुरा हो।

माननीय सभामुखज्यू,

वार्षिक प्रतिवेदन २०७७ को समीक्षा सहितको प्रतिवेदन सम्मानित सभामा पेश गर्दै गर्दा आ.व.२०७६/७७ को महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ जारी भई यस प्रदेशको बेरुजू अङ्क रु.७२ करोड ५२ लाख २९ हजार कायम रहेको छ। सो प्रतिवेदनमाथि महालेखापरीक्षकको कार्यालय र यस समितिबीच छलफल भइसकेको साथै यसको मन्त्रालय/निकायगत छलफलको लागि ४ वटा उपसमिति गठन भई भाद्र मसान्तसम्म समय सीमा तोकेर कार्य प्रारम्भ अगाडी बढिसकेको कुरा यस सभामा जानकारी गराउँदछु ।

माननीय सभामुखज्यू,

समितिको कार्यलाई मार्गदर्शन गर्दै अभिभावकीय भूमिका निर्वाह गर्नुहुने माननीय सभामुखज्यू र उपसभामुखज्यू प्रति म हार्दिक आभार व्यक्त गर्दछु। समितिका कामकारवाहीलाई प्रभावकारी बनाउनका लागि बैठकहरुमा उपस्थित भई सरकारका कामकारवाहीका बारेमा जानकारी प्रदान गर्नुहुने तथा समितिको निर्देशनहरु कार्यान्वयनमा सहयोग पुऱ्याउनुहुने प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, प्रमुख सचिव, सचिवहरु लगायत मातहत निकायका कर्मचारीहरुलाई समिति र मेरो तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। समितिका क्रियाकलापहरुमा सक्रिय सहभागिता मार्फत आ-आफ्नो भूमिका निर्वाह गर्नुहुने समितिका सबै माननीय सदस्यहरु, प्रदेश सभाका सचिव लगायत सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।समितिको प्रभावकारिता अभिवृद्धिका लागि सहयोग गर्नुहुने सञ्चार जगत तथा आफ्नो ज्ञान, अनुभव र राय सुझावका लागि विभिन्न निकायका विज्ञहरु तथा अन्य व्यक्तित्वहरुलाई आभार प्रकट गर्दछु। समितिका हरेक क्रियाकलापमा साथमा रही सहयोग गर्नुहुने समिति सचिव, प्रतिवेदनलाई मूर्तरुप दिन सहयोग गर्नुहुने मस्यौदा उपसमितिका माननीय सदस्यहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

माननीय सभामुखज्यू,

माननीय सभामुखज्यूको अनुमतिले अब म बागमती प्रदेश सभा, सार्वजनिक लेखा समितिको चौथो वार्षिक प्रतिवेदन २०७८ सम्मानित सभामा स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद।

१८ जेठ २०७९

न्हुक्षे नारायण श्रेष्ठ
सभापति
सार्वजनिक लेखा समिति
बागमती प्रदेश सभा

विषयसूचि

क्र.सं.	शीर्षक	पाना नं
	परिच्छेद १ **परिचय**	
१.१	सार्वजनिक लेखा समितिको परिचय	१
१२.	सार्वजनिक लेखा समितिको गठन	१
१३.	सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, काम कर्तव्य र अधिकार	२
१३.	सार्वजनिक लेखा समितिको सचिवालय	३
	परिच्छेद २ **सार्वजनिक लेखा समितिको निर्णय तथा निर्देशनहरु**	
२	समितिको वैठक संख्या ५६ देखि ७१सम्मका निर्णय तथा निर्देशनहरु	७
	परिच्छेद ३ **महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औल्याइएका वेरुजुका सम्वन्धमा भएका कामकारवाहीको विवरण**	
३.१	प्रदेश नीति तथा योजना आयोग	१६
३.२	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	१८
३.३	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	२०
३.४	आन्तरिक मामिला तथा कानून मन्त्रालय	४०
३.५	भौतिक पूर्वाधार विकास मन्त्रालय	४५
३.६	आर्थिक मामिला तथा योजना मन्त्रालय	७८
३.७	सामाजिक विकास मन्त्रालय	९६
३.८	मुख्य न्यायाधिवक्ताको कार्यालय	११६
३.९	प्रदेश सभा तथा सचिवालय	११७
३.१०	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	१२१
	परिच्छेद ४ निर्देशन	
निर्देशन		१४०
	परिच्छेद ५ **सुझाव तथा निष्कर्ष**	
सुझाव तथा निष्कर्ष		१४०
अनुसूचिहरु		

परिच्छेद-१

प्रारम्भिक

१.१ सार्वजनिक लेखा समितिको परिचय

सरकारी सार्वजनिक खर्चको प्रभावकारिता र मितव्ययिताको सुनिश्चितताको लागि गठित सार्वजनिक लेखा समिति प्रदेश सभाका विषयगत समितिहरुमध्ये महत्वपूर्ण समिति हो । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्र्यौट र प्रदेश सरकारका सार्वजनिक लेखा सम्बन्धी कार्यक्षेत्र रहेको यस समितिलाई सरकारको निगरानी गर्ने समितिका रुपमा पनि हेर्ने गरिन्छ । बेलायतको संसदमा सन् १८६१ मा सुरुवात भएको सार्वजनिक लेखा समितिको गठनको इतिहास नेपालमा वि.सं. २०१६ देखि भएको थियो । हाल नेपालको संविधानको धारा १९३ अनुसार प्रदेश सभाको कार्यप्रणाली व्यवस्थित गर्न बनेको प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम यस समितिको गठन भएको छ ।

सार्वजनिक स्रोत साधनको सदुपयोग र उचित व्यवस्थापन आम चासो र सरोकारको विषय हो।सरकारले गरेका कामहरु र स्रोत परिचालनमा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको अवस्था पुष्टि हुने गरी कार्यान्वयन भए/नभएको यकिन गर्न र निर्देशन दिन यस समितिले महत्वपूर्ण भूमिका खेल्दछ । खर्च प्रणालीलाई औचित्यपूर्ण बनाई स्रोत उपयोगमार्फत अधिकतम लाभ लिनका लागि समितिले विशेष महत्व राख्दछ । कार्यपालिकाको खर्च प्रणाली व्यवस्थापिकाप्रति जवाफदेही हुने गरी भए नभएको निष्पक्ष दृष्टिबाट हेर्न र कार्यपालिकालाई व्यवस्थापिका प्रति जिम्मेवार बनाउन यो समिति गठन भएको पाइन्छ ।

महालेखापरीक्षकले औंल्याएका बेरुजुहरु उपर छानबिन तथा फछ्र्यौट, प्रदेश अन्तर्गत भएका कामकारबाहीमा भएका अनियमितता, उजुरीहरु, सार्वजनिक खर्च प्रकृयामा भएका भ्रष्टाचार तथा सार्वजनिक महत्वका कामहरुको कार्यसम्पादनका क्रममा भएका कमीकमजोरीहरुको विषयमा छानविन तथा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सो निर्देशन उपर कार्यसम्पादनको निगरानी समेत गर्नु यस समितिको उद्देश्य हो। वित्तीय अनुशासन कायम गराउनुका साथै सरकारको कार्यप्रभावकारिता वृद्धिका लागि आवश्यक भूमिका खेल्नु समितिका मुख्य जिम्मेवारी हुन् ।

समितिले आफ्नो कार्यसम्पादनलाई व्यवस्थित बनाउन र समयमै सम्पन्न गर्न वार्षिक कार्यतालिका निर्माण गर्ने व्यवस्था छ। कार्यविभाजन मार्फत प्रभावकारी कार्यान्वयनका लागि आवश्यकताका आधारमा उपसमितिहरुको गठन समेत गरिन्छ। समितिले आफ्नो कामको प्रतिवेदन जुनसुकै समयमा र वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनुअगावै सभापतिले वा निजको अनुपस्थितिमा सभापतिले तोकेको अन्य कुनै सदस्यले सभामा पेश गर्ने व्यवस्था छ।

१.२ सार्वजनिक लेखा समितिको गठन

नेपालको संविधानको धारा १९३ मा प्रदेशमा विषयगत समिति गठन गर्ने व्यवस्था भए बमोजिम प्रदेश सभा नियमावली २०७४ को नियम १४५ र १४६ ले व्यवस्था गरे अनुसार समिति वा विशेष समिति गठन गर्न सक्नेछ।उक्त संवैधानिक व्यवस्था अनुरुप प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए र गरेका काम कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेतका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरुको गठन भएको छ।त्यसमध्ये एक अत्यावश्यक र महत्त्वपूर्ण समितिको रुपमा २०७४ फागुन १५ गते बसेको बैठकको सहमति भएबमोजिम माननीय सभामुख ज्यूबाट यस समितिको सदस्यहरुको मनोनयन भए अनुसार सार्वजनिक लेखा समिति रहेको छ।हाल सभापति सहित १९ जना मा. सदस्यहरु रहनु भएको छ।प्रदेश सभाका सदस्य माननीय न्हुक्षे नारायण श्रेष्ठ यस समितिको सभापति हुनुहुन्छ।

सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा नियम १४६ बमोजिम समितिमा बढिमा २२ जना सदस्यहरु प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्व रहने गरी मनोनयन गर्नु पर्ने व्यवस्था रहेको छ।

सार्वजनिक लेखा समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली			
क्र.सं.	नाम थर	जिल्ला	सम्बद्ध राजनीतिक दल
१.	मा. न्हुक्षे नारायण श्रेष्ठ	काठमाडौं	नेपाली कांग्रेस
२.	मा. अरुण प्रसाद नेपाल	काठमाडौं	नेकपा एमाले
३.	मा. ओम बहादुर ग्लान	मकवानपुर	नेकपा माओवादी केन्द्र
४.	मा. गणेश प्रसाद दुलाल	काठमाडौं	नेकपा एमाले
५.	मा. चन्द्र बहादुर लामा	काभ्रेपलान्चोक	नेकपा एमाले
६.	मा. जिवन खड्का	ललितपुर	नेकपा एमाले
७.	मा. जीवन डंगोल	काठमाडौं	नेपाली कांग्रेस
८.	मा. जुनेली मायाँ श्रेष्ठ	मकवानपुर	नेकपा एमाले
९.	मा. दीपक निरौला	काठमाडौं	नेकपा एमाले
१०.	मा. देवकी श्रेष्ठ	ललितपुर	नेकपा एमाले
११.	मा. पुकार महर्जन	काठमाडौं	नेपाली कांग्रेस
१२.	मा. प्रभात तामाङ्ग	रसुवा	नेपाली कांग्रेस
१३.	मा. प्रेम बहादुर तामाङ्ग	रसुवा	जनता समाजवादी पार्टी
१४.	मा. बेलीमैया घले	काठमाडौं	नेकपा एमाले
१५.	मा. मुनु सिग्देल	मकवानपुर	नेकपा एकीकृत समाजवादी
१६.	मा. रमेश पौड्याल	सिन्धुपाल्चोक	विवेकशील साझा पार्टी
१७.	मा. रिता माझी	रामेछाप	राष्ट्रिय प्रजातन्त्र पार्टी
१८.	मा. सीता अधिकारी	काठमाडौं	नेकपा (माओवादी केन्द्र)
१९.	मा. हिमाली गोले	दोलखा	नेकपा (माओवादी केन्द्र)

१.३ सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार

कार्यक्षेत्र

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन,
- बेरुजू फछ्र्यौट,
- प्रदेश सरकारको सार्वजनिक लेखा,

समितिको कार्यक्षेत्र सम्बन्धमा विवाद उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ।

काम, कर्तव्य र अधिकार

प्रदेश सभा नियमावली २०७४, को नियम १५१ मा व्यवस्था गरिए बमोजिम सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धि नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रिपरिषद्का सदस्यले बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय–समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के–कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको सम्बन्धित ऐन, नियम प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारद्वारा समय–समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने।

- बैठकले सुम्पेको अन्य काम गर्ने।
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।
- सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत विचारको आदान-प्रदान गर्न सक्नेछ।
- छलफलमा थप विषयवस्तुको जानकारी आवश्यक परेमा विज्ञ तथा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।
- सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानूनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने।
- समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन्। यस्तो स्वीकृति माग गर्दा भ्रमण गर्नु पर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्ने।
- सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक काम कारवाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ। त्यस्तो उपसमितिले गर्ने काम र काम सम्पन्न हुनु पर्ने अवधि किटान गरिनु पर्नेछ।
- समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुन सुकै समयमा प्रस्तुत गर्न सक्नेछ।

१.४ सार्वजनिक लेखा समिति सचिवालय

प्रदेश सभा नियमावली २०७४ को नियम १६१ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश सभा सचिवालय अन्तर्गत समितिको सचिवालय रहने छ। सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ। सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था छ। सचिव वा समिति सचिवले सभापतिको अनुमति लिई बैठकको विचाराधिन विषयमा आफ्नो राय दिन सक्नेछ। समितिको सचिवले समितिका कार्य सम्पादनमा सहयोग पुर्‍याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछन्। यस समिति सचिवालयमा कार्यरत कर्मचारीहरु देहाय बमोजिम रहेका छन्।

क्र.सं.	नाम थर	पद
१	श्री दिपक प्रसाद अधिकारी	समिति सचिव
२	श्री उमेश सोती	क. अधिकृत छैटौं
३	श्री पार्वती श्रेष्ठ	कार्यालय सहयोगी

प्रदेश सभा नियमावली, २०७४ को नियम १५१(२) बमोजिम समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु–व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने व्यवस्था अनुरुप **सार्वजनिक लेखा समिति कार्यसञ्चालन कार्यविधि, २०७५** को निर्माण गरी हाल कार्यान्वयनको अवस्थामा रहेको छ।

१.५ वार्षिक प्रतिवेदन लेखन उपसमिति

समितिको कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तथा तोकिएको कार्यजिम्मेवारी सहज ढङ्गले सम्पादन गर्न उपसमितिको गठन गर्न सकिने व्यवस्था अनुरुप मिति २०७९/०१/१५ को समितिको बैठकले चौथो वार्षिक प्रतिवेदन २०७९ तयारीको निम्ति माननीय रमेश पौड्यालको संयोजकत्वमा तपशिलको पाँच सदस्यीय वार्षिक प्रतिवेदन लेखन उपसमिति गठन भयो ।

१. संयोजकः माननीय रमेश पौड्याल
२. सदस्यः माननीय जीवन डंगोल
३. सदस्यः माननीय जुनेलीमाया श्रेष्ठ
४. सदस्यः माननीय रीता माझी
५. सदस्यः माननीय सीता अधिकारी

उक्त उपसमितिबाट पेश भएबमोजिमको प्रतिवेदनलाई समितिले स्वीकृत गरी आफ्नो कार्यसम्पादनको यो चौथो बार्षिक प्रतिवेदन, २०७९ सभा समक्ष पेश गरेको छ।

परिच्छेद-२

सार्वजनिक लेखा समितिका निर्णय तथा निर्देशनहरु

२.१ समितिको बैठक संख्या ५६ देखि ७१ सम्मका निर्णय तथा निर्देशनहरु

बैठक-५६

मितिः २०७८/०२/१५ गते

निर्णयः

१. वार्षिक प्रतिवेदन मस्यौदा उपसमितिले तयार गरी पेश गरेको सार्वजनिक लेखा समितिको तेस्रो बार्षिक प्रतिवेदन,२०७८लाई माननीय सदस्यहरुको आवश्यक सुझावसहित सर्वसम्मत पारित गर्दै माननीय सभामुखज्यूबाट अनुमति लिई मिति २०७८ जेठ १६ गते दिनको ३:०० बजे बस्ने प्रदेश सभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

बैठक-५७

मितिः २०७८/०२/३० गते

निर्णयः

१. सार्वजनिक लेखा समितिको कार्य क्षेत्र बमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदन,२०७७ मा उल्लेखित मन्त्रालय र निकायगत व्यहोरामाथि महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिको उपस्थितिमा सम्बन्धित् निकायका प्रतिनिधिसँग दफावार छलफल गरी मिति २०७८ साल साउन १५ गतेसम्म समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी प्रदेश सभा नियमावली,२०७४ को नियम १५१ को उपनियम ३(क) अनुसार देहायको कार्यक्षेत्रसहित (मन्त्रालय/सचिवालय/आयोग/कार्यालय) तपसिल बमजिम उसमितिहरु गठन गरियो।

तपसिलः

क्र.सं.	उपसमिति		मन्त्रालय/निकाय
१	१	मा. रमेश पौड्याल-संयोजक	१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय २. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ३. प्रदेश नीति तथा योजना आयोग
	२	मा. चन्द्र बहादुर लामा	
	३	मा. जीवन खड्का	
	४	मा. जीवन डंगोल	
२	१	मा. रमेश पौड्याल-संयोजक	१. आन्तरिक मामिला तथा कानून मन्त्रालय २. भौतिक पूर्वाधार विकास मन्त्रालय
	२	मा. चन्द्र बहादुर लामा	

क्र.सं.	उपसमिति		मन्त्रालय/निकाय
	३	मा. प्रेम बहादुर तामाङ्ग	
	४	मा. बेलीमैया घले	
	५	मा. सीता अधिकारी	
३	१	मा. प्रेम बहादुर तामाङ्ग	१. आर्थिक मामिला तथा योजना मन्त्रालय २. सामाजिक विकास मन्त्रालय
	२	मा. बेलीमैया घले	
	३	मा. सीता अधिकारी	
	४	मा. रत्न प्रसाद ढकाल-संयोजक	
४	१	मा. अरुण प्रसाद नेपाल	१. प्रदेश सभा सचिवालय २. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ३. मुख्य न्यायाधिवक्ताको कार्यालय
	२	मा. देवकी श्रेष्ठ	
	३	मा. प्रभात तामाङ्ग	
	४	मा. हिमाली गोले-संयोजक	
	५	मा. गणेश दुलाल	

२. समितिको मिति २०७८ साल बेशाख २६ गतेको निर्णयानुसार प्रदेश मन्त्रालय/सचिवालय/आयोग/कार्यालयहरुसँग माग भई प्राप्त विवरण उपर्युक्त कार्यक्षेत्र बमोजिम गठन भएको उपसमितिमा पठाउने र प्राप्त विवरण उपर छलफल गर्ने, आवश्यक स्थानको स्थलगत अनुगमन गरी निर्णय गर्ने जिम्मेवारी उपसमितिलाई दिने।

बैठक-५८

मितिः २०७८/०४/२४ गते

निर्णयः

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित व्यहोरा उपर छलफल गर्न गठित चार वटा उपसमितिहरुको कार्यप्रगतिको जानकारी लिने कार्य सम्पन्न भयो साथै उक्त उपसमितिहरुको म्याद मिति २०७८ साल भाद्र मसान्तसम्म थप गर्ने निर्णय गरियो।

बैठक-५९

मितिः २०७८/०६/०७ गते

निर्णयः

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित व्यहोरा उपर छलफल गर्न गठित चार वटा उपसमितिहरुको कार्यप्रगतिको समीक्षा सम्पन्न भयो साथै उक्त उपसमितिहरुको म्याद मिति २०७८ साल कार्तिक मसान्तसम्म थप गर्ने निर्णय गरियो।

२. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित व्यहोरा उपर छलफल गर्न माननीय रमेश पौड्यालको संयोजकत्वमा गठित उपसमितिमा कायम चार सदस्यमध्ये माननीय चन्द्र बहादुर लामा प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री र माननीय जीवन खड्का प्रदेश सरकारको भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा नियुक्त हुनु भएकोले उपसमितिमा बाँकी दुई सदस्य मात्र रहने हुँदा सार्वजनिक लेखा समिति कार्यसञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ को नियम ९(३) बमोजिम उपसमितिमा तीन देखि पाँच सदस्य तोकिने प्रावधान रहेकोले मा. हिमाली गोलेको संयोजकत्वमा गठित उपसमितिका सदस्य माननीय गणेश दुलालाई माननीय रमेश पौड्यालको उपसमितिमा पठाउने गरी उपसमितिका सदस्यको हेरफेर तथा थपघट गर्ने निर्णय गरियो।

बैठक-६०

मितिः २०७८/०७/२३ गते

निर्णयः

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित व्यहोरा उपर छलफल गर्न गठित चार वटा उपसमितिहरुको कार्यप्रगतिको अवस्थाबारे छलफल सम्पन्न भयो साथै उपसमितिहरुलाई आफ्नोकाम कारबाही छिटो छरितो सम्पन्न गरी समिति समक्ष प्रतिवेदन पेश गर्न निर्देशन गरियो।

२. सार्वजनिक लेखा समितिको कार्यक्रम प्रदेश सभा तथा समितिको बैठकलाई मध्यनजर गर्दै क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो।

बैठक-६१

मितिः २०७८/०९/०८ गते

निर्णयः

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित व्यहोरा उपर छलफल गर्न गठित चार वटा उपसमितिहरुको कार्यप्रगतिको अवस्थाबारे छलफल गरी जानकारी

लिइयो। साथै उपसमितिहरुलाई आफ्नो काम कारबाहीको प्रतिवेदन यही पुस मसान्तसम्म पेश गर्ने गरी म्याद थप गर्ने।

२. प्रदेश सभाको आर्थिक वर्ष २०७८/७९ को बार्षिक बजेट तथा विनियोजित कार्यक्रम अन्तर्गत विषयगत समितिको सभापतिको नेतृत्वमा अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम रहेकोले उक्त कार्यक्रम समितिका सभापतिको नेतृत्वमा कर्णाली प्रदेश एवं सुदूरपश्चिम प्रदेशमा यही माघ महिनाको दोस्रो हप्ताभित्र सम्पन्न गर्ने।

३. प्रदेश सभाको आर्थिक वर्ष २०७८/७९ को बार्षिक बजेट तथा विनियोजित कार्यक्रम अन्तर्गत विषयगत समितिका सदस्यहरुको कार्यक्षेत्र बमोजिम क्षमता अभिवृद्धि तालिम कार्यक्रम रहेकोले समितिका माननीय सदस्यहरुको लागि प्रदेश सरकारको सार्वजनिक लेखा, सार्वजनिक खरिद समितिको निर्णय तथा प्रतिवेदन लेखन सीप साथै सूचना प्रविधिको प्रयोग सम्बन्धी तालिम यही मिति २०७८ साल पुस १६ गते हेटौंडामा सञ्चालन गर्ने गर्ने। साथै सो सम्बन्धमा गर्नुपर्ने माननीय सभामुखज्यबाट कार्यक्रमको स्वीकृति, बजेट व्यवस्था, स्रोतव्यक्ती, सहभागीहरुलाई निमन्त्रणा, चिठीपत्र तथा सूचना लगायतका आवश्यक तयारी समिति सचिवालयले गर्ने।

४. प्रदेश सभाको आर्थिक वर्ष २०७८/७९ को बार्षिक बजेट तथा विनियोजित कार्यक्रम अन्तर्गत प्रदेश अन्तर्गतका स्थानीय तहमा सार्वजनिक लेखा समिति गठन र त्यसको प्रभावकारीता सम्बन्धी स्थानीय तहसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम रहेकोले उक्त कार्यमक्रमलाई स्थानीय तहहरुको समय र पहुँचलाई मध्यनजर गर्दै पहिलोचरणमा हेटौंडा, चितवन, काठमाण्डौं र धुलिखेलमा सञ्चालन गर्ने। साथै पहिलो चरणको कार्यक्रम यही मिति २०७८ साल पुस १७ गते हेटौंडा र पुस १८ गते चितवन र अन्य स्थानमा आवश्यक छलफल गरी मिति तय गरी तत्काल नै सञ्चालन गर्ने। साथै सो सम्बन्धमा गर्नु पर्ने माननीय सभामुखज्यूबाट कार्यक्रमको स्वीकृति, बजेट व्यवस्था, स्रोतव्यक्ति, सहभागीहरुलाई निमन्त्रणा, चिठीपत्र तथा सूचना लगायतका आवश्यक सम्पूर्ण तयारी समिति सचिवालयले गर्ने।

५. उपयुक्त निर्णय बमोजिमका कार्यक्रमहरुको माननीय सभामुखज्यूबाट स्वीकृत गर्ने।

बैठक-६२

मितिः २०७८/०९/२३ गते

निर्णयहरुः

१. यस समिति अन्तर्गत बेरुजू छलफल गर्न गठित उपसमितिले मिति २०७८/०६/१३ गते भक्तपुर अस्पतालको अनुगमन गर्ने क्रममा अस्पताल हाताभित्र साझा स्वास्थ्य सेवा, काठमाण्डौंले अबैधानिक रुपमा फार्मेसी सञ्चालन गरेको देखिएको र अस्पताल प्रशासनबाट

समेत गुनासो आएकोले सो सम्बन्धमा प्रदेश स्वास्थ्य मन्त्रालय (अस्पताल प्रशासनसहित) सँग छलफल हुँदा भक्तपुर अस्पताल र साझा स्वास्थ्य सेवा संस्थाबीच विभिन्न मितिमा सम्झौता भए बमोजिम नियमित रुपमा औषधी बिक्री कक्ष सञ्चालन गर्दै आएकोमा मिति २०७५/११/०७ मा एक वर्षको लागि पुनः सम्झौता भई मिति २०७६/११/०६ मा उक्त सम्झौताको समयावधि सकिएपश्चात् पनि सम्झौता नगरी निरन्तर सञ्चालन गरिरहेको, यस अघि भएको सम्झौता बमोजिम बुझाउनुपर्ने रकम नबुझाएको र लेखापरीक्षण प्रतिवेदनले औंल्याएको बेरुजू रकम रु.१५,५९,५४६/५५ अस्पतालको खातामा दाखिला गरेको देखिएन, संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वयम अस्पतालले समेत उक्त औषधी बिक्री कक्ष खाली गर्न निर्देशन गरेकोमा हालसम्म पनि खाली नगरी अटेर गरी बिना सम्झौता अबैधानिक रुपमा सरकारी हाताभित्र पसल सञ्चालन गरेकोले सम्बन्धित् संस्थाले सम्झौता बमोजिम तिर्नु पर्ने हालसम्मको रकम असुलउपर गरी एक महिनाभित्र उक्त औषधी बिक्री कक्ष हटाउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने।

बैठक-६३

मितिः २०७८/११/१५ गते दिनको ३:०० बजे

निर्णयहरुः

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित व्यहोरा उपर छलफल गर्न गठित चार वटा उपसमितिहरुले प्रतिवेदन उपर निर्णय गरी समिति समक्ष पेश गरेको प्रतिवेदन ग्रहण गरियो।

२. उपसमितिहरुले पेश गरेको प्रतिवेदन उपर समितिले गर्ने आगामी कारवाही सम्बन्धी कार्यतालिका समितिको बैठकमा तय गर्ने।

बैठक-६४

मितिः २०७८/११/१६ गते

निर्णयहरुः

१.उपसमितिहरुले पेश गरेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर समितिको आगामी पूर्ण बैठकमा दफावार छलफलको लागि पेश गर्ने।

बैठक -६५

मितिः २०७८/११/३० गते

निर्णयहरुः

१. उपसमितिले तयार गरी समिति समक्ष पेश गरेको महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७७ मा उल्लेखित बेरुजू उपरको प्रतिवेदनको छायाँकपि समितिका सबै माननीय सदस्यहरुमा अध्ययनका लागि उपलब्ध गराउने।

२. मिति २०७८ चैत्र ६ गते आईतबार १०:०० बजेदेखि र मिति २०७८ चैत्र ७ गते सोमबार बिहान ७:०० बजेदेखि मिति २०७८ चैत्र ९ गते सम्म उपसमितिले तयार गरेको प्रतिवेदन माथि दफावाररुपमा भर्च्युअल माध्यमबाट छलफल गर्ने ।

बैठक -६६

मितिः २०७८/१२/०६ गते बिहान १०:०० बजे

निर्णयहरुः

१. माननीय रमेश पौड्याल संयोजक रहनु भएको उपसमितिले तयार गरेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित बेरुजु उपर भएको निर्णय सम्बन्धी प्रतिवेदनको दफावार छलफलका क्रममा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको बेरुजुको दफा ११ को हकमा पुनः छलफल गर्ने।

२. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको बेरुजुको दफा १७ को हकमा महालेखा परीक्षकको कार्यालयसँग पुनः छलफल गर्ने।

३. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको बेरुजुको दफा १८ को हकमा एक बचत तथा ऋण सहकारी संस्था लिमिटेड जस्तो नाफा मुलक संस्थालाई पानी प्रशोधन उद्योग स्थापना गर्न सो सम्बन्धी मेशिन, उपकरण तथा कारखाना भवन निमार्ण समेतको लागि भुक्तानी गरेको रकम नियमसँगत नदेखिएको देखिँदा महालेखा परीक्षकको कार्यालयसँग पुनः छलफल गर्ने।

बैठक -६७

मितिः २०७८/१२/०७ गते

निर्णयहरुः

१. माननीय पुकार महर्जन संयोजक रहनु भएको उपसमितिले तयार गरेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित बेरुजु उपर भएको निर्णय सम्बन्धी प्रतिवेदनको दफावार छलफलका क्रममा भौतिक पूर्वाधार विकास मन्त्रालयको बेरुजुको दफा १४ को हकमा समितिमा पुनः छलफल गर्ने।

२. महालेखा परीक्षकको कार्यालयसँग पुनः छलफल गरी केही स्थानमा स्थलगत अनुगमन गर्ने।

बैठक -६८

मितिः २०७८/१२/०९ गते

निर्णयहरुः

१. माननीय पुकार महर्जन संयोजक रहनु भएको उपसमितिले तयार गरेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित बेरुजु उपर भएको निर्णय सम्बन्धी प्रतिवेदनको दफावार छलफलका क्रममा भौतिक पूर्वाधार विकास मन्त्रालयको बेरुजुको दफा ३२ को हकमा महालेखा परीक्षकको कार्यालयसँग पुनः छलफल गर्ने।

२. माननीय देवकी श्रेष्ठ संयोजक रहनु भएको उपसमितिले तयार गरेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित बेरुजु उपर भएको निर्णय सम्बन्धी प्रतिवेदनको दफावार छलफलका क्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयको बेरुजुको दफा ९ को हकमा महालेखा परीक्षकको कार्यालयसँग पुनः छलफल गर्ने।

३. माननीय देवकी श्रेष्ठ संयोजक रहनु भएको उपसमितिले तयार गरेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित बेरुजु उपर भएको निर्णय सम्बन्धी प्रतिवेदनको दफावार छलफलका क्रममा सामाजिक विकास मन्त्रालयको बेरुजुको दफा १९.२ को हकमा समितिकोको पूर्ण बैठकमा पुनः छलफल गर्ने।

बैठक -६९

मितिः २०७८/१२/१० गते

निर्णयहरुः

१. माननीय हिमाली गोले संयोजक रहनु भएको उपसमितिले तयार गरेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित बेरुजु उपर भएको निर्णय सम्बन्धी प्रतिवेदनको दफावार छलफलका क्रममा प्रदेश सभा सचिवालयको बेरुजुको दफा ४ को हकमा महालेखा परीक्षकको कार्यालयसँग पुनः छलफल गर्ने।

२. माननीय हिमाली गोले संयोजक रहनु भएको उपसमितिले तयार गरेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा उल्लेखित बेरुजु उपर भएको निर्णय सम्बन्धी प्रतिवेदनको दफावार छलफलका क्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बेरुजुको दफा ८.४ को हकमा महालेखा परीक्षकको कार्यालयसँग पुनः छलफल गर्ने।

बैठक -७०

मितिः २०७८/१२/२९ गते

निर्णयहरुः

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ मा उल्लेखित बेरुजुहरुउपर उपसमितिहरुबाट प्राप्त प्रतिवेदन र विज्ञहरुसँगको समेत छलफलका आधारमा तय गरिएका दफाहरुउपर सम्बन्धित मन्त्रालय / कार्यालयको प्रतिक्रिया र प्रमाणहरु प्राप्त गर्नको निमित्त पत्राचार गर्ने।

२. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ उपरको उपसमितिहरुबाट प्राप्त प्रतिवेदन तथा मूल समितिमा भएका छलफल र निर्णयका आधारमा एकीकृत प्रतिवेदन विज्ञसमेतको सहयोगमा तयार गर्ने ।

३. समितिको वार्षिक प्रतिवेदन तयारीका लागि आवश्यक गृहकार्य गर्ने ।

बैठक -७१

मितिः २०७९/०१/१५ गते

निर्णयहरुः

१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ मा उल्लेखित बेरुजुहरु उपर उपसमितिहरु बाट प्राप्त प्रतिवेदन र विज्ञहरु सँगको समेत छलफलका आधारमा तय गरिएका दफाहरु उपर सम्बन्धित मन्त्रालय/कार्यालयको प्रतिक्रिया र प्रमाणहरु प्राप्त गर्नको निमित्त पुनः पत्राचार गर्ने।

२. समितिको वार्षिक प्रतिवेदन २०७९ निर्माणका लागि माननीय रमेश पौड्यालको संयोजकत्वमा तपशिलका माननीयहरु सदस्य रहने गरी वार्षिक प्रतिवेदन २०७९ मस्यौदा उपसमिति गठन गर्ने।

संयोजकः माननीय रमेश पौड्याल
सदस्यः माननीय जीवन डंगोल
सदस्यः माननीय जुनेलीमाया श्रेष्ठ
सदस्यः माननीय रीता माझी
सदस्यः माननीय सीता अधिकारी

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।०९।१९ को माननीय मन्त्रीस्तरको निर्णयले उपभोक्ता समितिबाट योजना कार्यान्वय गराउँदा लागत सहभागिता आवश्यक नपर्ने भनी गरेको प्रचलित कानून विपरित व्यवस्थाका कारण राज्य लाई रु २ करोड ८४ लाख पच्चिस हजार भन्दा बढी व्ययभार पर्न गई राज्यलाई क्षति भएको र यस्ता निर्णयहरुले गलत प्रवृत्तिको विकास गराई आर्थिक अनुशासनहीनतालाई प्रश्रय दिने भएकाले आगामी दिनमा स्थीर नीतिको व्यवस्था गरी यस प्रकारका निर्णय नगर्न र कसैबाट अभ्यास भएमा तत्काल निषेध गर्न सरकारलाई निर्देशन दिने ।

परिच्छेद-३

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा भएका कामकारबाहीको विवरण

३.१ प्रदेश नीति तथा योजना आयोग

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तरप्रदेश विकास योजनाको समन्वय लगायतका विषय कार्यान्वयन र नियमन गर्ने आयोगको जिम्मेवारी रहेको छ। उक्त जिम्मेवारीको सूची बनाई कार्यान्वयन समय तालिका तयार गरिनु पर्नेमा आयोगले सो बमोजिम गरेको पाइएन। कार्यान्वयन तालिका तयार गरी कार्य जिम्मेवारीलाई कार्यान्वयन गर्नुपर्दछ।	प्रदेश स्थापनाको तीन वर्ष पूरा भईसक्दा आवधिक योजनाको निर्माण र अन्तरप्रदेश विकास योजनाको समन्वय सम्बन्धमा प्रारम्भिक छलफल बाहेक आयोगको प्रमुख जिम्मेवारीमा रहेको प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन लगायतका कार्य कार्यान्वयन हुन नसकेकोले उक्त जिम्मेवारी तत्काल कार्यान्वयन गर्न गराउन निर्देशन दिने।
२	२	प्रदेशमा दीगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दीगो विकास लक्ष्यका रणनीतिहरुमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरुलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने र अनुगमन, मूल्याङ्कन गर्ने, अनुभवहरुबाट सिक्ने, स्थानीयतहका विकासका क्रियाकलापहरुको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने, योजना र नीतिहरु तथा कार्यक्रममा दीगो विकासका सूचकहरुलाई समाहित गराई	प्रदेशमा दीगो विकास लक्ष्य प्राप्तिका लागि विस्तृत खाका सहितको प्रतिवेदन तयारी, दीगो विकास लक्ष्यसँग ताम्यता मिल्ने गरी रणनीति तथा योजना तर्जुमा, संघीय सरकार, राष्ट्रिय योजना आयोग एवं अन्तर प्रदेश समन्वय, सहकार्य तथा अनुभव आदानप्रदान, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कनलाई नियमित गर्ने, लक्ष्य प्राप्तिको सूचकको मापन लगायतका कार्यलाई शिघ्र रुपमा कार्यान्वयन गर्न गराउन निर्देशन दिने। साथै त्यस्तो

		सोको आधारमा संचालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य प्रदेश नीति आयोगबाट शूरु भएको छैन। संघीय सरकार एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दीगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरुलाई आन्तरिकीकरण गर्नु पर्दछ।	नतिजाको आवधिक रुपमा प्रतिवेदन तयार गरीप्रदेश सभालाई जानकारी गराउन समेत निर्देशन दिने।
३	३	सार्वजनिक खरिद ऐन, २०६३ को ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ। आयोगले प्रतिस्पर्धात्मक खरिद विधि र प्रक्रिया पूरा नगरी यो वर्ष रु.८७ लाख ३६ हजारको फर्निचर तथा कार्यालय सामग्री सोझै खरिद गरेको नियम सम्मत देखिएन। खरिद कार्य व्यवस्थित, कानूनसम्मत्, मितव्ययी र प्रतिस्पर्धी बनाउनु पर्दछ।	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (घ३) बमोजिम विशेष परिस्थितिमा खरिद गर्नु परेमा सोझै खरिद गर्न सक्ने व्यवस्था रहेकोमा खरिद प्रक्रियामा अबलम्बन गरिएको ऐनको दफा २(ढ) बमोजिम विशेष परिस्थितिको व्याख्या औचित्यपूर्ण देखिएन। खरिद गुरुयोजना एवं लागत अनुमान बनाई प्रतिस्पर्धा मार्फत् खरिद गर्नु पर्नेमा आयोगले टुक्रा पारी खरिद गरेकोले खरिद कार्यमा संलग्न पदाधिकारीलाई सचेत गराई अबका दिनमा सोझै खरिद नगर्न नगराउन निर्देशन दिने।
बेरुजू स्थिति		मन्त्रालय एवं मातहत निकायको नाममा रहेको लगती बेरुजूको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।	

३.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	प्रदेश सरकारले करिब ९९ किसिमको कानून निर्माण गर्नुपर्ने देखिएकोमा ३६ विधेयक प्रदेश सभाबाट पारित भएको छ। त्यस्तै २ नियमावली र ८ कार्यविधि तयार भई कार्यान्वयनमा रहेको छ। पहिचान भएका कानून निर्माण गरी कार्यसम्पादन गर्नुपर्दछ।	प्रतिवेदनले ९९ कानून उल्लेख गरेकोमा प्रदेश सरकारले ८२ वटा नयाँ कानूनको पहिचान गरेको र उक्त कानूनहरुमध्ये अर्थ विधेयक एवं संशोधन विधेयक बाहेक ४२ वटा नयाँ कानून निर्माण गरेको देखिन्छ। पहिचान भएका सम्पूर्ण कानून शिघ्र निर्माण गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन निर्देशन दिने।
२	२	प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २० बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारबाट प्राप्त अनुदान वैदेशिक अनुदान तथा ऋणको अनुमानको प्राप्ति तथा परिचालनको यथार्थ विवरण र प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका सार्वजनिक स्रोतको प्राप्ति परिचालन कार्यक्रमकहरुको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणको आधारमा मूल्याङ्कन गर्नुपर्नेमा गरेको देखिएन। बजेट तथा कार्यक्रमको मूल्याङ्कन गरी विवरण सार्वजनिक गर्नुपर्दछ।	सुझाव बमोजिम प्रभावकारी कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन गरी नियमित प्रतिवेदन प्रकाशन गर्न निर्देशन दिने।
३	३	प्रेदश सरकारको कार्यविभाजन नियमावली २०७४ अनुसार प्रदेशस्तरका कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र प्रदेशका	कर्मचारी अभावका कारण प्रदेश मन्त्रालय र मातहतका निकायहरु एवं जिल्ला कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु

		सबै जिल्लामा रहने सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ। सो कार्य गरेको छैन। सबै जिल्लामा प्रदेशको विकास निर्माण सेवाप्रवाहका गतिविधिलाई प्रभावकारी बनाई समन्वयात्मक रुपले कार्यसम्पादन गर्न संगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।	सुस्त देखिएको साथै एकिकृत सेवा केन्द्रको स्थापना समेत अबरुद्ध हुँदा प्रदेश सरकारको कार्यसम्पादनमा प्रभावकारीता आउन नसकेकोले प्रतिवेदनले दिएको सुझावको गम्भिरतालाई ध्यान दिई कर्माचारी पदपूर्ति प्रक्रियालाई अगाडी बढाउन निर्देशन दिने।
४	४	सार्वजनिक खरिद ऐन २०६३ अनुसार कार्यालयले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज बनाई एकमुष्ट रुपमा खरिद कार्य गर्नुपर्नेमा कार्यक्रमगत छुट्टाछुट्टै रुपमा ६ पटक सेन्ट्रिपोष्ट आवास लगायतका मर्मत कार्यमा रु ३८ लाख ८३ हजार ६ मोटरसाइकल खरिदमा रु १४ लाख ११ हजार र फर्निचर तथा उपकरण खरिदमा रु ४५ लाख ३७ हजारसमेत रु ९८ लाख ३१ हजारको सोझै खरिद गरेको नियमसम्मत देखिएन। खरिद कार्य कानूनसम्मत बनाउनु पर्दछ।	आर्थिक वर्षको सुरुवातमा नै आवश्यकताको पहिचान गरी खरिद गुरुयोजना एवं लागत अनुमान बनाई प्रतिस्पर्धा मार्फत् खरिद तथा निर्माण कार्य गर्नुपर्नेमा मन्त्रालयले टुक्रा पारी पटक पटक खरिद एवं निर्माण कार्य गरेकोले खरिद कार्यमा संलग्न पदाधिकारीलाई सचेत गराई अबका दिनमा सोझै खरिद नगर्न नगराउन निर्देशन दिने।
५	५	स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता योजना व्यवस्थापनमा रणनीतिक साझेदारी साझा अधिकारक्षेत्रको प्रयोग प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिष्द रहने र परिषदको बैठक बर्षको कम्तिमा एक पटक	• स्थानीय तहले बनाउने कानूनमा प्रदेशसँग सामञ्जस्यता कायम गर्न आवश्यक समन्वय गर्ने, प्रदेश र स्थानीय तहको योजना व्यवस्थापनमा समन्वय गर्ने गराउने, प्रदेश र स्थानीय तहबीच समन्वयको कमी देखिँदा प्राकृतिक स्रोत र साधनको उपयोग र राजस्व बाँडफाँड प्रक्रियामा हालसम्म पनि व्यवस्थित् हुन नसकेकोले द्धिपक्षीय समन्वय, नीतिगत एवं संरचनागत सुधार साथै

		बस्ने व्यवस्था रहेको छ। हेटौंडामा २०७६/०२/२९ र ३० मा सम्पन्न परिषदको बैठकमा प्रदेश र स्थानीय तहबीचको नीतिगत सामञ्जस्यता योजना व्यवस्थापन साझा अधिकार जस्ता मूलभूत विषयमा नीतिगत रुपमा समन्वय गर्ने निर्णय गरेको भएतापनि समन्वय हुन नसकेको राजनैतिक वित्तीय र प्रशासनिक अन्तरसम्बन्धका सम्बन्धमा निर्णय नभएको स्थिति छ। प्राकृतिक स्रोत र साधनको उपयोग एवं बाँडफाँड तथा सो को स्रोत संकलनमा प्रभावकारीता नआएको जस्ता व्यहोरा स्थानीय तहहरुमा देखिएका छन्। परिषदको बैठकमा समस्या पहिचान गर्ने सोको अभिलेख अद्यावधिक गर्ने र भएका निर्णय कार्यान्वयनका गर्ने गराउने व्यवस्था हुनु पर्दछ।	संघीय सरकारसँग समेत आवश्यक समन्वय गरी उक्त कार्यलाई व्यवस्थित गर्न निर्देशन दिने। • स्थानीय तहमा प्राकृतिक स्रोत र साधनको उपयोगबाट लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेकोले राजस्व संकलन कार्यमा प्रभावकारीता ल्याउन विशेष पहलकदमी लिन निर्देशन दिने। • प्रदेश समन्वय परिषद्को बैठकले गरेका निर्णयहरुको कार्यान्वयनलाई शीघ्रता दिने, नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी समय समयमा प्रतिवेदन प्रकाशन गर्न निर्देशन दिने।
बेरुजू स्थिति		मन्त्रालय एवं मातहत निकायको नाममा रहेको लगती बेरुजूको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।	

३.३ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	मन्त्रालयले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश गौरवका आयोजनाको सम्भाव्यता अध्ययन, परियोजना बैंक निर्माण, पर्यटन सर्किट लगायतको पर्यटकीय सम्भावनाको खोज, प्यारागलाईडिङ्ग, बञ्जी जम्पिङ्ग, हट एयर बेलुनिङ्ग जस्ता साहसिक पर्यटन प्रवर्द्धन गरी आयआर्जन र राजस्व वृद्धिको माध्यमको रुपमा विकास गर्न आवश्यक कार्य	• प्रदेशभित्रका औद्योगिक क्षेत्रको सञ्चालन तथा नियमन, साहसिक पर्यटन, थ्री स्टार होटल, बुटिक होटल, रिसोर्ट दर्ता तथा सञ्चालन कार्यप्रदेशको अधिकार क्षेत्रभित्र रहेकोमा हालसम्म पनि प्रदेश मातहत सञ्चालन हुन नसकेकोले संघीय सरकारसँग आवश्यक समन्वय गरी तत्काल कार्यान्वयन गर्न निर्देशन दिने।

		गरेको देखिएन। प्रदेश वन, औद्योगिक, व्यापार व्यवसाय, पर्यटन, वातावरण र विज्ञान प्रविधि सम्बन्धी नीति निर्माण, सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण, हानिकारक पदार्थको प्रयोगमा नियमन तथा व्यवस्थापन लगायतका कार्य गर्न बाँकी रहेको देखिन्छ।	• विज्ञान तथा प्रविधि सम्बन्धी कार्य, खानी अन्वेषण तथा उत्खनन् सम्बन्धी कार्य हालसम्म पनि सुरुवात नभएकोले उक्त कार्य तत्काल अगाडी बढाउन निर्देशन दिने। • सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण, हानिकारक पदार्थको प्रयोगमा नियमन गर्ने कार्यप्रभावकारी हुन नसकेकोले थप कडाई गर्न निर्देशन दिने। • प्रदेशस्तरमा वन/वन्यजन्तु संरक्षण क्षेत्रको पहिचान तथा संरक्षण, विपद जोखिम न्यूनीकरण, जैविक विविधताको संरक्षण, रोजगारी सिर्जना लगायतका सूचकहरुलाई दिगो विकास लक्ष्यसँग आन्तरिकीकरण प्रादेशिक नीति तर्जुमा गरी योजना तथा कार्यक्रम कार्यान्वयलाई शीघ्र रुपमा अगाडी बढाउन निर्देशन दिने।
२	२	प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य बर्गीकरणमा मूलतः ऐन, नियम, नीति, मापदण्ड, कार्यविधि, निर्देशिका, निर्णय, परिपत्र र अन्तर्गत निकायमा परेको समस्याको सहजीकरण, वैकल्पिक मार्ग पहिचान, प्रक्रियागत सरलीकरण, जनशक्ति व्यवस्थापन लगायतका कार्यमा केन्द्रित हुने व्यवस्था छ। यस बर्ष भू तथा जलाधार संरक्षण उपभोक्ता समितिसँग खहरे नियन्त्रण ११, खहरे गल्छी पहिरो ११, सिचाँई कूलो मर्मत १० लगायतका ३४ कार्यक्रममा रु.३६ लाख ११ हजार बजेट विनियोजन	मन्त्रालयको काम योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने नभई ऐन, कानून, नीति, नियम, कार्यविधि एवं मापदण्ड निर्माण, समस्याको पहिचान, समन्वय एवं सहजीकरण, मातहतका निकायले गरेको कामको अनुगमन तथा मूल्याङ्कन गर्ने भएकोले सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयन, नियमन तथा व्यवस्थापन गर्न गराउन केन्द्रित हुन निर्देशन दिने।

		गरी मन्त्रालयबाट रु.५० लाख १७ हजार भूक्तानी भएको देखियो। मातहतका कार्यालयबाट सम्पादन हुने ती कार्यक्रम मन्त्रालय स्वयमले सञ्चालन गर्नु उपयुक्त देखिएन।	
३	३	वातावरण संरक्षण आयोजना अन्तर्गत प्लाष्टिकमुक्त प्रदेश अभियानको लागि रु.१ करोड विजियोजन भएकोमा २०७५/१२/२५ को मन्त्रिस्तरीय निर्णयबाट १८ कार्यक्रम निर्धारण गरी पूरै रकम खर्च गरेको छ। कार्यक्रममा प्लाष्टिक मुक्त अभियानको कार्ययोजना निर्माण र प्लाष्टिकबाट डिजल निकाल्ने प्लान्ट स्थापना गर्ने विषयको अध्ययन गर्ने लक्ष्य रहेको थियो। प्लाष्टिक प्रशोधन उद्योगहरु पूर्णरुपमा सञ्चालनमा आउन नसकेको सरोकारवालाहरुको भनाई रहेको छ। बागमती प्रदेशका स्थानीय तहहरुलाई प्लाष्टिक व्यवस्थापनको नमूनाको रुपमा विकास गर्ने, प्लाष्टिक व्यवस्थापन सम्बन्धी प्रचार प्रसार सामग्री उत्पादन प्रशारण, फोहोरबाट प्लाष्टिकजन्य बस्तु र अन्य फोहोर छुट्याउने विधि सिकाउने जानकारीमूलक पुस्तिका पोष्टर, स्टीकर होर्डिङ्ग बोर्ड, तालिम लगायतमा उक्त रकम खर्च गरेको देखिन्छ। मन्त्रालयले सञ्चालित कार्यक्रमको प्रगति विवरण तयार गरेको छैन। उपलब्धि सहितको प्रगति विवरण तयार गरी मूल्याङ्कन गर्नुपर्दछ।	मन्त्रालयले प्लाष्टिकजन्य पदार्थ नियन्त्रणको लागि प्लाष्टिकबाट डिजल निकाल्ने प्लान्ट स्थापना गर्ने, प्लाष्टिक प्रशोधन उद्योगको स्थापना तथा सञ्चालन गर्ने लक्ष्य लिएकोमा हालसम्म पनि कार्यान्वयन नभएकोले उक्त कार्य तत्काल अगाडी बढाउन, संघीय सरकार एवं स्थानीय तहसँग आवश्यक समन्वय गरी प्लाष्टिक एवं प्लाष्टिकजन्य वस्तुको नियमन तथा व्यवस्थापनको लागिस्पष्ट नीति तथा विस्तृत योजना बनाई कार्यक्रम कार्यान्वयन गरी वातावरण अनुकलन कार्यको समय समयमा अनुगमन तथा मूल्याङ्कन समेत गरी प्रगति प्रतिवेदन सार्वजनिक गर्न गराउन निर्देशन दिने।
४	४	नमूना विज्ञान प्रयोगशाला प्रबर्द्धन तथा स्थापना अनुदान सहयोग कार्यक्रम अन्तर्गत फर्निचर, मेशिनरी औजार शीर्षकमा	विज्ञान प्रयोगशाला निर्माण सम्बन्धमा आवश्यक मापदण्डको निर्माण नगरी, सम्बन्धित् क्षेत्रसँग समन्वय एवं सहयोग समेत

		सिन्धुली, नुवाकोट, चितवन, रसुवा र सिन्धुपाल्चोक जिल्लाका एक-एक विधालयलाई रु.२० लाखको दरले रु.१ करोड खर्च लेखेको छ।कार्यक्रमको २ टोलीबाट अनुगमन गरी प्रतिवेदन पेश गरेको उल्लेख गरेता पनि नमूना विज्ञान प्रयोगशालाका लागि आवश्यक सामग्री मापदण्ड निर्धारण नगरेको र दोहोरोपना नहुने गरी समन्वय भएको देखिएन।मन्त्रालयले प्रयोगशालाका लागि आवश्यक मापदण्ड निर्धारण गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।	नलिई, अनुदान प्राप्त गर्ने निकायसँग विज्ञान प्रविधिको क्षेत्रमा काम गर्नसक्ने क्षमता भए नभएको मूल्याङ्कन नगरी उल्लेखित जिल्लाका विद्यालयलाई सोझै रकम विनियोजन गर्दा अनुदान वितरणमुखी,अपारदर्शी र उपलब्धी विहीन हुनुको साथै अनुगमन तथा मूल्याङ्कन नहुँदा के कति प्रगति भएको छ सोको जानकारी समेत नभएकोले मन्त्रालयले यस्तो क्षेत्रमा अनुदान वितरण गर्ने नभई विज्ञान तथा प्रविधि नीति तर्जुमा गर्ने, सम्बन्धित् निकायलाई विशेषज्ञ सेवा प्रदान गर्ने,समन्वय गर्ने एवं नियमित अनुगमन तथा मूल्याङ्कन गरी कार्यप्रगति प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिने।
५	५	प्रदेश मन्त्रिपरिषद्बाट २०७४/१२/२९ मा स्वीकृत सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ अनुसार महाशाखा प्रमुख र कार्यालय प्रमुखको लागि बढीमा रु.३० लाख रुपैयाँसम्मको सवारीसाधन उपलब्ध गराउने उल्लेख भएकोमा यो वर्ष मन्त्रालयले पिक अप प्रतिगोटा रु.३५ लाख ४५ हजारले ५ वटा खरिद गरी रु.१ करोड ७७ लाख २३ हजार खर्च लेखेको छ।खरिद भएका ५ थानमध्ये २ सवारी साधन निर्देशनालयलाई हस्तान्तरण गरेकोमा मापदण्डभन्दा रु.३० लाख ९० हजार बढी खर्च गरेको छ।त्यस्तै पर्यटन पूर्वाधार आयोजनाले रु.४४ लाख ९५ हजारको १ सवारी साधन खरिद गरेकोमा मापदण्डभन्दा रु.१४ लाख ९५ हजार बढी खर्च गरेको छ।सवारी साधन खरिदमा प्रदेश आफैले	मन्त्रालयले पिक अप प्रतिगोटा रु.३५ लाख ४५ हजारको दरले रु.१ करोड ७७ लाख २३ हजारमा खरिद गरेका ५थान सवारी साधनमध्ये २थान सवारी साधन निर्देशनालयलाई हस्तान्तरण गरी मापदण्डभन्दा बढी खर्च गरेको रु.३० लाख ९० हजार र पर्यटन पूर्वाधार आयोजनाले रु.४४ लाख ९५ हजारको १थान सवारी साधन खरिद गरेकोमा मापदण्डभन्दा बढी खर्च गरेको रु.१४ लाख ९५ हजार नियमित गरी सोको प्रमाणित कागजात समितिलाई पेश गर्न निर्देशन दिने।साथै अब आइन्दा स्वीकृत मापदण्डको पालना गरेर बोलपत्रको माध्यमबाट मात्र सवारी साधन खरिद गर्न निर्देशन दिने।

		तयार गरेको मापदण्डको पालना गरेको छैन। मापदण्डको पालना गर्नुपर्दछ।	
६	६	लेखा व्यवस्था र प्रतिवेदन प्रणालीलाई व्यवस्थित् बनाउन तोकिएको सफ्टवेयर प्रणाली जडान गरिनुपर्दछ। मन्त्रालयले कार्य सञ्चालन स्तर र केन्द्रिय स्तरको लेखा सफ्टवेयर डिजाइनिङ्ग र इन्टलेशनमा रु.४ लाख ५२ हजार खर्च लेखेको छ। महालेखा नियन्त्रक कार्यालयले विकास गरेको सफ्टवेयर जडान गरी सुरक्षा, एकरुपता, विश्वसनीयता कायम गर्नेतर्फ ध्यान नदिई मन्त्रालयले छुट्टै सफ्टवेयर निर्माण गरेकोमा उपयोगमा नल्याएकोले खर्चको प्रभावकारीता देखिएन।	लेखा प्रणालीलाई व्यवस्थित् गर्न मन्त्रालयले तयार गरेको सफ्टवेयर उपयोग नगरी राख्दा सोको निर्माण खर्चको प्रभावकारीता नहुने साथै लेखा प्रणालीमा प्रयोग गरिने सफ्टवेयर आन्तरिक नियन्त्रण प्रणालीको औजार समेत भएको हुनाले तत्काल उक्त सफ्टवेयर प्रयोगमा ल्याउन निर्देशन दिने।
७	७	सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.५ लाख रुपैयासम्मको दरभाउपत्रबाट सोझै र रु.२० लाखसम्मको परामर्श सेवा आर्थिक तथा प्राविधिक प्रस्ताव लिई खरिद गर्न सकिने व्यवस्था रहेको छ। मन्त्रालयले यो वर्ष कागज उद्योग स्थापना, जुस उद्योग, काष्ठकला/हस्तकला उद्यम जस्ता विभिन्न क्षेत्रको अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरेको उल्लेख गरी २४ परामर्शदातालाई रु.२ करोड १	• समयमा नै आवश्यकताको पहिचान गरी कुन कुन वस्तु तथा सेवा खरिद गर्नु पर्ने हो सोको वार्षिक खरिद योजना तयार गरी एकमुष्ठ रुपमा प्रतिस्पर्धा मार्फत् खरिद कार्य गर्न गराउन निर्देशन दिने। • सम्झौता अनुसार इन्सेप्सन र ड्राफ्ट रिपार्ट नभई अन्तिम प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदनको अध्ययन तथा छलफल समेत नगरी सोझै भूक्तानी दिएको देखिएकोले उक्त कार्यमा संलग्न पदाधिकारीलाई कारबाही गर्न निर्देशन दिने। • परामर्शदाताबाट अध्ययन गरेर योजनाहरुलाई कार्यान्वयनमा नलैजाने गर्दा खर्चको प्रभावकारीता नहुने

		लाख २० हजार भूक्तानी दिएको छ।यस सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार छनः ७.१ मन्त्रालयले वार्षिक खरिद योजना तथा प्याकेज बनाई एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा पटक पटक खरिद गरेकोले खरिद कार्य व्यवस्थित्, कानूनसम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन। ७.२ सम्झौता अनसार इन्सेप्सन, ड्राफ्ट र फाइनल रिपोर्ट पेश गर्नुपर्नेमा अधिकांश फर्महरुले इन्सेप्सन र ड्राप्ट रिपोर्ट पेश गरेको देखिएन।एकै पटक अन्तिम प्रतिवेदन पेश गरी भूक्तानी माग गरेको छ।प्राप्त प्रतिवेदन अध्ययन गरी टर्म अफ रिफरेन्समा उल्लेख भएका विषय समावेश गरी गुणस्तरयुक्त भएको एकीन गर्न प्रतिवेदन प्रस्तुतीकरण तथा छलफल गर्ने र त्रुटी सच्याउने कार्य गरेको प्रमाण पेश गरेको छैन। ७३. परामर्शदाताबाट अध्ययन गराउने तर अध्ययन गरिएको योजनालाई तत्काल कार्यान्वयनमा नलैजाने र संस्थागत स्मरणको लागि व्यवस्थित् अभिलेख नराख्ने जस्ता कारणले यस्तो खर्च प्रतिफलमुखी हुने अवस्था छैन। ७.४ निति, योजना, कार्यक्रम तर्जुमा, अनुगमन, मूल्याङ्कन, कार्यक्रमहरुको समन्वय र पृष्ठपोषण कार्यमा संलग्न हुनुपर्नेमा मन्त्रालय परामर्श सेवा खरिद जस्ता कार्य सञ्चालनमा	साथै रकमको दुरुपयोग हुने भएकोले गुरुयोजना तयार गरेको योजना तत्काल कार्यान्वयनमा लैजाने साथै उक्त योजनाहरुको व्यवस्थित् अभिलेख राख्न निर्देशन दिने। • केन्द्रिय निकायको रुपमा रहेको मन्त्रालयले योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने नभई ऐन/कानूनको निर्माण एवं नीति तथा कार्यक्रम तय गर्ने, समस्याको पहिचान, समन्वय एवं सहजीकरण गर्ने र मातहतका निकायले गरेको कामको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेमा मन्त्रालय स्वयम् परामर्श सेवा खरिद जस्ता स-साना कार्यमा व्यस्त भएको देखिएकोले अब आइन्दा मन्त्रालय स्वयम्ले यस्ता कार्य नगर्न निर्देशन दिने।

		सहभागी हुनु उपयुक्त देखिएन।	
पर्यटन विकास आयोजना			
८	८	आयोजनाले सञ्चालन गर्नुपर्ने १९८ मध्ये पदमार्ग सञ्चालन, स्तरोन्नती तथा निर्माण, ऐतिहासिक तथा पूरातात्विक विकास कार्यक्रम, पर्यटन विकास लगायतका ६५ वटा कार्यक्रम कार्यान्वयन भएका छैनन्। सम्भाव्यता अध्ययन भएका १७, विभिन्न स्थानहरुमा पर्यटकीय पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको ४०, सम्भावित पर्यटकीय स्थलहरुको विकासको लागि ४ गुरुयोजना निर्माण गरेको भएता पनि कार्यान्वयनमा ल्याएको देखिएन। स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।	प्रदेशको पर्यटन विकासका लागि छुट्टै निकाय गठन भई १९८ कार्यक्रम स्वीकृत भएकोमा ७५ प्रतिशत भन्दा बढी कार्यक्रम कार्यान्वयन नहुनु सम्बन्धित् निकायको उदासिनता एवं कर्मचारीको कार्यक्षमता कमजोर रहेको देखिन्छ। सम्भाव्यता अध्ययन, डी.पि.आर. र गुरुयोजना निर्माण भएको आयोजना समेत कार्यान्वयन नहुनुमा सम्बन्धित् विभागीय निकाय (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय) को बेवास्ता साथै कार्यप्रगतिको नियमित अनुगमन तथा मूल्याङ्कन समेत भएको देखिएन तसर्थ सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका सबै कार्यक्रम समयमा नै कार्यान्वयन गर्न गराउन र सोको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी नियमित रुपमा प्रगति विवरण सार्वजनिक गर्न निर्देशन दिने।
९	९	सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र नियमावलीको नियम ८५ मा रु.५ लाख रुपैंयासम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था छ। पर्यटन विकास आयोजनाले यो बर्ष रु.२ करोड १५ लाख १४ हजारको लागत अनुमान तयार गरी विभिन्न ४८ फर्मबाट	• कार्यालयले आर्थिक वर्षभित्र खरिद गर्नुपर्ने आवश्यक वस्तु तथा सेवाको समयमा नै पहिचान गर्ने र सोको वार्षिक खरिद योजना तयार गरी एकमुष्ठ रुपमा प्रतिस्पर्धा मार्फत् खरिद कार्य गर्न गराउन निर्देशन दिने। • सम्झौता अनुसार समयमा इन्सेप्सन र ड्राफ्ट रिपार्ट पेश नगरी अन्तिम प्रतिवेदन पेश गरेको आधारमा उक्त प्रतिवेदनको अध्ययन तथा छलफल समेत नगरी सोझै

		सोझै परामर्श सेवा खरिद गरी रु.२ करोड ११ लाख १६ हजार खर्च गरेको छ। यस सम्बन्धी व्यहोरा निम्न छनः ९.१ आयोजनाले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज बनाई एकमुष्ठ रुपमा खरिद गर्नुपर्नेमा पटक पटक खरिद गरेको छ। खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी बनाउनु पर्दछ। ९.२ सम्झौता अनसार इन्सेप्सन, ड्राफ्ट र फाइनल रिपोर्ट पेश गर्नुपर्नेमा अधिकांश फर्महरुले इन्सेप्सन र ड्राप्ट रिपोर्ट पेश नगरी अन्तिम प्रतिवेदन पेश गरेर भूक्तानी माग गरेको देखिन्छ। टर्म अफ रिफरेन्स अनुसार प्रतिवेदनको प्रस्तुतीकरण तथा छलफल गरी त्रुटी सच्याउने कार्य भएको देखिएन। ९.३ परामर्शदाताबाट अध्ययन गराउने तर अध्ययन गरिएको योजनालाई तत्काल कार्यान्वयनमा नलैजाने र संस्थागत स्मरणको लागि व्यवस्थित् अभिलेख नराख्ने जस्ता कारणले यस्तो खर्च प्रतिफलमुखी हुने अवस्था छैन। ९.४ आयोजना सञ्चालन गरिने समय, बजेट, कार्यक्रम, कार्यनीति तयार नगरी कार्यान्वयनको सुनिश्चितता वेगर यो वर्ष पूँजीगत अनुसन्धानमा लेखेको खर्चको उपलब्धी अनिश्चित छ। स्रोतको सुनिश्चितता र विस्तृत परियोजना प्रतिवेदनमा भएको खर्चको आवश्यकता र प्रतिवद्ध कार्यक्रमको रणनीति तयार गरी गरिएको खर्चलाई उपलब्धिमूलक बनाउन सोको	भूक्तानी दिएको देखिएकोले उक्त कार्यमा संलग्न पदाधिकारीलाई कारबाही गर्न निर्देशन दिने। • परामर्शदाताबाट अध्ययन गरेर योजनाहरुलाई कार्यान्वयनमा नलैजाने गर्दा खर्चको प्रभावकारीता नहुने साथै रकमको दुरुपयोग हुने भएकोले गुरुयोजना तयार गरेको योजना तत्काल कार्यान्वयनमा लैजाने साथै उक्त योजनाहरुको व्यवस्थित् अभिलेख राख्न निर्देशन दिने। • वार्षिक नीति तथा कार्यक्रममा समावेश भई बजेट विनियोजन भएका कार्यक्रमहरु समयमा नै कार्यान्वयन गर्न आवश्यक निश्चित कार्यतालिका, कार्यक्रम एवं कार्यनीति बनाएर अगाडी बढ्नु पर्दछ। यद्यपि कार्यालयले निश्चित कार्यनीति तथा ढाँचा वेगर पुँजीगत अनुसन्धानमा खर्च गर्दा खर्चको प्रभावकारीता, उपलब्धी, मितव्ययीता र पारदर्शिता नहुने र खर्चको ठूलो रकम अनुत्पादक देखिने भएकोले कार्यक्रमको आवश्यकता पहिचान, डि.पि.आर. तयारी र स्रोतको सुनिश्चितता गरेर कार्यक्रम कार्यान्वयन गर्न गराउनुका साथै विभागीय निकायले समस्याको पहिचान, समन्वय एवं सहजीकरण गर्ने र सम्बन्धित् निकायले गरेको कामको समय-समयमा अनुगमन तथा मूल्याङ्कन गरी नियमित रुपमा प्रगति विवरण पेश गर्न गराउन निर्देशन दिने।

		मार्गचित्र प्रस्तुत गर्नुपर्दछ।	
१०	१०	संघीय सरकारबाट २०७५/९/२ मा हस्तान्तरित सशर्त कार्यक्रमतर्फ रु.५ करोड ८४ लाखको खर्च गर्ने अख्तियारी प्राप्त भएको छ। यस कार्यक्रमबाट आषाढ महिनामा मात्र रु.२ करोड ६७ लाख ६६ हजार खर्च भएको छ। वर्षान्तमा खरिद कार्य गर्दा गुणस्तरमा असर पर्दछ। खरिद गुरुयोजना र खरिद योजना बनाई समयमै कार्यक्रम सम्पन्न गर्नुपर्दछ।	विनियोजन रकमको ५० प्रतिशत रकम पनि खर्च हुन सकेको देखिएन। संघीय सरकारबाट समयमै अख्तियारी प्राप्त हुँदा समेत आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिले अनियमितता, दुरुपयोग बढेर जाने, प्रभावकारी कार्यसम्पादन नहुने साथै वर्षान्तमा खरिद गर्ने पद्धतिले पुँजीगत खर्चमा सुधार नआउने देखिएकोले समयमै कार्यक्रम गर्ने एवं नियमित अनुगमन तथा मूल्याङ्कन गरी गुणस्तरीय कार्यसम्पादन र आर्थिक अनुशासन कायम गर्न गराउन निर्देशन दिने।
११	११	प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत साना कृषि सडक निर्माण, मर्मत तथा सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद-४ को दफा ९ मा साना कृषि सडक निर्माण तथा मर्मतमा साझेदार संस्थाले १० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था छ। यो व्यवस्था प्रदेशले विनियोजन गरेको अन्य पूर्वाधार निर्माणमा पनि लागु गराउनु पर्नेमा वागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७५/१/१७ को प्रदेश सरकारको योजना तथा कार्यक्रम कार्यान्वयन गराउँदा लाभग्राही समितिबाट लागत सहभागिता नगराउने व्यहोराको पत्रलाई आधार मानी सबै योजनाहरुमा कार्यविधि अनुसार उपभोक्ता समितिले व्यहोर्नुपर्ने अंश बेगर नै रु.५० लाख रुपैंयासम्मको पर्यटकीय मार्ग घोषणा तथा विकास कार्यक्रम लगायतका कार्य विभिन्न	• सार्वजनिक खरिद नियमावली, २०७४ को दफा ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने कार्यविधि रहेको छ। यसरी कार्य गराउँदा उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम समेत सम्झौतामा उल्लेख गर्नु पर्नेमा ऐन विपरीत आयोजनाले पर्यटकीय मार्ग घोषणा तथा विकास कार्यक्रम लगायतका कार्य विभिन्न ९७ उपभोक्ता समितिमार्फत गराई रु.२८ करोड २५ लाख ८५ हजार भूक्तानी गर्दा लागत सहभागीताको अंशको रकम समेत भूक्तानीले व्ययभार परेको रु.२ करोड ८३ लाख नियमित गरी बेरुजू फछ्र्यौटको प्रमाण पेश गर्न गराउन निर्देशन दिने। • आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५/९/१९ को प्रदेश सरकारको योजना तथा

		९७ उपभोक्ता समितिमार्फत गराई रु.२८ करोड २५ लाख ८५ हजार भूक्तानी गरेकोले लागत सहभागीताको अंशको रकम समेत भूक्तानीले रु.२ करोड ८३ लाख व्ययभार परेको छ। प्रदेश सरकार अन्तर्गत सञ्चालित कुनै योजनामा लागत सहभागीता गराउने कुनैमा नगराउने गर्दा निर्माण कार्यमा प्रतिस्पर्धा र खर्च पारदर्शी नहुने तथा सीमित स्रोतको अधिकतम परिचालन हुन नसकेको, लाभग्राहीको योजनाप्रति अपनत्व नदेखिएको जस्तो अवस्था देखिएका छन्। उपभोक्ता समितिमार्फत योगदान बेगर कार्य गराउनु उचित होइन। साथै सडक निर्माणको कार्य संघीय सडक, प्रदेश पूर्वाधार कार्यालय, स्थानीय तह समतेबाट भइरहेकोमा यस मन्त्रालय मातहत निकायहरुले पनि सोही प्रकृतिको कार्य सञ्चालन गरेको छ। एकै प्रकृतिको काम धेरै निकायबाट सम्पादन हुँदा दोहोरो पर्ने अवस्था अन्त्य गर्न समन्वयात्मक तवरले सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि, समन्वय संयन्त्र तयार गर्नुपर्दछ।	कार्यक्रम कार्यान्वयन गराउँदा लाभग्राही समितिबाट लागत सहभागिता नगराउने निर्णयले प्रदेशमा आर्थिक व्ययभार बढ्न गएकोले आगामी दिनमा लाभग्राहीबाट सञ्चालन गरिने सबै योजनाहरुमा सम्बन्धित् लाभग्राहीले व्यहोर्ने अशं अनिवार्य गर्न एवं ऐन विपरीत यस्ता कार्य नगर्न नगराउन निर्देशन दिने। • एकै प्रकृतिको काम धेरै निकायबाट सम्पादन हुँदा दोहोरो पर्ने अवस्था अन्त्य गर्न समन्वयात्मक तवरले सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि एवं समन्वय संयन्त्र निर्माण गरेर मात्र कार्यक्रम सञ्चालन गर्न गराउन निर्देशन दिने।
१२	१२	काठमाडौंमा रहेका १३ पूराना होमस्टेहरुलाई सहयोग गर्न रु.३९ लाख बजेट स्वीकृत भई रु.३ लाखको दरले खर्च लेखेको छ। सामाजिक सेवा र पूर्वाधारको विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रमलाई प्राथमिकतामा नराखी व्यवसायिक रुपमा सञ्चालित होमस्टेलाई बिल भरपाई र कार्यसम्पन्न प्रतिवेदनका आधारमा अनुदान दिने जस्ता वितरणमुखी कार्यमा बजेट खर्च गर्ने प्रवृति	• अनुदान प्रतिफलमुखी नभई वितरणमुखी मात्र भएकोले यस प्रकारको नगद वितरण गर्ने परिपाटीको अन्त्य गर्न निर्देशन दिने। • अनुदान दिईसकेपछि त्यसको सम्बन्धित् निकायबाट समय समयमा अनुगमन तथा मूल्याङ्कन गरी उपलब्धी सहितको प्रतिवेदन सार्वजनिकीकरण गर्न निर्देशन दिने।

		नियन्त्रण हुनुपर्दछ।	• नगद अनुदान भन्दा आवश्यक वस्तु तथा परामर्श सेवा लगायतका कार्यमा जोड दिने, होमस्टे सञ्चालन सम्बन्धी तालिम प्रदान गर्ने एवं मौलिक कला, संस्कृतिको विकासमा योगदान पुर्‍याउने किसिमको सहयोग प्रदान गर्न निर्देशन दिने। • होमस्टे सञ्चालकलाई नगद वितरणमा मात्र केन्द्रित हुने भन्दा समुदायिक भवनको निर्माण एवं सांस्कृतिक मूल्यको संरक्षणमा सरकारको ध्यान केन्द्रित गर्न निर्देशन दिने। • सामुदायिक होमस्टेहरुको विकास, स्थानीय जनताको जीवनस्तरमा भएको सुधार, आपसी समन्वय एवं सहकार्यको भावनाको विकासमा पुगेको योगदान जस्ता सूचकहरुको मापन गर्ने प्रणाली स्थापित गर्न निर्देशन दिने।
१३	१३	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाण गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, प्रत्येक किस्तामा गरेको खर्चको विवरण सामाजिक लेखापरीक्षण गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। आयोजनाले बागमती प्रदेशका १३ जिल्लामा उपभोक्ता समिति मार्फत पूर्वाधार कार्यक्रम	• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम लागत सहभागीता अनिवार्य गर्न गराउन निर्देशन दिने। • ऐन विपरीतका निर्णय एवं निर्देशन गर्ने र तोकिएको कार्यविधि विपरीत कार्यक्रम सञ्चालन गरी भूक्तानी गर्ने संलग्न पदाधिकारीलाई सचेत गराई अब आइन्दा त्यसो नगर्न गराउन निर्देशन दिने। • अन्य कुराहरु सुझाव बमोजिम गर्न निर्देशन दिने।

		सञ्चालन गरेको छ। सञ्चालित कार्यक्रमको भूक्तानीका लागि सम्बन्धित् स्थानीय तहको सिफारिस संलग्न भएतापनि स्थानीय तहका पदाधिकारीबाट अनुगमन भएको, उपभोक्ता समितिबाट खर्चको अनुमोदन र खर्च सार्वजनिक गरी सामाजिक लेखापरीक्षण गरेको देखिएन। लागत सहभागिता समेत नभएको अवस्थामा स्थानीय तहसँग समन्वय गरी खर्चको पारदर्शीता प्रबर्द्धन गर्न उपभोक्ता समितिबाट खर्चको अनुमोदन गरी सामाजिक परीक्षण गर्ने गराउने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।	
भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु			
१४	१४	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने उल्लेख छ। जलाधार कार्यालय ललितपुरले उपभोक्ता समितिबाट सम्पन्न गरिने निर्माण कार्यको लागत अनुमान बनाउँदा बजारबाट खरिद गरिने निर्माण सामग्रीमा मुल्य अभिवृद्धि कर समेत थप गरी कायम भएको मूल्यको आधारमा दररेट कायम गरेको छ। नियमावलीमा उल्लेख भएबमोजिम मूल्य अभिवृद्धि कर रकम कट्टा गरेर मात्र उपभोक्ता समितिलाई भूक्तानी गर्नुपर्नेमा कार्यालयले उपभोक्ता समितिले निर्माण सामग्री खरिद गरेको बीजक बिल तथा निर्माण सामग्री खर्च भएको आधारमा मूल्य अभिवृद्धि कर	उपभोक्ता समितिलाई भूक्तानी दिएको मूल्य अभिवृद्धि कर रु.६२ लाख ४० हजार कट्टा गरी राजस्व खातामा दाखिला गरी सोको प्रमाणित कागजात पेश गर्न निर्देशन दिने। साथै आगामी दिनमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भूक्तानी दिन निर्देशन दिने।

		समेत समावेश भएको दरबाट मूल्य अभिवृद्धि कर रु.६२ लाख ४० हजार उपभोक्ता समितिलाई भूक्तानी दिएको छ। उपर्युक्त कानूनी व्यवस्था अनुसार उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भूक्तानी दिन मिल्दैन।	
१५	१५	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रु.२५ हजार भन्दा बढी रकम एकाउण्टपेयी चेकको माध्यमबाट सेवा प्रदायकलाई भूक्तानी दिनुपर्ने उल्लेख छ। यो वर्ष भू-तथा जलाधार सँरक्षण कार्यालय सिन्धुपाल्चोकले उपभोक्ता समितिमार्फत सम्पन्न गरेका भू-तथा जलाधार संरक्षण सम्बन्धी कार्यमा रु.६ करोड ६१ लाख ८९ हजारको जाली प्रयोग भएको छ। तारजालीमा ढुङ्गा भर्ने कार्य उपभोक्ता समितिमार्फत गराएकोमा जाली खरिद बापतको रकम उपभोक्ता समितिको सिफारिसमा सो उपभोक्ता समितिको बिलबाट कटाई रु.१ करोड ४५ लाख २९ हजार तारजाली बिक्रेतालाई भूक्तानी दिएको देखियो। उपभोक्ता समिति मार्फत सार्वजनिक खरिद ऐन नियमको प्रक्रिया पूरा गरेर प्रतिस्पर्धा गराई खरिद नभई सोझै खरिद गर्दा मितव्ययी समेत नहुने देखिएकोले कार्यालयले नै प्रतिस्पर्धात्मक तरिकाले गुणस्तरीय तारजाली खरिद गरी आवश्यक परिमाण उपभोक्ता समितिलाई उपलब्ध गराउने र खरिद बाहेकका श्रममूलक कार्यहरु उपभोक्ता समितिमार्फत गराउने व्यवस्था मिलाउनु पर्दछ।	• उपभोक्ता समिति मार्फत सार्वजनिक खरिद ऐन/नियमको प्रक्रिया पूरा गरेर प्रतिस्पर्धाको माध्यमबाट खरिद नभई उपभोक्ता समितिको सिफारिसमा सो उपभोक्ता समितिको बिलबाट कटाई रु.१ करोड ४५ लाख २९ हजार तारजाली बिक्रेतालाई भूक्तानी दिएको ऐन विपरीत देखिएकोले सो बेरुजू रकम नियमित गरी प्रमाण कागजात पेश गर्न गराउन निर्देशन दिने। • साथै अब आइन्दा खरिद सम्बन्धी यस्ता कार्य गर्दा मितव्ययी एवं पारदर्शि ढंगबाट प्रतिस्पर्धात्मक तरिकाले गुणस्तरीय तारजाली लगायतका सामग्री खरिद गरी आवश्यक परिमाण उपभोक्ता समितिलाई उपलब्ध गराउने र खरिद बाहेकका श्रममूलक कार्यहरु मात्र उपभोक्ता समितिमार्फत गर्न गराउन निर्देशन दिने।

घरेलु तथा साना उद्योग कार्यालयहरु			
१६	१६	आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६/२/१६ देखि ठेक्का वा करारको भूक्तानीमा मू.अ.करको ५० प्रतिशत सम्बन्धित् राजस्व शीर्षकमा दाखिला गरी बाँकी ५० प्रतिशत सम्बन्धित् फर्मलाई भूक्तानी दिनुपर्ने उल्लेख छ। घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीले २ संस्थालाई रु.११ लाख ५३ हजार भूक्तानी गर्दा ५० प्रतिशतले हुने मू.अ.कर रु.५ लाख ७७ हजार कट्टा र दाखिला नगरी भूक्तानी दिएकोले कर समायोजन प्रमाण पेश हुनुपर्दछ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भूक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भूक्तानी पाएको पछिल्लो महिनाको २५ गतेभित्र सम्बन्धित् आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोकले विभिन्न ५ फर्मलाई मूल्य अभिवृद्धि कार रु.४ लाख २२ हजार भूक्तानी दिए पनि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।	घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीले २ संस्थालाई रु.११ लाख ५३ हजार भूक्तानी गर्दा ५० प्रतिशतले हुने मू.अ.कर रु.५ लाख ७७ हजार कट्टा र दाखिला नगरी भूक्तानी दिएको र घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोकले विभिन्न ५ फर्मलाई मूल्य अभिवृद्धि कर रु.४ लाख २२ हजार भूक्तानी दिए पनि कानूनी व्यवस्था अनुसार कर विवरण नबुझाएको नियमसम्मत नदेखिएकोले उक्त कर समायोजन प्रमाण पेश गरी नियमित गरेको प्रमाण पेश गर्न गराउन निर्देशन दिने।
१७	१७	मन्त्रालयले गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम सञ्चालन गर्न सस्था छनौटका लागि तयार गरेको कार्यक्षेत्रगत शर्तमा ६ वा सो भन्दा बढी स्थानीय तह रहेका जिल्लाको	• घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोकले रु.६ लाख २९ हजार, घरेलु तथा साना उद्योग विकास कार्यालय, चितवनले रु.३ लाख

		हकमा लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० अनुसार दुईवटा क्लष्टर हुने भएकोले सबैभन्दा बढी अंक प्राप्त गरी प्रथम हुने प्रस्तावकलाई पहिलो क्लष्टर र दोश्रो हुनेलाई दोश्रो क्लष्टरमा कार्यक्रम सञ्चालनको लागि छनौट गरिने उल्लेख भए अनुसार गरीवी निवारणका लागि पुनर्ताजगी र स्तरोन्नति, सीप विकास तालिम तथा नयाँ लघु उद्यमी सृजना गर्ने कार्यलाई दुईवटा क्लस्टरमा विभाजन गरी आधा आधा काम गर्ने गरी दुई दुई परामर्शदातासँग सम्झौता गरी कार्य गराएको देखियो। एकै कामका लागि आंशिक प्रस्ताव स्वीकृत गर्ने कानुनी व्यवस्था भएको समेत देखिंदैन। जसबाट प्रथम घटीवालासँग मात्र सम्झौता गरी कार्य गर्नुपर्नेमा दुई परामर्शदाता मार्फत कार्य गराउँदा घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोकले रु.६ लाख २९ हजार, घरेलु तथा साना उद्योग विकास कार्यालय, चितवनले रु.३ लाख ६६ हजार र काठमाडौंले रु.३ लाख ५७ हजारसमेत रु.१३ लाख ९२ हजार बढी व्ययभार परेको छ।	६६ हजार र काठमाडौंले रु.३ लाख ५७ हजारसमेत गरी रु.१३ लाख ९२ हजार बढी व्ययभार पर्ने गरी लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरेको देखिएकोले कार्यविधि/निर्देशिका विपरीत गरेको उक्त रकम नियमसम्मत देखिएन। समयमै उक्त रकम नियमित गरी सोको प्रमाणित कागजात पेश गर्न गराउन निर्देशन दिने। • सुझाव बमोजिम संस्था छनौट विधिलाई ऐन बमोजिम प्रतिस्पर्धाको माध्यमबाट मात्र कार्यान्वयन गर्न गराउन निर्देशन दिने।
१८	१८	घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीले एक बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पानी प्रशोधन उद्योग स्थापना गर्न सो सम्बन्धी मेशिन उपकरण तथा कारखाना भवन निर्माण समेतको लागि समेत रु.१९ लाख २७ हजार भुक्तानी गरेको पाइयो। त्यस्ता नाफामूलक संस्थालाई उद्योग,	• नगद अनुदान भन्दा वस्तु तथा परामर्श सेवा लगायतका कार्यमा जोड दिने, सीप विकास तालिम सञ्चालन गर्ने, सामुदायिक विकास एवं स्थानीय जनताको जीवनस्तरमा सुधार हुने क्षेत्रमा मात्र आवश्यक अध्ययन गरी प्रतिफलमुखी अनुदान पद्धती आत्मसात गर्न गराउन

		व्यवसाय सञ्चालन गर्न उक्त रकम उपलब्ध गराएकोमा त्यसबाट सरकारलाई प्राप्त हुने प्रतिफल तथा सेवा सम्बन्धमा स्पष्ट मापदण्ड तथा कार्यविधि तजुना नगरी तथा उचित प्रतिफल प्राप्त हुने सुनिश्चित नगरी गरिएको लगानी मनासिब देखिएन। अतः त्यस्ता आयोजना वा उद्योगमा लगानीबाट कम्पनीको शेयर स्वामित्व समेत प्राप्त हुने गरी दीर्घकालीन प्रतिफल समेतको विचार गरी लगानी गर्नुपर्दछ।	निर्देशन दिने। • स्पष्ट मापदण्ड तथा कार्यविधि वेगर नाफामुलक संस्थालाई अनुदान दिने परम्परा देखिएकोले यस किसिमको अनुदानलाई पूर्ण रुपमा बन्द गरी दीर्घकालीन प्रतिफलको क्षेत्र पहिचान गरी शेयर तथा ऋण लगानी गर्न निर्देशन दिने। • अनुदान दिईसकेपछि सम्बन्धित् निकायबाट समय समयमा अनुगमन तथा मूल्याङ्कन गरी उपलब्धी सहितको प्रतिवेदन सार्वजनिकीकरण गर्न निर्देशन दिने।
जिल्ला वन कार्यालयहरु			
१९	१९	जिल्ला वन कार्यालयहरुले आफ्ना क्षेत्रबाट वाषिक रुपमा संकलन गरेको काठ दाउरा तथा गत विगतबाट जिम्मेवारी सरेको काठ मौज्दात लगायत अन्य वन सम्पदाको वन नियमावली बमोजिम वर्गीकरण समेत गरी लगत राख्नुपर्ने र चालु वर्षमा विक्री वितरण भएको परिमाण, जिम्मेवारी सारेको परिमाण र वर्गीकरण अनुसार काठको मूल्य उल्लेख गरी राजश्वको ओर्थिक विवरणमा खुलासा गर्नु पर्नेमा वन कार्यालयहरूले लगत राखेको पाईएन। काठ दाउराको वर्गीकरण बमोजिम मूल्याङ्कन गरी लगत राख्नुपर्दछ।	सुझाव बमोजिम गर्न गराउन निर्देशन दिने।
२०	२०	जिल्ला वन पैदावर आपूर्ति समितिले तयार गरेको २०७५/७६ को वार्षिक प्रतिवेदन तथा घाटगद्दी मौज्दात रजिष्ट्र अनुसार वन कार्यालय, सिन्धुलीमा गत बर्ष ५५ हजार	• २८ हजार ९१९ घ.मि. काठ सामुदायिक वन उपभोक्ता समितिलाई फिर्ता गरेको पुष्ट्याई गरी सोको प्रमाण पेश गर्न गराउन निर्देशन दिने।

		९३३ घ.मि. काठ मौज्दात रहेकोमा यो वर्ष विभिन्न सामुदायिक वन उपभोक्ता समितिबाट प्राप्त भएको १५ हजार ७६६ घ.मि. काठमध्ये यस वर्ष ४ हजार ४६५.२५ घ.मि. काठ विक्री भएको र २८ हजार ९१९ घ.मि. काठ सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिलाई फिर्ता गरी आर्थिक बर्षको अन्त्यमा ३८ हजार ३१४ घ.मि. काठ मौज्दात रहेको देखिन्छ। सामुदायिक वन उपभोक्ता समितिलाई फिर्ता गर्नुको पुष्ट्याई पेश नभएको र बिक्री तथा फिर्ता गर्न नसकी ठूलो परिमाणमा मौज्दात रहेको उक्त काठ जिल्ला वन पैदावार आपूर्ति समितिले लिलाम बिक्री गरेको देखिएन। मौज्दात रहेको काठ समयमै लिलाम विकी गर्नु पर्दछ।	• वन पैदावारको माग र आपूर्ती एकिन गर्न नसकेको एवं मौज्दातमा रहेको काठ समयमा बिक्री नहुँदा थुप्रै परिमाणको वन पैदावार नष्ट भएको देखिएकोले अधिकार प्राप्त निकायले समयमा नै बिक्री गर्न गराउन निर्देशन दिने। • वन कार्यालयहरूले काठ, दाउराको वर्गीकरण बमोजिम मूल्याङ्कन गरी लगत राख्ने र वर्गीकरण अनुसार मूल्य उल्लेख गरी राजश्वको ओर्थिक विवरण समेत तयार गर्न गराउन निर्देशन दिने।
२१	२१	यो वर्ष डिभिजन वन कार्यालय, चितवनले राष्ट्रिय वनको काठ बिक्रीबाट रु.५ करोड ७० लाख ५५ हजार आम्दानी गरेको छ। कुल बिक्री भएको काठ मध्ये सालको परिमाण ७३ हजार ३४७ क्यू.फिट रहेको देखिन्छ। टिम्बर कर्पोरेशन नेपाललाई औषत रु ८०३.४५. प्रति घन फिट र वन पैदावार आपूर्ति समितिलाई औषत रु. ७६५.६६ प्रति घन फिटको दरले बिक्री गरेको छ। सामुदायिक वनबाट जम्मा ३३ हजार ९१८ घन फिट काठ उत्पादन गरी समूह सदस्यलाई प्रति घन फिट रु १००० को दरले बिक्री वितरण गरेको देखिन्छ। चितवन जिल्लाको जिल्ला दररेट	वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समूहले निर्धारण गरेको काठको मूल्य समयानुकूल नभई न्यून मूल्याङ्कन भएमा उपभोक्ताहरुले नै काठ खरिद गर्ने र उच्च मूल्यमा बिक्री वितरण गर्दा बजारमा काठको बिक्री वितरणमा कालोबजारी हुने अवस्था देखिन्छ। यसरी बिक्री गर्दा सरकारले प्राप्त गर्ने राजस्व समेत गुम्ने भएकोले समय अनुसार काठको मूल्यमा पुनरावलोकन गर्नु उपयुक्त हुने देखिएकोले सुझाव बमोजिम गर्न गराउन निर्देशन दिने।

		अनुसार बी र सी गेलको सालको काठ प्रति घन फिट क्रमशः रु.४ हजार ९५५, रु ४ हजार ५१३ र र ४ हजार १५९ रहेको छ। सो अनुसार सामुदायिक वन उपभोक्ता समूह तथा वन कार्यालयले बिक्री वितरण तथा राजस्व प्रयोजनको लागि निर्धारण गरेको मूल्य न्यून रहेको देखियो। यसबाट सरकारलाई प्राप्त हुने राजस्वमा कमी आउने र उपभोक्ताले आवश्यकताभन्दा बढी काठ माग गरी व्यवसायिक प्रयोजनाको लागि महँगो दरमा बिक्री गर्ने जोखिम समेत रहने भएकोले काठको वर्तमान मूल्य पुनरावलोकन गर्नुपर्दछ।	
२२	२२	जिल्ला वन कार्यालय, काभ्रेले पेश गरेको विवरण अनुसार वन क्षेत्रको जग्गा निम्नानुसार संघ, संस्था तथा कार्यालयलाई उपलब्ध गराइएकोमा राजस्व असुली नभएको र सट्टाभर्ना, वृक्षारोपण तथा हटाइएका रुख र काठको विवरण पनि पेश नभएकोले आवश्यक कारबाही गरी किनारा लगाउनुपर्दछ।	वन क्षेत्रको जग्गा उपभोग गरेबापत् उल्लेखित निम्न संस्थाहरुले बुझाउनु पर्ने राजस्व तथा सट्टाभर्ना, वृक्षारोपण एवं हटाइएका रुख र काठ दाउराको विवरण पेश नभएकोले सोको प्रमाण पेश गर्न गराउन निर्देशन दिने। साथै उपभोग गर्न दिएको जग्गा सम्झौता बमोजिम प्रयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्न समेत निर्देशन दिने।

संस्थाको नाम	जग्गाको क्षेत्र (हेक्टर)	व्यहोरा	निर्णय मिति
विकलाङ्ग मित्र समूह	२.२३६	पत्राचार गर्न कार्यालय फेला नपरेको	२०५११०/७/
नेपाल दुरसञ्चार संस्थान	मि.व३७५	पत्राचार भईरहेको	२०५१/६/२२

	नेपाली सेनाको ब्यारेक पाँचखाल र) (खनालथोक	२०७.०२	रकम बुझाउनु पर्ने सम्झौता नभएको	२०५८/६/२२
	सशस्त्र प्रहरी बल	४५.४६	रकम बुझाउनु पर्ने सम्झौता नभएको	२०६९/९/१९
	काठमाण्डौ विश्वविधालय	१३.१३९	मेडिकल शिक्षाको ५ प्रतिशत मन्त्रालयलाई सिट उपलब्ध गराउने सम्झौता	२०५४/११/१४
	काठमाण्डौ विश्वविधालय	१४.१२४		२०५६/५/२२
	काभ्रे एकिकृत खानेपानी आयोजना	१.१	पत्राचार भईरहेको	२०७०/४/२४
	सैनिक तालिम इलाका	६०९.४९	रकम बुझाउनु पर्ने सम्झौता नभएको	-
	शसस्त्र प्रहरी वल, भुम्लुटार	६.९१	रकम बुझाउनु पर्ने सम्झौता नभएको	-
२३	२३	जिल्ला वन कार्यालय काठमाडौंले यो वर्ष विभिन्न संघसंस्थालाई दिएको सामुदायिक वन तथा कबुलियती वनबाट रु.१० लाख ४५ हजार राजस्व आम्दानी गरेकोछ। सरकारी वन उपयोग गर्न दिएको विवरण अनुसार १० संस्थालाई भोगाधिकार दिएपनि अद्यावधिक अभिलेख राखेको छैन। एक इको फ्रेण्डली कम्पनी प्राइभेट लिमिटेड सँग २२ हेक्टर र एक हिल्स लिमिटेडसँग ३६ हेक्टरको प्रतिहेक्टर रु.१५ हजारका दरले रोयल्टी असुल गरेपनि सम्भौता अनुसार बृक्षारोपणको अवस्था यकीन हुन सकेन। एक वाइल्ड लाइफ प्राइभेट लिमिटेड लप्सीफेदीको ११ हेक्टर बनको प्रति हेक्टर रु.६६०० भुक्तानी गर्ने सम्झौता भएपनि रोयल्टी असुल गरेको छैन। भोगाधिकारको लागि दिएको जग्गाको विवरण अद्यावधिक गरी राजस्व रकम असुल गर्नुपर्दछ।	• जिल्ला वन कार्यालय, काठमाडौंले १० संस्थालाई भोगाधिकार गर्न दिएको सरकारी वन उपयोगको विवरण सम्बन्धी अद्यावधिक अभिलेख नियमित गर्न गराउन निर्देशन दिने। • सम्झौता बमोजिमको शर्तको पालन भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रतिवेदन पेश गर्न गराउन निर्देशन दिने। • वाइल्ड लाइफ प्राइभेट लिमिटेड, लप्सीफेदीको ११ हेक्टर वनको रोयल्टी प्रति हेक्टर रु.६६०० भुक्तानी गर्ने सम्झौता भएपनि हालसम्म असुल नभएकोले उक्त जग्गाको विवरण अद्यावधिक गरी राजस्व रकम असुल गरी सोको प्रमाणित कागजात पेश गर्न गराउन निर्देशन दिने।

२४	२४	डिभिजन वन कार्यालय, सिन्धुली र बि.पी. राजमार्ग आयोजना, नेपाल विद्युत प्राधिकरणको एक सब स्टेशन तथा एक प्रसारण लाइन आयोजना बीच भएको सम्झौतामा वन क्षेत्रको जग्गा उपयोग गरे वापत उक्त क्षेत्रमा कटान भएका रुख संख्याको आधारमा १:२५ अनुपातका दरले हुने विरुवा वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण र व्यवस्थापन गरी हस्तान्तरण गर्नुपर्ने उल्लेख भएकोमा सो बमोजिम वृक्षारोपण भएको छैन। साथै सम्झौता बमोजिम आयोजनाले वन क्षेत्रको जमिन उपयोग गरी बुझाउनु पर्ने वार्षिक रोयल्टी रु. १५ लाख ५२ हजार समेत असुल भएको नपाइएकोले उक्त रकम असूल गर्नुपर्दछ।	• सम्झौता बमोजिम रुख कटान भएको क्षेत्रमा गर्नु पर्ने वृक्षारोपण तत्काल कार्यान्वयन गर्न लगाई सो कार्य गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन गर्न गराउन निर्देशन दिने। • सम्झौतामा उल्लेखित शर्तको पालना नगर्ने जिम्मेवार निकाय एवं पदाधिकारीलाई सचेत गराउने। • सम्झौता बमोजिम वन क्षेत्रको जमिन उपयोग गरी बुझाउनु पर्ने वार्षिक रोयल्टी रु. १५ लाख ५२ हजार समेत उक्त आयोजनाबाट असुल गरी सोको प्रमाणित कागजात पेश गर्न गराउन निर्देशन दिने।
२५	२५	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिष्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। जिल्ला वन कार्यालय, दोलखाले रु.६७ लाख ७६ हजार मूल्यका विभिन्न विरुवाहरु २६ पटक टुक्राटुक्रामा खरिद गरेको छ। एउटै बिरुवा कार्यक्रम अनुसार पटक पटक खरिद गरेको, एउटै सामग्रीको मूल्य समेत फरक देखियो। यसबाट खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी देखिएन। पटक पटक खरिद गरी भर्पाइको आधारमा वितरण गरी खर्च जनाएका विरुवाहरु कृषक तथा समुदायहरुबाट बृक्षारोपण गरेको, सोको संरक्षण हुने व्यवस्था भएको अभिलेख अद्यावधिक गर्ने सम्बन्धमा कुनै कार्यहरु गरेको देखिन	• सार्वजनिक खरिद ऐन विपरीत प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक टुक्रा खरिद गरेको र त्यसरी खरिद गरेको वस्तुको मूल्यमा समेत अन्तर हुनु नियमसम्मत नदेखिएकोले सोको नियमित गरी प्रमाणित कागजात पेश गर्न गराउन निर्देशन दिने। • कृषक तथा समुदायलाई हस्तारित बिरुवाहरु सही ठाउँमा प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गरी अद्यावधिक अभिलेख तयार गर्न गराउन निर्देशन दिने।

		आएन। समुदायहरुले वृक्षारोपण गरेको भूमि, क्षेत्रफल, बिरुवाको संख्या र संरक्षण सम्बन्धमा अभिलेख अद्यावधिक गर्नुपर्दछ।	
बेरुजू स्थिति		मन्त्रालय एवं मातहत निकायको नाममा रहेको लगती बेरुजूको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।	

३.४ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ अनुसार मन्त्रालयको ४२ कार्यक्षेत्र रहेको छ। प्रदेश सरकारले ९९ वटा कानुन तर्जुमा गर्नुपर्ने आवश्यकता पहिचान गरेकोमा हालसम्म ४५ वटा कानुन निर्माण र प्रमाणीकरण गरी राजपत्रमा प्रकाशित भएका छन्। ४ कानुन प्रदेश सभामा दर्ता भएका छन्। सैद्धान्तिक सहमति भएका ५ वटा विधेयक र ७ वटा अवधारणापत्र समेत १३ वटा कानुन प्रदेश मन्त्रिपरिषदको विधायन समितिमा रहेका छन्। पारित ऐन, नियमावली, गठन आदेश, बिचाराधीन विधेयक र सहमति प्रदान गरिएका विधेयक समेत ३७ नयाँ कानुन बनाउन बाँकी रहेको देखिन्छ। सेवा प्रवाह प्रभावकारी तुल्याउन आवश्यक कानुन निर्माण गर्नुपर्दछ।	सरकारले पहिचान गरेका बनाउनुपर्ने कानूनमध्ये हालसम्म ४२ वटा नयाँ कानून मात्र बनाएको देखिन्छ। अझै आधा भन्दा बढी कानून बनाउन बाँकी हुनुले सरकारको काम कारबाहीमा सुस्तता देखियो। प्रभावकारी कार्यसम्पादन भएको देखिएन। संघीय सरकारसँग आवश्यक परामर्श एवं समन्वयको कमी देखिन्छ। प्रदेशमा कर्मचारी पदपूर्ति प्रक्रियाले गति लिन नसक्दा समग्र प्रदेशको कामले गति लिन सकेन तसर्थ कानून निर्माण प्रक्रियामा गम्भिर बनेर बन्न बाँकी रहेका कानून तयार गरी प्रदेश सभामा निर्देशन दिने।
२	२	प्रदेश सरकारले संघीय कानुनसँग समाञ्जस्य हुने गरी कानुन निर्माण गर्नुपर्दछ। निर्माण भएका केही कानुन संघीय कानुनसंग मेल खाएका छैनन। उदाहरणको लागि बागमती प्रदेशले निर्माण	• प्रदेश सरकार छुट्टै रहेपनि समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा शासन सञ्चालन हुने र प्रदेश कानून संघीय कानूनसँग र स्थानीय तहले

		गरेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) मा महालेखापरीक्षकबाट औंल्याएको बेरुजू सम्बन्धित कार्यालयले फछ्यौट र सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ३८ मा लेखापरीक्षणबाट दर्शाइएका बेरुजू सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्यौट तथा सम्परीक्षण हुने र सो कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्था साबिकको आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजू फछ्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र फछ्यौट भएको व्यहोरा दफा १९(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्था र हालको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ भन्दा भिन्न रहेको छ। सम्परीक्षण लेखापरीक्षणकै अङ्ग भएकोले उक्त कार्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुने व्यवस्था उचित छैन। यस व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।	निर्माण गरेको कानून प्रदेश कानूनसँग बाझिएमा अमान्य एवं बदर हुन सक्ने संवैधानिक व्यवस्था रहेकोले यसरी कानून निर्माण गर्दा संघीय कानूनको अध्ययन तथा छलफल मार्फत नबाझिने गरी निर्माण गर्न गराउन निर्देशन दिने। • सुझाव बमोजिम गर्ने।
३	३	प्रदेश सरकारको सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ अनुसार महाशाखा प्रमुख/कार्यालय प्रमुखलाई घ वर्गको बढीमा ३० लाख रुपैयाँसम्मको सवारी साधन उपलब्ध गराउने व्यवस्था छ। मन्त्रालयको स्वीकृत संरचना अनुसार मन्त्री, सचिव र ३ महाशाखा लागि ४ वटा सवारीसाधन मन्त्रालयमा रहेका छन। मन्त्रालयले यो बर्ष रु.२ करोड २ लाख २१ हजारका थप ४ सवारी साधन खरिद गरेको	• प्रदेश सरकारको सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ को व्यवस्था विपरित महाशाखा प्रमुख एवं कार्यालय प्रमुखले प्रयोग गर्ने गरी रु.८६ लाख ७१ हजारका २सवारी साधन खरिद गर्दा मापदण्डभन्दा बढी खर्च गरेको रु.२६ लाख ७१ हजार नियमित गरी प्रमाणित कागजात पेश गर्न निर्देशन दिने।

		छ। जसमध्ये महाशाखा प्रमुख कार्यालय प्रमुखले प्रयोग गर्ने गरी रु.८६ लाख ७१ हजारका २ सवारी साधन खरिद गर्दा मापदण्डभन्दा रु २६ लाख ७१ हजार बढी खर्च गरेको छ। सवारी साधन खरिदमा प्रदेश आफैले तयार गरेको मापदण्डको पालना गरेको छैन। अतः मापदण्डको पालना गर्नुपर्दछ।	• तोकिएको मापदण्डको पालना नगरी खरिद कार्य गर्ने पदाधिकारीलाई सचेत गराउँदै अब आइन्दा मापदण्डको पालना गरेर मात्र खरिद कार्य गर्न गराउन निर्देशन दिने।
४	४	'प्रदेश सरकारको पहिचान नागरिकलाई निःशुल्क कानुनी सहायता अभियान' अन्तर्गत ७४ कानुनी सहजकर्ताको लागि रु.१ करोड ९२ लाख ४० हजार खर्च गरेको छ। सो बजेटबाट प्रत्येक गाउँपालिकामा कानुनी सहजकर्ता नियुक्ति गरेको देखिन्छ। कानुनी सहजकर्ताहरुले सम्पादन गरेको कामको प्रतिवेदन प्रदेश सरकारलाई गरेको छैन। स्थानीय तहहरुले कानुनी परामर्शको लागि छुटै सल्लाहकार नियुक्ती गरी कार्य गर्ने गरेको अवस्थामा प्रदेश सरकार सहजकर्ता मार्फत सम्पादन भएको कामको प्रभावकारीता समेत मूल्यांकन भएको देखिदैन्। यस्तो खर्चमा मितव्यीता ल्याउन सम्बन्धित स्थानीय तहरुसँग समन्वय गरेर मात्र सहजकर्ताको व्यवस्था गर्नुपर्दछ।	प्रदेशले स्थानीय तहहरुमा नियुक्ती गरेको कानूनी सहजकर्ता जस्तै स्थानीय तहमा पनि कानूनी सल्लाहकारको नियुक्ती गरेको देखिन्छ। यसरी नियुक्त गरिने कानूनी सल्लाहकार दोहोरो नपर्ने गरी स्थानीयतहसँग आवश्यक समन्वय गरेर मात्र नियुक्ती गर्न र नियमित रुपमा कार्यसम्पादन प्रतिवेदन पेश गर्न गराउन निर्देशन दिने।
५	५	मन्त्रालयले प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार २०७५।८।२८ मा नुवाकोट घ्याङ डाँडामा मिनिट्रक दुघर्टनामा मृत्यु हुनेहरुको हकदारलाई रु.१ लाखको दरले रु.२२ लाख, बारा र पर्सा जिल्लामा २०७५।१०।१७ मा भएको भिषण हावाहुण्डरी प्रभावितको लागि २ नं. प्रदेश	मन्त्रालयले गत वर्ष झै यस वर्ष पनि कानून एवं कार्यविधि बेगर आर्थिक सहायता दिएको नियम सम्मत देखिएन। आर्थिक सहायता सम्बन्धी नीतिगत व्यवस्था वेगर यस किसिमले वितरण गरेको आर्थिक सहायता रकम रु.१ करोड २२ लाख नियमित गरी

		सरकारलाई रु. १ करोड सहयोग गरेको देखिन्छ। गत वर्ष कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको व्यहोरा औल्याईएकोमा सो बेगर मन्त्रालयले यो वर्ष आफ्नो कार्य क्षेत्र बाहिर समेत आर्थिक सहायता दिएको छ। कार्यविधि तर्जुमा गरी आर्थिक सहायतालाई व्यवस्थित गर्नुपर्दछ।	सोको प्रमाणित कागजात पेश गर्न गराउन निर्देशन दिने।
६	६	प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १० ले प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना गर्ने व्यवस्था गरेको छ। प्राकृतिक विपद्को संभावित असर न्यूनीकरण, उद्धार तथा राहत एवम् आपतकालीन योजना तर्जुमा लगायतको कार्यमा आन्तरिक मामिला तथा कानुन मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको व्यवस्था छ। मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी तोकिएको जिम्मेवारी विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण सम्बन्धी नीति तर्जुमा गर्न बाँकी रहेको अवस्थामा यो वर्ष। मन्त्रालयलाई विनियोजन भएको बजेटबाट रु.५ करोड विपद् व्यवस्थापन कोषमा हस्तान्तरण गरेको देखियो। विपद व्यवस्थापन नीतिको तर्जुमा गरी कोषको परिचालन गर्नुपर्दछ।	विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण सम्बन्धी नीति तर्जुमा नगरी यसरी बजेट विनियोजन गर्ने र जथाभावी खर्च गर्ने परिपाटीले आर्थिक अनुशासनको उल्लङ्घन हुने ऐन दुरुपयोग बढेर जाने सम्भावना भएको हुँदा अब आइन्दा सुझाव बमोजिम आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरी मितव्ययी र पारदर्शी ढङ्गबाट कोषको परिचालन गर्न निर्देशन दिने।
७	७	तोकेको जिम्मेवारी पूरा गर्न दरबन्दी अनुसार पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ४३ मध्ये २४ स्थायी र ६ करारमा समेत ३० पदपूर्ति भएको छ। दरबन्दी अनुसारको पदपूर्तिको व्यवस्थापन गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।	स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्तिको व्यवस्थापन कार्यलाई शीघ्र रुपमा कार्यान्वय गर्न आवश्यक समन्वय गरी सेवा प्रवाह प्रभावकारी बनाउन निर्देशन दिने।
बेरुजू स्थिति		मन्त्रालय एवं मातहत निकायको नाममा रहेको लगती बेरुजूको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।	

३.५भौतिक पूर्वाधार विकास मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा जल उपयोग तथा नदी व्यवस्थापन ऐन तर्जुमा, प्रदेश गौरवका आयोजना अध्ययन र पहिचान, यातायात व्यवस्थापन योजना निर्माण, खानेपानी तथा सिंचाई सम्बन्धी रणनीति, प्रदेश वैकल्पिक उर्जाको अध्ययन एवं यातायात व्यवस्थापन नीति निर्माण लगायतका कार्यहरु कार्यान्वयन भएको देखिएन।लक्षित उद्देश्य प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।	ऐन, नियम तथा रणनीति तयारीमा मन्त्रालयको सुस्तताले लक्षित प्रगति हासिल हुन नसकेको, तत्काल कार्यान्वयन गर्नुपर्ने कतिपय कार्यहरु हालसम्म पनि हुन नसकेकोले सुझाव बमोजिमका कार्यहरु शीघ्र कार्यान्वयन गर्न निर्देशन दिने।
२	२	प्रदेश सरकारको विनियोजन विधेयक, २०७५ अनुसार आर्थिक वर्ष २०७५/७६ को लागि मन्त्रालयलाई शुरुमा बजेट रु १३ अर्व ३२ करोड ४३ लाख ५९ हजार विनियोजन भएकोमा २०७६ आषाढमा ३१ मा रु.१ अर्व २८ करोड ४८ लाख ६२ हजार घटाई रु १२ अर्व ३ करोड ९४ लाख ७७ हजार बजेट कायम गरेको र सो बजेटमध्ये मन्त्रालय र अन्तर्गत ४५ कार्यालयबाट रु.६ अर्व ८८ करोड ९५ लाख ६४ हजार)५७ प्रतिशत खर्च भई रु . ५ अर्ब १४ करोड ९९ लाख १३ हजार बाँकी देखिन्छ। त्यसमध्ये पूर्वाधार विकास कार्यालय सिन्धुपालाचोक, नुवाकोट, ललितपुर र चितवनको कमशः रु.१३ करोड	सिन्धुपाल्चोक, नुवाकोट, ललितपुर र चितवन जिल्लाका ६० योजनाहरु (सडक सञ्जाल) कार्यान्वयनमा नआउनुले मन्त्रालयको पूँजीगत बजेटको कार्यान्वयनस्तर कमजोर देखिन्छ।आवश्यकता र क्षमता अनुसार योजना तथा कार्यक्रम छनौट एवं बजेट विनियोजन गर्ने, समयमा अख्तियारी प्रदान गर्ने, स्वीकृत योजनाको समयमा टेण्डर प्रकाशन गरी कार्यान्वयनमा लैजाने र पूँजीगत बजेट खर्चको क्षमता बढाउन निर्देशन दिने।

		८५ लाख ५० हजारका १५, रु २० करोड ९ लाख ७६ हजारका २७ रु.१० करोड ६३ लाख ८२ हजारका १५ र रु.७५ लाखका ३ वटा गरी कुल रु.४५ करोड ३४ लाख ८ हजारका ६० योजनाहरुमा बजेट खर्च भएको छैन। यसबाट सडक संजालको उद्देश्य पूरा हुने देखिदैन। मन्त्रालयले मातहतका निकायहरुमा स्वीकृत कार्यक्रम सम्पन्न हुने गरी बजेट अख्तियारी प्रदान गर्ने र योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।	
३	३	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६)२ (मा एकभन्दा बढी कार्यालयबाट खर्च गर्नुपर्ने अवस्थामा तालुक मन्त्रालयले विनियोजन ऐन जारी भएको सात दिनभित्र बाँडफाँड भएको रकमको जानकारी सम्बन्धित कार्यालयलाई दिनुपर्ने तथा एक पटक बाँडफाँड गरिसकेपछि पटक पटक बाँडफॉड गर्न नहुने उल्लेख छ। आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५।३।३१ मा मन्त्रालयलाई अख्तियारी दिइएकोमा यस मन्त्रालयले मातहतका कार्यालयलाई प्रथम पटक २०७५ मंसिरमा खर्च गर्ने अख्तियारी दिएको, ततपश्चात् पटक पटक बजेट संशोधन गरी आर्थिक वर्षको अन्तसम्म पनि अख्तियारी पठाएको छ। आषाढमा दिएको अख्तियारी तथा बजेटबाट काम गर्न कठीनाई हुने भएकोले मातहतका कार्यालयलाई एकमुष्ट बजेट र अख्तियारी दिई गरिने कार्यको ठेक्का	• विनियोजन ऐन बमोजिम तालुक निकायले सम्बन्धित् कार्यालयलाई एकपटक बाँडफाँड गरेको रकम पुनः बाँडफाँड गर्न नमिल्नेमा ऐन विपरीत पटक पटक बजेट संशोधन गरी आ.व. को अन्त्यसम्म पनि अख्तियारी पठाएको देखिन्छ। यस्तो प्रवृत्तिले बजेट अनुशासन कायम हुन नसक्ने भएकोले अब आइन्दा यस्तो कार्य नगर्न नगराउन निर्देशन दिने। • ऐन विपरीत आ.व .को अन्तिम महिनामा अख्तियारी दिने र समय अभाव देखाई उपभोक्ता समिति मार्फत् रु.१२ करोड ५७ लाख ५० हजारको सिधै खरिद गरेको नियमसम्मत देखिएन। एक महिनामा गर्न सम्भव नदेखिएको उक्त कार्य गर्दा बजेटको अनियमित खर्च भएकोले सो कार्यमा संलग्न पदाधिकारी एवं उपभोक्ता समितिलाई कारबाही गर्न निर्देशन दिने। साथै उक्त रकम नियमित गरी सोको प्रमाण पेश गर्न

		बन्दोबस्त सहित अन्य व्यवस्थापकीय कार्यलाई सहज बनाउनु पर्दछ। काभ्रेपलाञ्चोक जिल्लामा ७५ र सिन्धुपाल्चोक जिल्लामा ६५ गरी १४० वटा क्रमागत खानेपानी आयोजनालाई भैपरी आउने विकास कार्यक्रमबाट २०७६ आषाढमा रु.१२ करोड ५७ लाख ५० हजारको अख्तियारी दिएकोमा समय अभाव देखाई प्रतिस्पर्धा वेगर उपभोक्ताबाट सिधै खरिद कार्य गराएको छ। एक महिनाको अवधिमा पाइप र फिटिङ्गस खरिद सहित कार्य सम्पन्न गर्न संभव देखिदैन। यस प्रकार आर्थिक वर्षको अन्त्यमा बजेट निकासा दिई उपभोक्ता समितिमार्फत कार्य गराउने प्रवृतिमा सुधार गर्नुपर्दछ।	निर्देशन दिने।
४	४	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६.२) मा वजेटमा व्यवस्था भएको रकम अवण्डा राखी पटक पटक गरी खर्च गर्न नहुने व्यवस्था छ। तर मन्त्रालयले यस वर्ष एक शिर्षकमा रु.५ करोड अवण्डा राखेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७६।०१।२४ मा २.२ करोड ३६ लाख चालुतर्फ र रु.२ करोड ६४ लाख पूँजीगततर्फ रकमान्तर गरी मन्त्रालय अन्तर्गत निकायलाई अख्तियारी दिएको छ। ऐन विपरित गरिने कार्यमा सुधार हुनुपर्दछ।	विनियोजन ऐन बमोजिम योजना तथा कार्यक्रम स्वीकृत भईसकेपछि पनि अवण्डा शिर्षकमा बजेट व्यवस्था गर्नु नियमसम्मत् देखिँदैन। मन्त्रालयले ऐन विपरीत पूँजीगत तर्फ रु.२ करोड ६४ लाख र चालुतर्फ रु.२ करोड ३६ लाख गरी जम्मा रु.५ करोड रकमान्तर गरी मातहत निकायबाट खर्च गरेको नियमसम्मत् नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।
५	५	संघीयताको कार्यान्वयन र प्रदेश स्तरीय कार्यालयको क्षमता वृद्धि, मागमा आधारित सन्तुलित योजना तथा कार्यक्रम	• नीति तथा कार्यक्रम एवं बजेटमा उल्लेख भएका कतिपय कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन, प्रदेश सरकारको

		सञ्चालन, नतिजा केन्द्रित अनुगमन प्रणालीको व्यवस्था मार्फत जनतामा सुशासनको प्रत्याभूति प्रदान गर्ने, प्रदेशको आर्थिक एवं सामाजिक रुपान्तरणका आधारशीला तयार गर्ने २०७५१७६ को बजेटको उद्देश्य रहेको छ।यो वर्ष खानेपानीको अभाव भएका अति सुख्खाग्रस्त क्षेत्र र सुख्खा क्षेत्रमा प्राथमिकताका साथ खानेपानी आयोजना प्याउन सतह १११ वटा पानी पोखरी निर्माण, २७५४ धारा जडान १३३२ मिटर ढल जडान, २५ वटा आयोजनाहरु ठेक्का सम्झौता र १४ खानेपानी आयोजना निर्माण भईरहेको अवस्था छ।"मुख्यमन्त्री ग्रामीण सडक कार्यक्रम अन्तर्गत जिल्ला सदरमुकाम वा लोकमार्गदेखि स्थानीय तहको मुकामसम्म जोड्ने ५७ सडकलाई तीन वर्षमा कालोपत्रे गर्ने कार्यक्रममा १८ आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार भई निर्माण कार्य अगाडी बढेको र २० आयोजनाहरुको डि.पि.आर तयार भएको छ।प्रदेशको गौरव योजनाको रूपमा रहेको पुष्पलाल प्रदेश चक्रपथको सम्भाव्यता अध्ययन कार्य शुरु भएको अवस्था छ।प्रविधिको प्रयोग गरी सतह, भूमिङ्गट्ट, जलशाययुक्त स्रोतलाई लिफ्ट र सौर्य उर्जामा आधारित सिंचाई प्रणालीबाट सम्भाव्य स्थानमा सिंचाई सुविधा पुयाउने कार्यक्रमतर्फ स्वकत ५१७ मध्ये ९० योजना सम्पन्न भई १२५० हेक्टरमा सिचाइ सुविधा पुगेको भएपनि ३५० हेक्टरमा आशिक रुपमा मात्र सिचाई सुविधा पुगेकोछ।मुख्य शहरहरूको सवारी साधन पार्किङ	प्रगतिको मापकको रुपमा रहेका गौरवका योजना पहिचान गर्ने र पहिचान भएका कतिपय कार्यक्रम पनि समयमा नै कार्यान्वयनमा नहुनुले प्रादेशिक लक्ष्य हासिल गर्न सम्भव छैन।तसर्थ अब आइन्दा विनियोजित कार्यक्रम समयमा नै कार्यान्वयन गर्न निर्देशन दिने। • समितिले यसअघि पटक पटक यजोना छनौट प्रक्रियालाई प्रोजेक्ट बैंकमार्फत गर्न दिएको निर्देशन समेत पालना नगरी पहुँचका आधारमा योजना तथा कार्यक्रम छनौट गर्दा उक्त योजना कार्यान्वयनमा समस्या एवं विकासमा असन्तुलन देखिएकोले अब आइन्दा आवश्यकता र औचित्यताका आधारमा प्रोजेक्ट बैंकमार्फत् योजना छनौट गर्ने प्रणाली अबलम्बन गर्न निर्देशन दिने।

		समस्या समाधानका लागि सुविधा सम्पन्न बस पार्क निर्माण, पोष्ट बहादुर बोगटी (भीमफेदी - कुलेखानी) सुरुङ मार्ग र नुवाकोटको गणेस्थान-वेत्रावती सुरुड मार्गको सम्भाव्यता र प्रदेश तथा स्थानीय तहले निर्माण गर्ने सबै भौतिक संरचनालाई फरक क्षमता भएका व्यक्तिमैत्री बनाउने गरी भवन सहिता तथा अन्य पूर्वाधार निर्माण सम्बन्धी नीति बनाइ कार्यान्वयनमा ल्याइने कार्यहरुको थालनी नै भएको छैन। बजेटमा उल्लेखित कार्यक्रमहरु प्राथमिकतासाथ कायान्वयन गरी लक्ष्य हासिल गर्न पर्दछ ।	
६	६	यस वर्ष संघीय अर्थ मन्त्रालयको २०७५।११।२ को समपूरक अनुदानको मार्गदर्शन बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयलाई भौतिक पूर्वाधारतर्फ रु.६० करोडको आख्तयारी उपलब्ध गराएको छ। सो अनुरुप यस मन्त्रालयको कार्यक्षेत्रका १३ जिल्लाका सडक आयोजनाको लागि प्रदेश सरकारको ६० प्रतिशतले रु ९० करोड र संघीय सरकारको ४० प्रतिशतले रु ६० करोड समेत रु.१ अर्व ५० करोडको काम गर्नुपर्नेमा संघीय सरकारबाट प्राप्त रकम फिर्ता भएको छ। अतः समपूरक सम्बन्धी कार्यविधि, २०७५ अनुसार बजेटको कार्यान्वयन गर्नुपर्दछ।	विकास बजेटको रुपमा संघीय सरकारबाट प्राप्त अनुदान खर्च नभई फिर्ता हुनु प्रदेशको लागि ठूलो कमजोरी दखिन्छ। समयमा नै बजेट कार्यान्वयनमा लैजानु पर्छ। अब आइन्दा यस प्रकारको कमीकमजोरी नगर्न निर्देशन दिने।
७	७	संघबाट प्राप्त सर्शत र समपूरक अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय सञ्चित कोषमा	सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने।

		दाखिला गर्नुपर्दछ। यस मन्त्रालयले मातहत निकायलाई अख्तियारी दिएको सर्शत अनुदान खर्च भई संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने बाँकी रकमको स्रोतगत खर्च देखिने गरी एकीकृत वित्तीय विवरण तयार गरेको छैन । स्रोतगत स्थिति देखिने गरी आर्थिक विवरण तयार गर्नुपर्दछ।	
८	८	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा मातहतका कार्यालयबाट भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको चौमासिक, अर्धवार्षिक तथा वार्षिक विवरण लिई सो अवधि समाप्त भएको दुई महिनाभित्र भौतिक तथा वित्तीय पक्षको मूल्याङ्कन तथा समीक्षा गरी सार्बजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले बजेट तथा कार्यक्रमको चौमासिक प्रगति तयार गरेको छैन। साथै मन्त्रालयको वार्षिक बजेटको मध्यावधि मूल्याङ्कन र वार्षिक समीक्षा नगर्दा कार्यक्रम कार्यान्वयनको समग्र अवस्था उपर विश्लेषण गर्न सकिएन। चौमासिक तथा वाषिक प्रगतिको मूल्यांकन गरी आवश्यक सुधार गर्नुपर्दछ।	सुझाव बमोजिम मातहतका निकायको योजना तथा कार्यक्रम कार्यान्वयनको वित्तीय एवं भौतिक प्रगति विवरण अद्यावधिक रुपमा माग गर्ने, अनुगमन तथा मूल्याङ्कन गरी (चौमासिक अर्धवार्षिक र वार्षिक समीक्षाको) प्रगति प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिने।
९	९	यस मन्त्रालय र अन्तर्गतका कार्यालयमा कूल ८९९ दरवन्दी रहेकोमा ७३२ पदपूर्ति भई १६० जना रिक्त रहेको छ। सोमध्ये मन्त्रालयमा २ जना महाशाखा प्रमुख संघीय सरकारबाट काजमा रहेका छन्। रिक्त दरवन्दीको कारण अख्तियारी तथा कार्यक्रम उपलब्ध गराउन ढिलाई भएकोले मन्त्रालयको औषतमा ५७.२२ प्रतिशत खर्च भएको	कर्मचारी अभावका कारण मन्त्रालय र मातहतका निकायले प्रदान गर्ने सेवामा सुस्तता देखिनुका साथै कतिपय कार्यक्रम कार्यान्वयन हुन नसक्दा लक्ष्य अनुसारको प्रगति भएको देखिँदैन तसर्थ दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्न निर्देशन दिने।

		छ। त्यसैगरी मन्त्रालय तथा मातहतका निकायहरुमा कार्यालय प्रमख लगायत कर्मचारीहरुको पदस्थापनमा ढिलाई भएको कारण सेवा प्रवाहका साथै कार्यक्रम सञ्चालनमा समेत प्रभाव परेको छ। दरवन्दी बमोजिम पदपूर्तिको व्यवस्था मिलाई कार्यक्रम संचालन गर्नुपर्दछ।	
१०	१०	मन्त्रालयले यस वर्ष ६ खानेपानी तथा सरसफाई कार्यालयलाई बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएपश्चात् हिसाव मिलान गर्ने गरी कार्यरत कर्मचारीहरुलाई श्रावण, भाद्र, आश्विन र पर्व खर्च समेत गरी चार महिनाको तलब भत्ताका लागि सम्बन्धित कार्यालय प्रमुखको नाममा रु.३ करोड २१ लाख ६१ हजार पेश्की कायम गरी सापटी दिएको छ। जसबाट विकास निर्माण र सेवा प्रवाहमा संलग्न हुने मातहतका कार्यालयहरु कार्यक्रमको अभावमा ४ महिनाको अवधिभर प्रशासनिक कार्य बाहेकका कार्यमा संलग्न नभएको अवस्था देखियो।	कार्यालय प्रमुखको नाममा कायम पेश्कि फछ्र्यौटको प्रमाण पेश गर्न साथै कुनै पनि कार्यक्रम विना चार महिनासम्म भूक्तानी भएको तलब भत्ता नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।
११	११	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ तथा नियम ८ मा मन्त्रालयले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाभन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै र १० लाखभन्दा बढी रकमको खरिद गर्नुपर्दा आगामी आर्थिक वर्षको अनुमानित बजेट तथा वार्षिक कार्यक्रम तयार गर्दा खरिद योजना तयार गर्नुपर्ने र आर्थिक वर्षको स्वीकृत	सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम वार्षिक खरिद योजना/गुरुयोजना बनाई प्रतिस्पर्धामार्फत् खरिद नगरी मन्त्रालयले आ.व.मा रु.२० करोड ५३ लाख २६ हजार खर्च गरेको पाईएकोले उक्त खरिद कारवाही नियमसम्मत् नदेखिएको हुँदा नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।

		कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ। मन्त्रालयले यस वर्ष रु २० करोड ५३ लाख २६ हजार खर्च गरेकोमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाएको छैन। नियममा तोकिए बमोजिमका योजना बनाई गरिने काम व्यवस्थित गर्न पर्दछ।	
१२	१२	सार्वजानिक खरिद ऐनको दफा ७६)क (बमोजिम मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था भएबमोजिम मन्त्रालयले ६७ वटा प्रस्ताब माग गरेको, पांच लाख रुपैयासम्मको परामर्श सेवामा सार्वजानिक निकायको प्रमुख आफैले र सोभन्दा माथिको रकमको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई ऐनको दफा ३७ को प्रतिकूल नहने गरी सोझै वार्ताबाट खरिद गर्न सकिने उल्लेख भए अनुसार ६८ वटा प्रस्ताब माग गरी यस वर्ष १३५, टुक्रामा परामर्श सेवा खरिद गरेको छ। परामर्शसेवा सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्:	
१३	१२.१	सार्बजानिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार बीस लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गरी खानेपानीतर्फ २ वटा परामर्श सेवामा रु.६८ लाख ४३ हजार खर्च गरेको	• मन्त्रालयले परामर्श सेवा खरिदमा रु.१६ करोड ३१ लाख ३८ हजारको विना प्रतिस्पर्धा रु.२० लाख र रु.५ लाखभन्दा तलका १५५ टुक्रामा लागत अनुमान बनाई खर्च गर्दा रु.३ करोड ९३ लाख १६ हजार बढी व्ययभार परेको नियमसम्मत नदेखिएकोले सो रकम नियमित गरी

		छ, भने बाँकी रु.१६ करोड ३१ लाख ३८ हजारको २० लाख र रु.५ लाखभन्दा तलका १५५ टुक्रामा लागत अनुमान वनाई खर्च गरेको देखिएको छ। मन्त्रालयले खुल्ला रुपमा आशयपत्र माग गरी विस्तृत परियोजना प्रस्ताबको छनौंट तयार गर्दा लागत अनुमानभन्दा २४.१० देखि ३२.१६ प्रतिशतसम्म घटीमा कार्य भएको छ।तर सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ७२ र ८२ बमोजिम परार्मश सेवा खरिद गरी लागत अनुमानकै हाराहारीमा रु.१६ करोड ३१ लाख ३८ हजार खर्च गरेको छ।खुल्ला रुपमा आशयपत्र माग गरी विस्तृत परियोजना प्रस्ताब तयार गर्दा न्यूनतम २४.१० प्रतिशत घटीमा सम्पन्न भएको छ।तर प्रतिस्पर्धा नगराई सिधै काम गराउँदा घटीको न्यूनतम् प्रतिशतले रु.३ करोड ९३ लाख १६ हजार थप व्ययभार परेको देखियो।	बेरुजू फछ्र्यौंटको प्रमाण पेश गर्न निर्देशन दिने।कुन कुन वस्तु तथा सेवा खरिद गर्नु पर्ने हो समयमा नै आवश्यकताको पहिचान गरी सोको वार्षिक खरिद योजना तयार गरी एकमुष्ठ रुपमा प्रतिस्पर्धामार्फत् खरिद कार्य गर्न गराउन निर्देशन दिने।
१४	१२.२	परामर्शदाताबाट अध्ययन गराउने तर अध्ययन गरिएको योजनालाई तत्काल कार्यान्वयनमा नलैजाने र संस्थागत स्मरणको लागि व्यवस्थित अभिलेख नराख्ने जस्ता कारणले यस्तो खर्च प्रतिफलमुखी हुने अवस्था छैन।	परामर्शदाताबाट अध्ययन गरेका योजनाहरुलाई कार्यान्वयनमा नलैजाने गर्दा खर्चको प्रभावकारीता एवं उपलब्धी नहुने साथै बजेटको दुरुपयोग हुने भएकोले अध्ययन गरेको योजना तत्काल कार्यानव्यनमा लैजाने साथै उक्त योजनाहरुको व्यवस्थित् अभिलेख राख्न निर्देशन दिने।
१५	१२३.	तयार गरेका विस्तृत परियोजना प्रतिवेदन स्वीकृत नभएको कारण यो वर्ष परामर्श खर्च मात्र भएको छ।बजेटको सुनिश्चितता नगरेको कारण तयार गरेको प्रतिवेदनहरुको	• केन्द्रिय निकायको रुपमा रहेको मन्त्रालयले योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने नभई ऐन/कानूनको निर्माण एवं नीति तथा कार्यक्रम तय गर्ने, समस्याको पहिचान, समन्वय

		कार्यान्वयन हुने अवस्था छैन। आयोजना संचालन गरिने समय, बजेट, कार्यक्रम, कार्यनीति तयार नगरी कार्यान्वयनको सुनिश्चितता वेगर यो वर्ष पूंजीगत अनुसन्धानमा लेखेको खर्चको उपलब्धि अनिश्चित छ। श्रोतको सुनिश्चितता र विस्तृत परियोजना प्रतिवेदनमा भएको खर्चको आश्वस्तता र प्रतिबद्ध कार्यक्रमको रणनीति तयार गरी गरिएको खर्चलाई उपलब्धिमूलक बनाउन सोको मार्गचित्र प्रस्तुत गर्नुपर्दछ। नीति निर्माण, अनुगमन जस्ता कार्यमा केन्द्रीत हुनुपर्ने निकाय स्वयम आयोजनाको सर्वेक्षण, विस्तृत परियोजना प्रतिवेदन तयारी लगातयका कार्यमा हुने संलग्नता उपयुक्त होइन।	एवं सहजीकरण गर्ने र मातहतका निकायले गरेको कामको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेमा मन्त्रालय स्वयम् परामर्श सेवा खरिद जस्ता स-साना कार्यमा व्यस्त भएको देखिएकोले अब आइन्दा मन्त्रालय स्वयम्ले यस्ता कार्य नगर्न निर्देशन दिने। • आयोजना कार्यान्वयनको लागि बजेटको पूर्व सुनिश्चितता एवं अध्ययन भएका प्रतिवेदनको अनिवार्य कार्यान्वयनका लागि आवश्यक बजेटको सुनिश्चितता तथा रणनीति वेगर प्रतिफल अनिश्चित हुने गरी बजेट खर्च नगर्न नगराउन निर्देशन दिने।

१६	१३	बागमती प्रदेश अन्तर्गतका १३ वटै जिल्लामा गत विगतमा विभिन्न निकायबाट तयार भएको विस्तृत परियोजना प्रतिवेदनहरु सङ्कलन गरी मन्त्रालयले आफ्नो कार्य क्षेत्रभित्र पर्ने जिल्ला स्थित सडक, सिचाई, खानेपानी लगायतका प्रमुख आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदनहरु प्रदेश मापदण्ड अनुसार पुनरावलोकन गर्न विभिन्न १२ टुकामा सिधै परामर्श सेवा लिई र, ४८ लाख ७५ हजार खर्च गरेको छ संघीय सरकारका निकायबाट तयार गरिएका ती प्रतिवेदनहरु यथास्थितिमा कार्यान्वयन नगरी थप खर्च गरेको छ। साविकमा जिल्ला स्तरिय कार्यालयबाट उपलब्ध गराईएका विस्तृत आयोजना प्रतिवेदन औचित्य नरहने, कार्य क्षेत्रमा परिर्वतन हुने भएकोले साविकको सर्भे तथा डिजाईन नर्समा आवश्यकताअनुसार परिर्वतन गर्ने सचिव स्तरिय निर्णय गरी कार्य गराएको मान्त्रालयले उल्लेख गरेको छ। विगतमा अध्ययन भई प्राप्त सूचनाको अद्यावधिक गर्ने कार्य नियमित कार्य भएको र मौजुदा जनशक्तिबाट सम्पादन हुन सक्नेमा पुनः परामर्श सेवा लिएको उपयुक्त देखिएन। यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।	संघीय सरकारबाट तयार भएको प्रतिवेदन कार्यान्वयन नगरी प्रदेश मापदण्ड अनुसार पुनरावलोकन गर्ने भनी १२ टुक्रामा विभाजन गरी ऐन विपरीत सोझै परामर्श सेवा रु.४८ लाख ७५ हजार खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै तयार भएको प्रतिवेदन कार्यान्वयन गर्न र अब आइन्दा प्रतिस्पर्धामार्फत् मात्र परामर्श सेवा खरिद गर्न निर्देशन दिने।
१७	१४	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययिता, गुणस्तरीय, रोजगारी सृजना गर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना मात्र उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद	प्रतिस्पर्धामार्फत निर्माण व्यवसायिबाट गर्नुपर्ने कार्यहरु उपभोक्ता समतिमार्फत् गराउन बजेट टुक्रा पार्ने र सम्बन्धित उपभोक्ता समितिले निर्माण व्यवसायिलाई नै कार्य गर्न दिनु ऐन विपरीत एवं स्वार्थपूर्ण देखिन्छ। यस सम्बन्धमा थप छलफल गरी निर्णय

		नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट हुने कार्य भारी उपकरण प्रयोग गरी सम्पन्न नगर्ने, जनसहभागीता गराउनु पर्ने र निर्माण व्यवसायिबाट गर्न नहुने उल्लेख छ। कायालयहरुले उपभोक्ता समिति मार्फत गराएका कार्यको सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छनः	लिन आवश्यक देखिएकोले समिति समक्ष सिफारिस गर्ने।
१८	१४१.	खानेपानी तथा सरसफाई सम्बन्धी क्रमागत आयोजनाहरुको लागत अनुमान स्वीकृत गदा डिस्ट्रीव्युसन पाइप लाइन लगायतको श्रममूलक कार्यमा कम्तिमा २० प्रतिशत जनसहभागिताबाट गराउने गरी स्वीकृत गरेको छ। खानेपानी तथा सरसफाई डिभिजन मकवानपुरबाट जनसहभागिता बेगर ३६ वटा टंकी, इन्टेक, प्रोटेक्सन र ट्रान्समिसन पाइप लाइनका कार्य उपभोक्ता समितिबाट गराई यो बर्ष रु.६ करोड ५१ लाख ११ हजार भुक्तानी गरेको छ। जटिल प्राविधिक काम जनशक्ति, उपकरण र स्रोत नभएका र हस्तान्तरण नहुने कार्य उपभोक्ता समितिबाट गराउने, योजना कार्यान्वयनमा जनसहभागिता गराउने, खर्च सार्वजनिक गर्ने जस्ता कानुनी प्रावधानहरुको पालना सम्बन्धमा पनि ध्यान दिएको देखिएन। उपभोक्ता समितिको क्षमता भित्र पर्ने काम मात्र त्यस्ता समितिबाट गराउनु पर्दछ।	• खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुरले उपभोक्ता समितिमार्फत् टंकी, इन्टेक, प्रोटेक्सन र ट्रान्समिसन पाइप लाईन निर्माण गराई रु.६ करोड ५१ लाख ११ हजार भूक्तानी गरेकोमा लागत सहभागिताको २० प्रतिशतले हुन आउने रकम कट्टा नगरी भूक्तानी गर्दा बढी व्ययभार परेको देखिन्छ। ऐन विपरीत लागत सहभागिताको अंश कट्टा नगरी बजेट खर्च गरेको नियमसम्मत नदेखिएकोले आवश्यक निर्णयको लागि समिति समक्ष सिफारिस गर्ने। • अब आइन्दा उपभोक्ता समितिबाट जटिल प्रकृतिका कार्य नगर्न नगराउन साथै लागत सहभागिता अनिवार्य गर्न गराउन निर्देशन दिने।

१९	१४२.	संघीय सरकारको खानेपानी तथा सरसफाई आयोजनाहरुमा सहलगानीको अवधारणा अनुसार लागत अनुमानको ७०%, नेपाल सरकार र ३०% उपभोक्ता संस्थाको हुने व्यवस्था गरेको छ। प्रदेश सरकारले कृषि क्षेत्रमा लाभगाही समूहबाट कार्य गराउदा १० प्रतिशत लागत सहभागिता जुटाउने गरी परिपत्र गरेको छ मन्त्रालयले केही काममा लाभग्राही समूहबाट कार्य गराउदा लागत सहभागिता जुटाउन नपर्ने गरी निर्देशन पनि जारी गरेकोले यस विषयमा एकरुपता छैन। खानेपानी तथा सरसफाई डिभिजन न.४ रामेछापले उपभोक्तालाई जिम्मा दिएका कार्यमध्ये विद्युतको सामान सप्लाई, जी आई पाइप तथा फिटिङ्गस, खरिद, र इलेक्ट्रीकल वर्क लगायत कार्य २ उपभोक्ता समितिसँगको ४ सम्झौताबाट गराई रु.३ करोड ३९ लाख २ हजार भक्तानी गरेको छ। त्यस्तै रु.१ करोड ९६ लाख लागत अनुमान भएको गेलु लिफ्ट खानेपानी आयोजना र रु.१ करोड ५७ लाख लागत अनुमान भएको तामाकोशी नगिला लिफ्ट खानेपानी आयोजनाको कार्य रु.१ करोड भित्र पार्न २ टुक्रामा विभाजन गरी एकै उपभोक्ता समितिबाट गराएको छ। उपभोक्ता समितिवाट काम गराउँदा द्वैमा लागत सहभागिता जुटाएको छैन। कन्टिन्जेन्सी, ओभरहेड र मू.अ.कर समेत रु.१ करोड लागत अनुमान सम्मको कार्य उपभोक्ता समितिबाट गराउनुपर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को पालना गरेको	• प्रदेश सरकारले कृषि क्षेत्रमा लाभग्राही समूहबाट कार्य गराउँदा १० प्रतिशत लागत सहभागिता रहने निर्णय गरेको यद्यपि खानेपानी तथा सरसफाई डिभिजन, रामेछापले विद्युतको सामान सप्लाई, जी.आई पाइप तथा फिटिङ्गस, खरिद र इलेक्ट्रिकल वर्क लगायतका कार्य दुई वटा उपभोक्ता समितिबाट गराई रु.३ करोड ३९ लाख २ हजार भूक्तानी गरेको र रु.१ करोड ९६ लाख लागत अनुमान भएको गेलु लिफ्ट खानेपानी आयोजना र रु.१ करोड ५७ लाख लागत अनुमान भएको तामाकोशी नगिला लिफ्ट खानेपानी आयोजनाको कार्य रु.१ करोड भित्र पार्न २ टुक्रामा विभाजन गरी एकै उपभोक्ता समितिबाट गराई लागत सहभागिता समेत कट्टा नगरी भूक्तानी गर्दा लागत सहभागिताको १० प्रतिशतले हुन आउने रकम बढी व्ययभार परेको देखिन्छ। त्यस कारण यस विषयमा देहाय बमोजिम गर्ने । • सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम लागत सहभागीता अनिवार्य गर्न गराउन निर्देशन दिने। • ऐन विपरीतका निर्णय एवं निर्देशन गर्ने र तोकिएको कार्यविधि विपरीत कार्यक्रम सञ्चालन गरी भूक्तानी गर्ने संलग्न पदाधिकारीलाई सचेत गराई अब आइन्दा त्यसो नगर्न गराउन निर्देशन दिने। • अन्य कुराहरु सुझाव बमोजिम गर्न निर्देशन दिने। • सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धामार्फत गराउनुपर्ने

		छैन। नियमको अनुशरण गरी खरिद कार्य गर्नुपर्दछ।	कार्य स्वार्थपूर्ण ढङ्गबाट बजेट टुक्रा पारी एकै उपभोक्ता समितिमार्फत कार्य गराएको देखिएकोले ऐन विपरीत यस्तो कार्य गर्ने गराउने सम्बन्धित पदाधिकारीलाई कारबाही गर्न निर्देशन दिने।
२०	१४३.	भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालय, काभ्रेले १४ उपभोक्ता समिति मार्फत बोरिङ्ग गर्ने कार्य, पम्पधर, वितरण प्रणाली र टंकी निर्माण, विद्युतीकरण सम्बन्धी कार्यको रु.२ करोड ६ लाख ५७ हजार, ५ लिफ्ट सिंचाई योजना निर्माण कार्यको रु १ करोड २५ लाख ९३ हजार र ११ डीप बोरिङ्ग र स्यालो ट्यूबवेलको रु.७ करोड ९९ लाख ७८ हजार समेत रु.११ करोड ४२ लाख २८ हजार काम उपभोक्ता समितिबाट गराई खर्च लेखेको छ। प्राविधिक रुपले जटिल, दक्ष प्राविधिक र मेशिनको उपयोग हुने कार्य गराउँदा योजनाहरुको स्वीकृत लागत अनुमानको आधारमा प्रतिस्पर्धा गराएर निर्माण व्यवसायीहरु मार्फत कार्य गराउनुको सट्टा उपभोक्ता समितिहरुसंग सम्झौता गरी कार्य गराएको छ। उपभोक्ता समितिबाट जटिल प्रकृतिको काम गराउँदा लागत सहभागिता समेत जुटाएको छैन। जनसहभागीता सुनिश्चित नहुने तथा जटिल प्रकतिको कार्य प्रतिस्पर्धाको माध्यबाट गराउनुपर्दछ।	भूमिगत जलस्रोत तथा सिँचाई कार्यालय, काभ्रेले डीप बोरिङ्ग, पम्पघर, वितरण प्रणाली, टंकी एवं स्यालो ट्युवेलको निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराई रु.११ करोड ४२ लाख २८ हजार खर्च गरेको छ। उक्त निर्माण कार्यमा लागत सहभगिता नगराएको नियमसम्मत नेदेखिएकोले आवश्यक निर्णयको लागि समिति समक्ष सिफारिस गर्ने।
२१	१४४.	पूर्वाधार विकास कार्यालय रामेछापले २ उपभोक्ता समितिबाट सडक निर्माण गराउन रु ५७ लाख ५१ हजारको सम्झौता	उपभोक्ता समितिमार्फत निर्माण गर्ने सम्झौता गरी अधिकांश कार्य निर्माण व्यवसायिबाट गराउने कार्य ऐन विपरीत भएकोले

		गरेको मध्ये रु.४१ लाख १ हजार अर्थात ७५३० प्रतिशतको कार्य निर्माण सेवाबाट गराएको देखियो। नियमको प्रतिकूल हुने गरी गरिने यस्ता कार्य पूर्णतया नियन्त्रण पर्दछ।	नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै उपभोक्ता समितिबाट कार्य गराउँदा मेसिनको प्रयोग नहुने सरले कार्य मात्र उपभोक्ता समितिलाई दिन र उपभोक्ता समितिले जिम्मा लिएको कार्य स्वयम् समितिको सक्रियतामा सम्पन्न गर्ने, निर्माण कम्पनीलाई दिन नपाउने प्रादेशिक नीति तयार पार्न निर्देशन दिने।
२२	१४५.	सहरी विकास तथा भवन कार्यालय, मकवानपुरले ६ उपभोक्ता समितिसंग सम्झौता गरी रु २ करोड ८६ लाख ३७ हजारको ६ भवन निर्माण कार्य गराई रु.२ करोड ४८ लाख ६२ हजार भुक्तानी गरेको छ। प्राविधिक रुपमा जटिल निर्माण कार्य उपभोक्ता समितिबाट गराएको, निर्माण कार्यमा लागत सहभागिता समेत नजुटाएको र कार्यालयवाट बोलपत्रबाट निर्माण भएका संरचनाहरुमा प्रतिस्पर्धा र कार्यकुशलताले गर्दा ३८ प्रतिशतसम्म घटीमा कार्यसम्पन्न भएको अवस्थामा प्रतिस्पर्धा वेगर उपभोक्ता समितिबाट गराएको छ। यस्ता कार्य प्रतिस्पर्धाबाट हुनुपर्दछ।	ऐन विपरीत उपभोक्ता समितिमार्फत कार्य गराई लागत सहभागिता समेत कट्टा नगरी जटिल प्रकृतिको कार्यमा रु.२ करोड ४८ लाख ६२ हजार भूक्तानी गरेको नियमसम्मत नदेखिएकोले आवश्यक निर्णयको लागि समितिसमक्ष सिफारिस गर्ने।
२३	१५	आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा ५० प्रतिशत मूल्य अभिवृद्धि कर सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयहरुले २०७६।२।१६ देखिको भुक्तानीमा ५०	उल्लेखित निकायहरुले मू.अ.कर कट्टा नगरी भूक्तानी दिएको रु.२९ लाख ३१ हजार मू.अ.कर समायोजनको प्रमाण पेश गर्न निर्देशन दिने। साथै अब आइन्दा ऐन बमोजिम कर कट्टा गरेर मात्र भूक्तानी दिन समेत निर्देशन दिने।

		प्रतिशत राजस्व शीर्षकमा दाखिला नगरी भुक्तानी दिएको र उक्त रकम समायोजन भएको समेत देखिदैन। भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालय, चितवनले रु ५ लाख ३३ हजार, जलस्रोत तथा सिंचाइ कार्यालय, चितवनले रु.२ लाख ६६ हजार, यातायात पूर्वाधार निर्देशनालयले रु ३ लाख ९८ हजार, पूर्वाधार विकास कार्यालय चितवनले रु १२ लाख ६५ हजार, ललितपुरले रु.२ लाख २७ हजार, काभ्रेले रु.२ लाख ३२ हजार समेत र.२९ लाख ३१ हजार भुक्तानी दिएको रकमको मुल्य अभिवृद्धिकर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।	
२४	१६	सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीमा समावेश गर्न पाउने व्यवस्था रहेको छ। दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाईकल मर्मत कार्यालय तथा स्टेशनरी, छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यालय संचालन खर्चमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले रु.६५ लाख १ हजार, मकवानपुरले रु. ४३ लाख ६९ हजार, भक्तपुरले रु.९० लाख ५१ हजार, पूर्वाधार विकास कार्यालय, चितवनले रु१ करोड ४६ लाख १४ हजार, काभ्रेपलाञ्चोकले रु.६२ लाख १८ हजार, ललितपुरले रु.४९ लाख ८७	ऐन विपरीत उल्लेखित निकायहरुले कन्टिन्जेन्सी खर्च शिर्षकमा जथाभावी खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरेर मात्र खर्च गर्न निर्देशन दिने।

		हजार, सिन्धुपाल्चोकले रु.९१ लाख ५६ हजार, नुवाकोटले रु.४८ लाख ३२ हजार, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, चितवनले रु.५६ लाख ३ हजार, नुवाकोटले ६८ लाख २८ हजार, दोलखाले रु.६३ लाख ८२ हजार, काभ्रेले रु.५३ लाख ३४ हजार र डिभिजन सडक कार्यालय रामेछापले रु.३२ लाख ७७ हजार समेत रु.८ करोड २४ लाख ६५ हजार खर्च गरेका छन्।नियममा विस्तृत व्यवस्था गरी कन्टिन्जेन्सी खर्चको कार्यविधि समेत तर्जुमा गरी खर्च गर्नुपर्दछ।	
२५	१७	सार्वजनिक खरीद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार बीस लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्दा ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गरी खरीद गर्न सक्ने व्यवस्था छ।यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:	• सम्बन्धित् निकायले आर्थिक वर्षभित्र खरिद गर्नुपर्ने आवश्यक वस्तु तथा सेवाको समयमा नै पहिचान गर्ने र सोको वार्षिक खरिद योजना तयार गरी एकमुष्ठ रुपमा प्रतिस्पर्धा मार्फत् खरिद कार्य गर्न गराउन निर्देशन दिने। • निर्देशनालयले खरिद गुरुयोजना र वार्षिक योजना बेगर विभिन्न टुक्रामा विभाजन गरेर ३५ वटा फर्मबाट परामर्शदाताको प्रस्ताव छनौट गरी परामर्श सेवामा गरेको खर्च नियमसम्मत नदेखिएकोले सोको नियमित गरी बेरुजू फछ्र्यौटको प्रमाण पेश गर्न निर्देशन दिने। • सम्झौता अनुसार समयमा इन्सेप्सन र ड्राफ्ट रिपार्ट पेश नगरी अन्तिम प्रतिवेदन पेश गरेको आधारमा उक्त प्रतिवेदनको अध्ययन तथा छलफल समेत नगरी सोझै भूक्तानी दिएको देखिएकोले उक्त कार्यमा संलग्न
२६	१७१.	निर्देशनालयले यो वर्ष रु.४ करोड ६४ लाख ८४ हजार लागत अनुमानको परामर्श सेवा ३५ वटा फर्मबाट रु.४ करोड ४० लाख ७० हजारको खरिद गरेर यो बर्ष रु २ करोड ८६ लाख ३० हजार खर्च गरेको छ।खरिद गुरुयोजना र वार्षिक योजना बेगर विभिन्न टुक्रामा विभाजन	

		गरेर परामर्शदाताको प्रस्ताव छनौट भएको देखियो। बजेटको आकार र कामको प्रकृति अनुसार प्रतिस्पर्धा गराई कार्य गर्नुपर्दछ। सम्झौता अनुसार इन्सेप्पसन रिपोट, ड्राफ्ट रिपोट र फाइनल रिर्पोट पेश गर्नुपर्नेमा अधिकांश फर्महरूले एकै पटक अन्तिम प्रतिवेदन पेश गरी भुक्तानी माग गरेको देखिन्छ। टर्स अफ रिफरेन्स अनुसार काम गरे नगरेको मूल्यांकन गरेको देखिदैन। परामर्शदाताबाट अध्ययन गराउने तर अध्ययन गरिएको योजनालाई तत्काल कार्यान्वयनमा नलैजाने र संस्थागत स्मरणको लागि व्यवस्थित अभिलेख नराख्ने जस्ता कारणले यस्तो खर्च प्रतिफलमुखी हुने अवस्था छैन।	पदाधिकारीलाई कारबाही गर्न निर्देशन दिने। • परामर्शदाताबाट अध्ययन गरेर योजनाहरुलाई कार्यान्वयनमा नलैजाने गर्दा खर्चको उपलब्धी नहुने साथै बजेटको दुरुपयोग हुने भएकोले अध्ययन तथा गुरुयोजना तयार गरेको योजना तत्काल कार्यानव्यनमा लैजाने साथै उक्त योजनाहरुको व्यवस्थित् अभिलेख राख्न निर्देशन दिने।
२७	१७२.	विस्तृत परियोजना प्रतिवेदन तथा सर्भे कार्यमा पूर्वाधार विकास कार्यालय, रामेछापले ५ सड़क योजनामा रु.५२ लाख ३९ हजार र जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रामेछापले ३ सिचाई योजनाको लागि रु १९ लाख ४५ हजार खर्च गरेको देखियो। उक्त कार्यको प्रतिवेदन जिन्सी आम्दानी बाँधेको छैन। प्रतिस्पर्धाको माध्यमले कार्य नगराई सोझै परामर्शदातासँग प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नु उचित देखिएन। यसमा सुधार हुनुपर्दछ।	पूर्वाधार विकास कार्यालय, रामेछापले ५ सड़क योजना र जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रामेछापले ३ सिचाई योजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण तथा सर्भे कार्यको लागि सोझै परामर्शदातासँग प्रस्ताव माग गरी परामर्श सेवा खरिदमा जम्मा रु.७१ लाख ८४ हजार खर्च गरेको नियमसम्मत देखिएन सोको नियमित गरी प्रमाण पेश गर्न निर्देशन दिने। साथै उक्त कार्यको प्रतिवेदन जिन्सी आम्दानी बाँधि प्रमाण पेश गर्न समेत निर्देशन दिने।
२८	१८	क्रमागत आयोजना सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाका लागि रु १० करोड भन्दा बढी रकमको	क्रमागत आयोजना स्वीकृत भई कार्यान्वयनमा गएकामध्ये आ.व.२०७५/७६ मा १५१ आयोजनामा बजेट विनियोजन नहुँदा आयोजना अलपत्र परेको एवं अध्ययनमा मात्र खर्च

		खरिद गर्दा खरिद गुरुयोजना स्वीकृत गराउनु पर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन भक्तपुर अन्तर्गत काठमाडौमा १३२, भक्तपुरमा २८ र ललितपुरमा ५१ समेत २११ वटा खानेपानी योजना निर्माणको क्रममा रहेको देखियो । आ.व २०६४/६५ देखि २०७४/७५ सम्म शुरुवात भएका उक्त आयोजनाहरुमध्ये १५१ आयोजना स्वीकृत भएर पनि २०७५/७६ मा बजेट विनियोजन नभएको, ६४ आयोजनामा २०७४।७५ सम्म रु.६५ करोड ९७ लाख १३ हजार खर्च हुदाँ समेत आयोजना सम्पन्न नभएको अवस्था छ।यो बर्ष बजेट विनियोजन नभै ती योजना अधुरो रहेको देखियो।आयोजनाहरुको कुल लागत अनुमान, शुरुवात र सम्पन्न हुने सयमको अद्यावधिक अभिलेख राखेको छैन।आयोजनामा प्राथामिकताको आधारमा बजेट विनियोजन गरी समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।	भएको देखिन्छ भने ६४ आयोजनामा आ.व.२०७४/७५ सम्म रु.६५ करोड ९७ लाख १३ हजार खर्च हुदाँ समेत आयोजना सम्पन्न नभएको र बाँकी कामको लागि आ.व.२०७५/७६ मा बजेट विनियोजन नभै आयोजना अधुरो रहँदा बजेटको दुरुपयोग हुने अवस्था देखिनुका साथै सम्बन्धित् आयोजनाबाट लाभान्वित जनसमुदाय खानेपानीको सुविधाबाट बञ्चितिमा परेकोले अध्ययन प्रतिवेदन तयार भएका एवं अधुरा आयोजनाहरु सम्पन्न गर्न निर्देशन दिने।साथै अब आइन्दा बजेट विनियोजन गर्दा क्रमागत एवं डि.पि.आर तयार भएका आयोजनामा प्राथमिकताका साथ बजेट विनियोजन गर्न निर्देशन दिने।
२९	१९	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ।यस सम्बन्धी देखिएका प्रमुख व्यहोरा निम्न छन :	
३०	१९१.	खानेपानी तथा सरसफाई डिभिजन नं.४, रामेछापले यो बर्ष विभिन्न १० फर्मबाट रु.५ लाखभन्दा घटीको टुक्रा पारी रू. ४२ लाख १ हजारको पाइप तथा फिटिग्स खरिद गरेको छ।फिटिङ्गस र ईलेक्ट्रीक पोल सप्लाईको वोलपत्रमा ४.१४ प्रतिशतदेखि ८.२२ प्रतिशतसम्म घटेको देखिएतापनि सोझै	ऐन विपरीत पाइप तथा फिटिङ्स खरिदमा रु.४२ लाख १ हजार खर्च गरको नियमसम्मत देखिएन नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।साथै अब आइन्दा प्रतिस्पर्धाबाट मात्र खरिद गर्न निर्देशन दिने।

		खरिद गर्दा लागत अनुमानकै हाराहारीमा खर्च भएको छ। खरिद योजना बनाई प्रतिस्पर्धी तवरले खरिद गर्नुपर्दछ।	
३१	१९२.	खानेपानी तथा सरसफाई डिभिजन, धादिङले यो वर्ष रु.८१ लाख ११ हजार, सिन्धुपाल्चोकले रु ९९ लाख १७ हजारको फिटिग्स खरिद तथा निर्माण कार्य टुक्राटुक्रा गरी १७ पटक मा खरिद गरेको, खानेपानी तथा सरसफाई डिभिजन भक्तपुरले यो बर्ष टुक्रा टुक्रा पारी २६ पटकमा पाइग, पम्म तथा फिटिंग्स खरीद गरी रु १ करोड १३ लाख ७० हजार र सोझै निर्माण कार्यमा रु ३७ लाख २५ हजार खर्च गरेको र खानेपानी तथा सरसफाई डिभिजन मकवानपुरले जी आई पाइप फिटिङ्गस, पम्प र टुल्स लगायत २९ पटकमा सोझै र खुला दरभाउपत्रबाट ३/३ वटा प्रस्ताव माग गरी खरिद गरेकोमा ० प्रतिशतदेखि १.३७ प्रतिशतसम्म घटीको प्रस्ताव स्वीकृत भएको छ। स्वीकृत कार्यक्रम अनुसार खरिद योजना बनाइ प्रतिस्पधी तवरले खरिद गर्नुपर्दछ।	उल्लेखित निकायहरुले ऐन विपरीत टुक्रा खरिदमा गरेको खर्च नियमसम्मत देखिएन नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै अब आइन्दा विना प्रतिस्पर्धा टुक्रा पारी सोझै खरिद कार्य नगर्न नगराउन निर्देशन दिने।
३२	२०	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७१)मा मू अ. कर ओभरहेड र कटिनजेनसी समेत एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ। खानेपानी तथा सरसफाई डिभिजन सिन्धुपाल्चोकले सम्बन्धित खानेपानी योजनाको पाइप, फिटिङ्गस् र ट्रान्सफरमर ३० टुक्राबाट	उपभोक्ता समितिमार्फत कार्य गराउन बजेट टुक्रा पारी पाइप फिटिङ्स र ट्रान्सफर्मर खरिद कार्यमा रु.३ करोड ६८ लाख १५ हजार खर्च गरेको र उक्त समितिले खरिद गरेको बीलका आधारमा सम्बन्धित आपूर्तिकर्तालाई भूक्तानी दिएको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने साथै अब आइन्दा यस्तो कार्य प्रतिस्पर्धामार्फत् गर्न

		रु.३ करोड ६८ लाख १५ हजारमा सम्बन्धित उपभोक्ता समितिले खरिद गरेको बिलको आधारमा २०७६ आषाढ २५ पछि उपभोक्ता समितिले सम्बन्धित आपूर्तकलाई भुक्तानी दिन अनुरोध गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखिंदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ। यस सम्बन्धी अन्य व्यहोरा निम्न छन्:	गराउन निर्देशन दिने।
३३	२०१.	खानेपानी तथा सरसफाई डिभिजन भक्तपुरले उक्त नियम विपरित उपभोक्ता समितिमार्फत रु.१ करोड बढीको हयूम पाइप, लगायत विभिन्न किसिमका सामग्रीहरु प्रतिपर्धा बेगर सिधै खरिद गरी रु.१ करोड १३ लाख ३६ हजार भुक्तानी गरेको छ। ढल निर्माण जस्तो जटिल प्रकृतिको कार्य र सामान खरिद कार्य समेत उपभोक्ता समितिबाट गर्नु नियमसम्मत देखिएन।	खानेपानी तथा सरसफाई डिभिजन भक्तपुरले उपभोक्ता समितिमार्फत रु.१ करोड बढीको हयूम पाइप, लगायत विभिन्न किसिमका सामग्रीहरु प्रतिपर्धा बेगर सिधै खरिद गरी रु.१ करोड १३ लाख ३६ हजार भुक्तानी गरेको नियमसम्मत नदेखिएको नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै अब आइन्दा जटिल प्रकृतिको कार्य र सामान खरिद कार्य उपभोक्ता समितिबाट नगर्न नगराउन निर्देशन दिने।
३४	२०२.	डीप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७५ को दफा १० अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा ३ प्रतिशत जनसहभागिता परिचालन गर्नुपर्नेमा खानेपानी तथा सरसफाई डिभिजन भक्तपुरले डीप वोरिङ्ग निर्माणका ८ खानेपानी योजनामा जनसहभागीता भएको देखिएन। उपभोक्ता समितिले नियम विपरित निर्माण व्यवसायिबाट कार्य गराउन नमिल्नेमा कन्ट्रयाक्टरबाट गराई रु.२ करोड ३६ लाख २१ हजार भुक्तानी दिएको छ। सार्वजनिक खरिद कानुनको पालना गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद कार्य गर्नुपर्दछ।	खानेपानी तथा सरसफाई डिभिजन भक्तपुरले डीप वोरिङ्ग निर्माणका ८ खानेपानी योजना विना प्रतिस्पर्धा सोझै उपभोक्ता समितिमार्फत् गराई रु.२ करोड ३६ लाख २१ हजार भुक्तानी दिएको देखिन्छ यद्यपि समितिले समेत नियम विपरित निर्माण व्यवसायिबाट कार्य गराएको साथै सम्बन्धित् निकायले ३ प्रतिशतले हुन आउने जनसहभागीता अंश कट्टा नगरी खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै अब आइन्दा ऐन बमोजिम

			प्रतिस्पर्धामार्फत् खरिद कार्य गर्न निर्देशन दिने।
३५	२१	खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुरले चांग-८ लिफ्ट खानेपानी उपभोक्ता समितिसँग पाइप लाइन खन्ने, पुर्ने, जडान गर्ने र ढुवानी गर्ने कार्यको लागि २०७६/१/६ मा रु.३५ लाख ३४ हजारको सम्झौता भएको मध्ये रु.१८ लाख ५९ हजार (५२.६० प्रतिशत) कार्य जनसहभागिताबाट गर्ने गरी तोकिएको छ। उपभोक्ता समितिले रु.४० लाख ३ हजारको कार्य गरेकोमा जनसहभागिताको रकम रु.२१ लाख ६ हजार कटा नगरी सवै भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रकम सम्बन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्दछ। किर्तिपुर बडा न १९ सल्यानथान डिप बोरिश उपभोक्ता समितिसँग रु. १८ लाख ११ हजार जनश्रमदान गर्ने गरी रु.५१ लाख २५ हजारमा सम्झौता भएको छ। उपभोक्ता समितिले रु. ३५ लाख ५४ हजारको कार्य गरेकोमा जनश्रमदान बापत हुने रु.१२ लाख ८१ हजार कट्टा नगरेकोले उक्त रकम असुल हुनुपर्दछ। त्यसैगरी कोइराला थोक भुर्तेल थोक खानेपानी योजना चन्द्रागिरी उपभोक्ता समितिसंग रु ९९ लाख ८९ हजारको सम्झौता अनुसार २० प्रतिशतले जनसहभागिता गर्ने गरी सम्झौता गरेको छ। उपभोक्ता समितिले रु.८० लाख ४८ हजारको मात्र कार्य गरेकोमा रु.८० लाख ४८ हजार नै भुक्तानी दिएको छ। तसर्थ जनश्रमदान वापत अनुपातिक कट्टी नगरेको	• चाँगु, ८ भक्तपुरको लिफ्ट खानेपानी उपभोक्ता समितिलाई (पाइप लाइन खन्ने, पूर्ने, जडान गर्ने र ढुवानी गर्ने कार्यको लागि) रु.२१ लाख ६ हजार बढी भूक्तानी दिएको असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। • सल्यानथान डीप बोरिङ्ग उपभोक्ता समिति, किर्तिपुर न.पा.१९ काठमाण्डौंलाई बढी भूक्तानी दिएको जनश्रमदान बापत्को रकम रु.१२ लाख ८१ हजार उक्त उपभोक्ता समितिबाट असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। • कोइरालाथोक भूर्तेल थोक खानेपानी योजना चन्द्रागिरी उपभोक्ता समितिलाई बढी भूक्तानी दिएको जनश्रमदान बापत्को रकम रु.१६ लाख ९६ हजार उक्त उपभोक्ता समितिबाट असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै कट्टा गर्नुपर्ने रकम कट्टा नगरी भूक्तानी दिने सम्बन्धित् पदाधिकारीलाई सचेत गराई अब आइन्दा लागत सहभागिताको अंश कट्टा गरेर मात्र भूक्तानी दिन निर्देशन दिने।

		रु.१६ लाख ९६ हजार असूल गर्नुपर्दछ।	
३६	२२	सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ मा योग्य वोलपत्र दातालाई खरिद प्रकृयामा सहभागी हुन विना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने उल्लेख छ।यसको लागि खास प्रकातिको बोलपत्रमात्र छनौट हुन सक्ने गरी अनुभव उल्लेख गर्न मिल्ने देखिदैन।पूर्वाधार विकास कार्यालय, चितवनले पुल निर्माण कार्यको बोलपत्र आव्हान गर्दा बोलपत्र सम्बन्धी कागजातको सि.न.२.४.२ मा स्पेशिफिक कन्स्ट्रक्सन एक्सपिरियन्समा पछिल्लो दश वर्षमा २.६७ करोडको २ पुल निर्माण गरेको हुनुपर्ने र रेडिमिक्स कंकीट प्रयोग गरी १५ मीटर लामो पुल निर्माण गरेको अनुभव हुनुपर्ने उल्लेख गरेकोले २ पुल निर्माण गरेको अनुभव भए तापनि रेडिमिक्स कंकीट प्रयोगको अनुभव नभएको कारण चनौली अमृतानगर सडक खण्डको पुल निर्माण कार्य र भवानीपुर मोटरेवल पुल निर्माण कार्यको लागि कमशः ५ र ७ वटा बोल पत्र दर्ता हुन आएकोमा एकमात्र निर्माण कम्पनी वाहेक अन्य बोलपत्र प्राविधिक मूल्यांकनको मुख्य अनुभवमा असफल भएको देखियो।उक्त कम्पनीसँग क्रमशः रु.२ करोड ८४ लाख ३८ हजार र रु ३ करोड ३ लाख ६५ हजार गरी रु.५ करोड ८८ लाख २ हजारमा सम्झौता गरेको छ।प्रतिस्पधा सीमित नहुने गरी बोलपत्र आहवान गर्नुपर्दछ।	बोलपत्र आव्हान गर्दा ऐन विपरीत प्रतिस्पर्धा समिति हुने गरी बोलपत्र कागजातमा शर्त निर्धारण गरेको नियमसम्मत नदेखिएको, यसरी बोलपत्र आव्हान गर्दा सीमित प्रतिस्पर्धीले मिलेमतोमा ठेक्का हात पार्ने र बोलकबोल रकम समेत बढ्न जाने अवस्था आउने देखिएको हुँदा अब आइन्दा सीमित व्यक्तिले मात्र सहभागि हुन पाउने गरी बोलपत्र आव्हान नगर्न नगराउन निर्देशन दिने साथै पुनः यस्तो कार्य दोहोरिएको पाइए कारबाही गर्ने समेत निर्देशन दिने।

३७	२३	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, ललितपुरले दर विश्लेषण गर्दा सबबेशको प्रति घ.मी.रु.२ हजार ७५५ को दर उल्लेख गरेकोमा प्रति घमी. रु.२ हजार ९८१ का दरले गणना गरी ८८८ घ.मी.मा प्रति घ.मी.रु.२२६ ले रु.२ लाख १ हजार र १४ थान म्यानहोल कभर प्रयोग हुने गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले २० थान खरिद गरेको बिल पेश गरेकोमा प्राविधिक मूल्यांकनमा ४० थान प्रयोग भएको देखाई २० थानको प्रतिगोटा रु १३ हजार ४४२ का दरले बढी भुक्तानी दिएको रु.२ लाख ६९ हजार समेत रु. ४ लाख ७० हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।	बढी भूक्तानी भएको रकम रु.२ लाख १ हजार र रु.२ लाख ६९ हजार समेत गरी रु.४ लाख ७० हजार सम्बन्धित पक्षबाट असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै अब आइन्दा यस्तो गल्ती नदोहोऱ्याउन समेत निर्देशन दिने।
३८	२४	पूर्वाधार विकास कार्यालय, नुवाकोटले मैलुङ-पैतिसकिलो-तिरु सडक निर्माण उपभोक्ता समितिको विलको आइटम नं ४ मा ब्रेकर लगाई प्रति घन मीटर रु.१ हजार ६०७ का दरले ९५३ घन मीटर कडा चट्टान फुटाउने कार्यको रु.१५ लाख ३२ लाख भुक्तानी गरेको छ। सडक तथा अन्य निर्माण कार्य गर्दा साईटमा उपलब्ध हुने ढुङ्गामध्ये कम्तीमा ४० प्रतिशत प्रयोग गर्नेगरी लागत अनुमान तयार गर्ने असल अभ्यासको आधारमा ३८१ घन मीटर दङ्गा प्रयोग गर्नुपर्नेमा कार्यालयले एकै चेनेजमा काम गर्दा पनि ती ढुङ्गा प्रयोग गरेको नदेखाई ७४४ घन मीटर ग्याविन वर्कको लागि आवश्यक पर्ने ढुङ्गा	बढी भूक्तानी भएको रकम रु.९ लाख ६४ हजार सम्बन्धित पक्षबाट असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै अब आइन्दा यस्तो गल्ती नदोहोऱ्याउन समेत निर्देशन दिने।

		प्रति घ.मी रु.१ हजार ५६२ का दरले रु ११ लाख ६२ हजारमा खरिद गरी प्रयोग गरेको देखाइएकोले साइटको स्थिति एकीन गरी रु.५ लाख ९५ हजार र धोविखोला पुलनिर्माण तथा संरक्षण कार्यको लागि कन्टिजेन्सी र जनश्रमदान कट्टा गरी रु.३८ लाख ८१ हजार भुक्तानी गर्ने गरी सम्झौता भएकोमा उक्त कार्यको अन्तिम बिल रु, ४२ लाख ५० हजार भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.३ लाख ६९ हजार समेत रु.९ लाख ६४ हजार असुल गर्नुपर्दछ।	
३९	२५	मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।पूर्वाधार विकास कार्यालय, रामेछापले मूल्य अभिवृद्धि कर रु.२२ लाख ६० हजार, चितवनले रु ३८ लाख ८८ हजार र प्रादेशिक सडक डिभिजन कार्यालय रामेछापले रु.२८ लाख ३६ हजार विभिन्न फर्मलाई भुक्तानी दिए पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो।उक्त कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्दछ।	ऐन विपरीत कट्टा गर्न बाँकी कर सम्बन्धित राजस्व खातामा दाखिला गरी कर समायोजन गरेको प्रमाण पेश गर्न निर्देशन दिने।

४०	२६	सार्वजनिक लेखा समितिले ठेक्का रकमको विल अफ क्वान्टीटीमा सवारी साधन राखी भुक्तानी नगर्ने २०६९।९।२ मा निर्देशन गरेको छ।पूर्वाधार विकास कार्यालय, रामेछापले २ ठेक्कामा सवारी साधन आपूर्तिको व्यवस्था राखी रु १ करोड ६० लाख ८६ हजार भुक्तानी गरेको छ।निर्माण कार्यसँग असम्बन्धित आइटम राखी अनियमित रुपले भुक्तानी गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।	पूर्वाधार विकास कार्यालय, रामेछापले समितिको निर्देशन विपरीत ठेक्कामा सवारी साधन आपूर्तिको व्यवस्था सहित रु.१ करोड ६० लाख भूक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने साथै अब आइन्दा यस्तो कार्य नगर्न नगराउन निर्देशन दिने।
४१	२७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३११) मा सार्वजनिक निकायले २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न छनः	
४२	२७१.	पूर्वाधार विकास कार्यालय, नुवाकोटले दर्शनटार तारुका सडक निर्माण गर्नको रु.२५ लाख ८१ हजारको लागत अनुमान तयार गरी बोलपत्रबाट घटी कबोल गर्ने एक कन्स्ट्रक्सन प्रा.लि. को रु.६२ लाख १८ हजार ३५.१० प्रतिशत कम कबोल अङ्ग स्वीकृत गरी अन्तिम बिलसम्मबाट रु ६१ लाख २४ हजार भुक्तानी दिएको छ तर बोलपत्रबाट बचत रकम सोही बाटोमा रु.१८ लाख ९२ हजार लागत अनुमान तयार गरी दरभाउपत्रको सूचना प्रकाशन गरेर घटिवाला सोही निर्माण सेवाको कबोल अङ्ग स्वीकार गरी	बोलपत्र मार्फत ठेक्का प्राप्त गर्ने निर्माण कम्पनीलाई नै सोही बोलपत्रको बचत रकमको लागत अनुमान बनाई दरभाउपत्रको सूचना प्रकाशन गरी घटीवाला सोही कम्पनी स्वीकार गरी रु.१८ लाख ७७ हजार भूक्तानी गरेको साथै लागत अनुमान टुक्रा पारी सोही निर्माण कम्पनीबाट रु.४ लाख ४८ हजार र अर्को निर्माण व्यवसायिबाट रु.४ लाख ८१ हजार सोझै कोटेशनको माध्यमबाट कार्य गराई भूक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।साथै अब आइन्दा ऐन विपरीत यस्तो कार्य गरेको पाइमा

		अन्तिम बिलबाट रु १८ लाख ७७ हजार भुक्तानी दिएको छ। यस प्रकार बोलपत्र प्रकाशन गरी निर्माण कार्य गराएको सडकमा पुनः लागत अनुमान टुक्रा पारी सोही निर्माण व्यवसायीबाट रु. ४ लाख ८ हजार र अर्को एक निर्माण व्यवसायीवाट रु. ४ लाख ८१ हजार सिधै कोटेशनको माध्यमबाट कार्य गराई लागत अनुमान कै रकम रु.८ लाख ६९ हजार भुक्तानी भएको छ। एउटै सडकमा चेनेज स्पष्ट नगराई कार्य गराउँदा खरिद योजना, विधि र मितव्ययिताको पालना नभएकोले यस्तो अस्वस्थ निर्माण कार्यमा नियन्त्रण हुनुपर्दछ।	कारबाही गर्ने निर्देशन दिने।
४३	२७२.	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। बोलपत्र तथा सिलबन्दी दरभाउपत्र प्रकाशन गरी खरिद गर्दा बचत हुन आएको रकमबाट पूर्वाधार विकास कार्यालय, नुवाकोटले ६ टुक्रामा रु. २५ लाख ६९ हजार र शहरी विकास तथा भवन कार्यालय, मकवानपुले बोलपत्रबाट कार्य गराउँदा लागत अनुमानभन्दा २८ प्रतिशत सम्म घटीमा कार्य गराएकोमा सोझै खरिद गर्दा स टुका काममा लागत अनुमान कै हाराहारीमा काम गराई रु ९४ लाख ६१ हजार भुक्तानी गरेको छ। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी निर्माण कार्य गराउनु पर्दछ।	• पूर्वाधार विकास कार्यालय, नुवाकोटले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट कार्य गराई बचत रकमबाट ऐन विपरीत प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी रु.२५ लाख ६९ हजार खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। • शहरी विकास तथा भवन कार्यालय, मकवानपुले बोलपत्रबाट कार्य गराउँदा २८ प्रतिशत घटीसम्ममा गराएको तर टुक्रा पारी सोझै खरिद गर्दा लागत अनुमानकै हाराहारीमा रु.९४ लाख ६१ हजार भूक्तानी गर्दा बोलपत्रको २८ प्रतिशत घटीलाई आधार मान्दा सोही बोजिमले बढी व्ययभार परेको देखिएकोले उक्त कार्य नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश

			गर्न निर्देशन दिने। साथै अब आइन्दा ऐन विपरीत सोझै खरिद कार्य नगर्न नगराउन निर्देशन दिने।
४४	२८	सार्वजनिक खरिद नियमावली, २०६४ को ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको विल भुक्तानी दिदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा उपभोक्ता समिति र कार्यालयले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर जनसहभागीता कट्टा नगरी जलस्रोत तथा सिंचाइ विकास डिभिजन, नुवाकोटको रु.१४ लाख ५८ हजार र काभ्रेको रु १२ लाख ३ हजार समेत रु. २६ लाख ६१ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।	बढी भूक्तानी दिएको (जलस्रोत तथा सिंचाइ विकास डिभिजन, नुवाकोट र काभ्रेले) रकम रु.२६ लाख ६१ हजार असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।
४५	२९	सार्वजनिक खरिद नियमावलीको नियम ९७ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्थाहरु रहेका छन। जलस्रोत तथा सिंचाइ विकास डिभिजन काभ्रेपलाञ्चोकले ७ आयोजनाको कार्य उपभोक्ता समितिबाट गराई रु २ करोड १५ लाख २३ हजार भुक्तानी गर्दा जनसहभागिता वा लागत सहभागिता	कार्यसम्पन्न भएको एकिन गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा भूक्तानी गर्ने र बाँकी अंशको कार्य नियमित कार्यान्वयन गरी सम्पन्न गर्न निर्देशन दिने। साथै लागत सहभागिताको अंश अनिवार्य रुपमा कट्टा गरेर मात्र भूक्तानी दिन समेत निर्देशन दिने।

		नगराई ग्याविन तार खरिद, ग्यावियन बक्स निर्माण, रिटेनिङ्ग वाल, पिसिसि कार्यहरु लगायत नदी नियन्त्रण र सिंचाई सम्बन्धी दक्ष जनशक्ति र मेशिन उपकरण आवश्यक पर्ने कार्यहरु समेत गरेकोछ।निर्माण कार्य गराउँदा सम्झौता अनुसारको काम गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कुडुले फाट पटगांउवेशि सिंचाई योजना को ७४ प्रतिशत, आँपटारजोगी सिंचाई योजना मण्डनदेउपुरको ४५ प्रतिशत र कमलामाई सिचाई योजना धुलिखेलको १२ प्रतिशत मात्र कार्य गरेको अवस्थामा कार्यसम्पन्न गरेकोले आयोजनाको निर्माण कार्य अधुरै रही लक्षित वर्गमा प्रतिफल पुगेको छैन।यस प्रकार आशिक कार्य गराई योजना फरफारक गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	
४६	३०	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ मा समयभन्दा अघि काम सम्पन्न गर्नेलाई पुरस्कार दिन सकिने व्यवस्था छ।सो अनुसार नारायणी लिफ्ट सिंचाइ कार्यालयले यो बर्ष ५ ठेक्काको निर्माण व्यवसायीलाई रु.६८ लाख ५१ हजार पुरस्कार दिएको छ।४५९ दिन ठेक्का अवधि रहेकोमा निर्माण व्यवसायीले १२३ दिनभित्र कार्य सम्पन्न भएको उल्लेख गरी ठेक्का रकमको १० प्रतिशत सम्म पुरस्कार दिएको छ।निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुसार वर्षयामको ३ महिना काम नहुने गरी उल्लेख भएकोमा सो अवधिको पनि पुरस्कार दिएको रु.५२ लाख	नियम विपरीत दिएको पुरस्कार रकम सम्बन्धित निर्माण व्यवसायिबाट असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।साथै अब आइन्दा जटिल र बढी अबधिको काममा मात्र तोकिएको आधार र मापदण्ड पूरा गरी पुरस्कारको व्यवस्था गर्न निर्देशन दिने।

		३९ हजार कटटा गर्नुपर्नेमा र ३ लाख ९३ हजार असूल गरेकोले बढी भुक्तानी गरेको ४८ लाख ४६ हजार थप असूल गर्नुपर्दछ। बढि अवधि लाग्ने जटिल प्रकृतिको काम समय अगावै सम्पन्न गरेमा पुरस्कार दिनु स्वभाविक भएपनि कम ठेक्का अवधी भएको काममा समेत बोनस राख्ने व्यवस्थाको अन्त्य हुनुपर्दछ।	
४७	३१	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५।१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश् देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ। प्रादेशिक सडक कार्यालय नुवाकोटले दुई निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिदा मोबिलाइजेशन पेश्की कट्टा गरी बाँकी रकममा मात्र मूल्य समायोजन भुक्तानी दिनु पर्नेमा सो नगरी पेश्की रकम समेतको मूल्य समायोजन भुक्तानी दिएकोले बढी भक्तानी भएको रु.६ लाख ६२ हजार र पूर्वाधार विकास कार्यालय, ललितपुरले मूल्य समायोजन गणना गदा फरक फ्याक्टर प्रयोग गरी बढी भुक्तानी दिएको रु.३ लाख १७ हजार समेत रु.९ लाख ७९ हजार असुल हुनुपर्दछ।	ऐन विपरीत बढी भूक्तानी भएको रकम असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।
४८	३२	सिन्धुपाल्चोकको टेकनपुर टौथली सिंचाई योजनाको पहिलो प्याकेजको काम २०६९।१०।१९ भित्र सम्पन्न गर्ने गरी एक निमाण व्यवसायिसँग २०६८।७।२० मा रु.१ करोड	सम्झौता थप भएर पनि समयमा कार्यसम्पन्न हनु नसक्दा बजेटको दुरुपयोग हुनुका साथै योजना अलपत्र पर्दा लाभान्वित समुदाय सेवाबाट वञ्चिताम परेको देखिएकोले बाँकी निर्माण कार्य

		५१ लख ४५ हजारमा सम्झौता भई रु.३९ लाख ८९ हजार खर्च भइसकेको र मूल्यवृद्धि समायोजन दावी नगर्ने र डिजाईन स्टिमेट परिमार्जन गरी काम गर्ने गरी २०७४।१।२५ सम्म म्याद थप गरेको भए तापनि यो आर्थिक वर्षमा समेत योजनाको काम भएको छैन। सम्झौताको शर्त अनुसार कार्य सम्पन्न गराउनु पर्दछ।	तत्काल कार्यान्वयन गरी निर्माण सम्पन्न गर्न निर्देशन दिने।
४९	३३	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुका पारी खरिद गर्न नहुने उल्लेख छ। जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, दोलखाले विगु ४ सिंगटी खोला नदी नियन्त्रण कार्यको लागि बोलपत्रको माध्यमबाट लागत अनुमानभन्दा ४६.९० प्रतिशत घटीमा काम गराएकोमा बचत रकमबाट पुनः बोलपत्र वा सिलवन्दी दरभाउपत्रबाट काम नगराई तीन निर्माण व्यवसायिबाट लागत अनुमान रु. ९ लाख ४२ हजार र तीन उपभोक्ता समितिबाट रु.९४ लाख ८२ हजारको काम गराएको छ। समयमै बोलपत्र वा सिलबन्दी दरभाउपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई बचत रकम खर्च गर्नु पर्दछ।	प्रतिस्पर्धा सीमित हुनगरी ठेक्काबाट बचत रकम विभिन्न टुक्रामा विभाजन गरी निर्माण व्यवसायी र उपभोक्ता समितिबाट कार्य गराई रु.१ करोड ४ लाख २४ हजार खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।

५०	३४	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्यसम्पन्न गरिसकेपछि सार्वजनिक निकायले उपभोक्ता समितिबाट भएका निर्माण कार्यको प्राविधिक कर्मचारीबाट वास्तविक नापी गरी नापी कितावमा चढाउनु पर्दछ। यो वर्ष शहरी विकास तथा भवन कार्यालय, काठमाण्डौले विभिन्न उपभोक्ता समिति वा लाभग्राही समुदायले विभिन्न आयोजनाहरुको निर्माण कार्यसम्पन्न गरिसकेपछि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीबाट नापजाँच गरेको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन परीक्षण गर्दा विभिन्न २४ उपभोक्ता समितिलाई दर विश्लेषणमा उल्लेख गरेकोभन्दा फरक दर राखी गणना गरेको तथा विभिन्न आईटमहरुमा नापी कितावमा उल्लेख भएका परिमाणहरूको गणना फरक पारी बढी भुक्तानी गरेको रु .९२ लाख ९२ हजार असुल गर्नुपर्दछ।	बढी भूक्तानी भएको रकम असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै प्राविधिक मूल्याङ्कन तथा नापजाँचमा संलग्न कर्मचारीलाई सचेत गराउँदै अब आइन्दा यस्तो त्रुटी नगर्न निर्देशन दिने।
५१	३५	सडक कालोपत्रे कार्य तत्काल गर्ने अवस्थामा मात्र बेस कोर्सको कार्य गराउनुपर्नेमा शहरी विकास तथा भवन डिभिजन कार्यालय, सिन्धुलीले सालघारी-दुधौली सडक स्तरोन्नति योजनामा आषाढ महिनाको अन्त्यतिर वर्षात् शुरुवात भइसकेपछि रु.६ लाख २० हजारको ३०२ मीटर बेस कोर्स गराई कालोपत्रे नगरी छाडेको पाइयो। वर्षा अधिनै कालोपत्रे समेत सम्पन्न गर्ने गरी सड़क निर्माण गर्नुपर्दछ।	सुझाव बमोजिम गर्न निर्देशन दिने।

५२	३६	यातायात व्यवस्था कार्यालयहर, काठमाण्डौ, ललितपुर, भक्तपुर र मकवानपुरका ६ कार्यालयबाट २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको नयाँ सवारीचालक अनुमति पत्र वितरण, नवीकरण तथा विदेशी सवारीचालक अनुमति पत्रको नेपालीकरण जस्ता सेवा प्रवाह हुँदै आइरहेको छ। यस वर्ष ६ कार्यालयले नयाँ सवारीचालक अनुमति पत्र जारी, नवीकरण जस्ता सेवा प्रवाहबाट रु.३ अर्व ९० करोड २२ लाख ८४ हजार राजस्व आर्जन भएको छ। सवारी चालक अनुमति पत्र लिनेको संख्या वृद्धि भए अनुरुप वितरण प्रक्रिया सरल र प्रभावकारी हुन सकेको छैन। कार्यबोझका तुलनामा कर्मचारीको संख्या कम रहेको, उपलब्ध जनशक्तिमध्ये पनि सूचना प्रविधिमैत्री जनशक्तिको न्यूनता रहेको, नियमित तालिमको व्यवस्था नभएको, ट्रायल पछि स्मार्ट कार्ड समयमा दिन नसकेको, प्रयोगमा ल्याइएको सफ्टवेयरको कनेक्टिभिटीमा बारम्बार समस्या आउने गरेको, सफ्टवेयरमा एकै सेवाग्राहीको दुई वा दुइ पटक भन्दा वढी इन्ट्री हुने गरेको अवस्था छ यातायात व्यवस्था कार्यालयबाट यस वर्ष सवारी साधनको नयाँ दता, नामसारी, रुट इजाजत, जांचपास लगायतबाट रु.२ अर्ब ६० करोड १५ लाख २३ हजार राजस्व आर्जन गरेको। रुट इजाजत प्रक्रिया अन्तर्गत सार्वजनिक यातायातको रुपमा सञ्चालन हुने सवारी साधनहरुलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता प्राविधिक पक्षहरुमा पर्याप्त	प्रदेशको सबैभन्दा बढी राजस्व आम्दानी हुने काठमाण्डौं, ललितपुर, भक्तपुर, मकवानपुर र चितवन जिल्लाका यातायात व्यवस्था कार्यालयहरुबाट प्रवाह हुने सेवाका सम्बन्धमा प्रतिवेदनले औंल्याए झैं विभिन्न तह एवं जनस्तरबाट समेत गुनासो आएको सुनिन्छ। सेवा प्राप्त गर्न घण्टौंसम्म लाइन बस्नुपर्ने, विचौलियाको बिगबिगी रहेको जनगुनासो आइरहेको अवस्थामा सम्बन्धित कार्यालयमा समेत पर्याप्त मात्रामा दक्ष/सूचना प्रविधिमैत्री जनशक्तिको अभाव रहेको, सफ्टवेयरमा बारम्बार समस्या आउने गरेको, समयमा स्मार्ट कार्ड दिन नसकेको लगायतका समस्या विद्यमान देखिन्छन्। त्यस्तै सडकको अवस्था, सवारी चाप, यात्रुको चाप तथा लाभान्वित जनसंख्या लगायत प्राविधिक पक्षको मूल्याङ्कन नगरी रुट इजाजत दिएको र यातायात व्यवसायिको प्रतिस्पर्धा एवं सिन्डिकेटले प्रदेशको यातायात सेवा सुरक्षित र भरपर्दो नदेखिएकोले यातायात व्यवस्थापनको क्षेत्रमा सुधार गर्न थप निर्देशन गर्नुपर्ने देखिन्छ। साथै यातायात व्यवस्थापनको क्षेत्र प्रदेशले सञ्चालन गर्दै आएकोमा कतिपय अधिकार संघीय निकाय (यातायात व्यवस्था विभाग) मा नै रहँदा एउटै कार्यालय संघ र प्रदेशको द्वैत निर्णयमा चल्नुपर्ने अवस्थाले गर्दा ठोस प्रगति नहुने देखिएकोले त्यस सम्बन्धमा संघीय सरकारसँग आवश्यक समन्वय गरी पूर्ण जिम्मेवारी प्रदेश मातहत ल्याउन निर्देशन दिने।

		ध्यान नपुयाइएको, पूर्ण रुपमा सडक पूर्वाधार सम्पन्न नभइसकेको अवस्थामा पनि बाटो अनुमति पत्र दिएको, विना इजाजत सवारी साधन सञ्चालन हुने गरेको, यातायात व्यवसायीहरुबीच अस्वस्थ प्रतिस्पर्धा एवं सीण्डिकेट प्रणालीवाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको,रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेले ती कार्यालयले दिने सेवामा थप प्रभावकारीता ल्याउन आवश्यक सुधार गर्नुपर्दछ।	

३.६ आर्थिक मामिला तथा योजना मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ मा मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण,आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका छन।कार्यान्वयन तालिका तयार गरी कार्य जिम्मेवारीलाई कार्यान्वयन गर्नुपर्दछ।	मन्त्रालयको कार्यविभाजनमा रहेका जिम्मेवारीलाई समयमै योजनाबद्ध ढङ्गबाट कार्यान्वयन गर्न निर्देशन दिने।

२	२	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य नीति र नीति आयोगको मार्ग दर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवम् आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनु पर्ने व्यवस्था छ। आर्थिक मामिला मन्त्रीले प्रदेश सभामा पेश गरेको बजेटमा राजस्वबाट रु १८ अर्व ३३ करोड ३ लाख र संघीय सरकारको अनुदान रु.१७ अर्व २८ करोड ५३ लाख समेत रु.३५ अर्व ६१ करोड ५६ लाख अनुमान गरी बजेट पेश गरेको देखिन्छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको सञ्चित कोषको हिसाबमा राजस्व रु.१७ अर्ब ८९ करोड ५८ लाख, संघीय सरकारको अनुदान रु १५ अर्व १२ करोड ६६ लाख र गतवर्षको मौज्दात रु ७५ करोड ११ लाख समेत रु.३३ अर्व ७७ करोड ३५ लाख कुल आम्दानी भएको देखियो। सो मध्ये रु.२३ अर्व ५९ करोड ७ लाख खर्च भई रु.१० अर्व १८ करोड २८ लाख बचत रहेको छ। यथार्थतामा आधारित रहने गरी लक्ष्यमुखी र कार्यान्वयनमुखी बजेट बनाउनु पर्दछ।	राजस्व संकलनको निर्धारित लक्ष्य प्राप्ति नहुने एवं विनियोजन भएको बजेटको करिब ५८ प्रतिशत मात्र खर्च हुनुले प्रदेश सरकारले हासिल गर्नुपर्ने तोकिएको लक्ष्य प्राप्ति हुन सकेको देखिएन। तसर्थ स्रोतको अनुमानलाई वास्तविकतामा आधारित बनाउन र खर्चको प्रगतिलाई सुधार गर्न मन्त्रालयको क्षमताका आधारमा यथार्थपरक र कार्यान्वयनयोग्य बजेट बनाउन निर्देशन दिने।
३	३	प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र रहेको घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरन्जन कर तथा अन्य गैर करहरु अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने व्यवस्था छ। सो अनुरुप प्रदेश सरकारलाई यो बर्ष सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशनबाट प्रदेशलाई रु.७ अर्व	साझा अधिकार क्षेत्रभित्र रहेका कर राजस्वबाट अनुमान भन्दा न्यून राजस्व संकलन भएको छ। भ्याट र अन्तशुल्कबाट समेत अनुमान भन्दा कम राजस्व प्राप्त भएको र प्राकृतिक स्रोतको रोयल्टी बापत् २५ प्रतिशत रकम प्रदेश राजस्व खातामा जम्मा नभएकोले तोकिएको समयभित्र

		८४ करोड ३६ लाख ७९ हजार प्राप्त भएको छ। संघीय सरकारले सङ्कलन गर्ने अधिकार क्षेत्रमा रहेको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क रकमको १५ प्रतिशतले हुने रु.८ अर्व ९९ करोड ६६ लाख २७ हजार अनुमान गरेकोमा रु. ७ अर्ब ३७ करोड ७८ लाख ५९ हजार प्राप्त भएको छ। प्राकृतिक स्रोतको रोयल्टी बापत २५ प्रतिशतको र कम आषाढ मसान्तसम्म प्राप्त भएको छैन। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार रु.१७ अर्व ८९ करोड ५७ लाख ८६ हजार मात्र राजस्व असुली भएको देखिन्छ। यो हिसाबले ९७ प्रतिशत राजस्व असुली भएको देखिएपनि प्रक्षेपित शीर्षकमा रु.१३ अर्व ५३ करोड ४ लाख ६८ हजार मात्र राजस्व असुली भएको छ। तसर्थ सम्भाव्य सबै राजस्व शीर्षकको असुलीको अनुमान गरी सोही अनुसार राजस्व सङ्कलनमा प्रभावकारिता ल्याउनुपर्दछ।	प्रक्षेपित राजस्व प्राप्त नहुनुमा सम्बन्धित निकाय राजस्व संकलन गर्न गम्भिर बन्न नसकेको, राजस्व संकलनको क्षमता नभएको देखिन्छ। तसर्थ समयभित्र निर्धारित राजस्व संकलन गर्न साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन बमोजिम प्रदेशलाई प्राप्त हुनुपर्ने प्राप्त हुन बाँकी राजस्व संकलन गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।
४	४	प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ११९ स्थानीय तहलाई सशर्तमा रु.३ अर्ब ७१ करोड ४२ लाख ४५ हजार, समानीकरणमा रु १ अर्ब, समपूरकमा रु.८७ करोड ५९ लाख २१ हजार र बिशेषमा रु.६५ करोड समेत रु ६ अर्ब २४ करोड १ लाख ६६ हजार अनुदान उपलब्ध गराएको छ। सोध्ये सशर्त तर्फ रु.२ अर्ब ६४ करोड ५४ लाख ६८ हजार र बिशेषतर्फ रु.२८ करोड ३० लाख १३ हजार समेत रु.३ अर्ब ९६ करोड ७८ लाख १९ हजार अर्थात ६३.५८ प्रतिशत खर्च भएकोछ। खर्च नभई	स्थानीय तहलाई प्रदान गरेको सशर्त र विशेष अनुदान तर्फको खर्च हुन बाँकी रु.१ अर्ब ६८ करोड ९३ लाख ३८ हजार मध्ये रु.८२ करोड ५४ लाख ७१ हजार मात्र फिर्ता भई फिर्ता हुन बाँकी रु.८४ करोड ४१ लाख ६४ हजार समेत फिर्ता भएकोले सोको प्रमाण पेश गरी उक्त बेरुजूको लगत कट्टा गर्न निर्देशन दिने। साथै विभाज्यकोष सम्बन्धी हिसाबको लेखाङ्कन कार्यलाई सुरु गरेको पाइएकोले सो कार्यलाई

		बाँकी रहेको सशतर्फ रु १ अर्ब ३२ करोड २३ लाख ५१ हजार र विशेषतर्फ रु. ३६ करोड ६९ लाख ८७ हजार समेत रु.१ अर्ब ६८ करोड ९३ लाख ३८ हजार फिर्ता लिनुपर्नेमा रु ८२ करोड ५४ लाख ७१ हजार मात्र फिर्ता प्राप्त गरेको छ। बाँकी रु.८४ करोड ४१ लाख ६४ हजार फिर्ता लिनुपर्दछ। यो बर्ष प्रदेश बिभाज्यकोषबाट सवारी साधनकर रु.२ अर्ब ६० करोड १५ लाख स्थानीय तहहरुलाई हस्तान्तरण गरेपनि स्थानीय तहको बिभाज्यकोषबाट प्राप्त आयको लेखांकन गरेको नदेखिदा सबै हिसाव तयार गरी आय लेखांकन गर्नुपर्दछ।	निरन्तरता दिन निर्देशन दिने।
५	५	प्रदेश सरकारको वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः	
६	५.१	यो बर्ष बजेटमा रु ३५ अर्व ६१ करोड ५६ लाख खर्च हुने अनुमान गरेकोमा रु.२३ अर्व ५९ करोड ६ लाख ६१ हजार खर्च भएको विवरण पेश भएपनि सशर्त अनुदान फिर्ता रु.२ अर्व ९४ करोड १२ लाख ५३ हजार घटाउदा रु.२० अर्व ६४ करोड ९४ लाख ८ हजार ५७९७ प्रतिशत। खर्च भएकोछ। जिल्लागत विश्लेषण गर्दा सबैभन्दा बढी मकवानपुरमा ५१.८८ र सबैभन्दा कम रसुवामा ०८२ प्रतिशत खर्च भएको छ। गत बर्ष रु.७५ करोड १० लाख ७४ हजार बजेट बचत रहेकोमा यो बर्ष रु १० अर्व १८ करोड २७ लाख ९४ हजार बचत रहन गएको देखिन्छ। प्रस्ताव गरे अनुसारका कार्यक्रम कार्यान्वयन गर्न	लक्ष्य अनुसार खर्च हुन नसकेको, सशर्त अनुदान समेत फिर्ता भएको, शहरी जिल्लाको तुलनामा दुर्गम जिल्लामा बजेटको १ प्रतिशत पनि खर्च भएको देखिएन। यसरी हेर्दा शहर केन्द्रित विकास खर्च भएको साथै करिब ५८ प्रतिशत बजेट मात्र खर्च हुनुले कार्यसम्पादन अवस्था कमजोर देखिन्छ। आगामी दिनमा शत प्रतिशत बजेट खर्च बढाउन निर्देशन दिने।

		नसकेको कारण बजेटको उल्लेखनीय हिस्सा परिचालन हुन सकेको छैन।	
७	५.२	आर्थिक वर्ष २०७५/७६ को आय व्यय अनुमान।बजेट बक्तव्य) मा उल्लेख भएबमोजिम प्रदेश लोकसेवा आयोगको गठन सम्बन्धी कार्य, प्रदेश गौरवका आयोजनाको छनौट, प्रदेशस्तरको सूचना एकीकृत गर्ने कार्य, प्रादेशिक दुग्ध विकास बोर्ड गठन, मन्त्रालयगत प्रोफाइल र प्रोजेक्ट बैंक तयारी, प्रदेशस्तरीय विपद् व्यवस्थापन कोष, युवा वैज्ञानिक कोष र प्रदेश बाल उद्धार कोषको स्थापना सम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन।बजेटमा समावेश नीति तथा कार्यक्रम कायांन्वयन हुन नसकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।	प्रोजेक्ट बैंकको तयारी, प्रदेश बाल उद्धार कोषको स्थापना, युवा बैज्ञानिक कोषको स्थापना लगायतका कार्यहरु हालसम्म पनि हुन नसकेकोले सरकारको नीति तथा कार्यक्रममा समावेश भएका विषयहरु एवं प्रदेश गौरवका आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिने।
८	५.३	प्रदेशको आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७५/७६ को बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले यस्तो व्यवस्था अपनाएको देखिएन।	सुझाव बमोजिम हाल मन्त्रालयले मध्यमकालिन खर्च संरचना तयार गर्ने गरेको देखिएकोले निरन्तर गर्न निर्देशन दिने।

९	५.४	बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याईंका लागि आवश्यक विवरण समेत खुल्नेगरी तयार गर्नुपर्नेमा तयार नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । बजेट तर्जुमा गर्दा दीगो विकास लक्ष्यसँग समन्वयसमेत गर्नुपर्दछ ।	सुझाव बमोजिम गर्ने।
१०	६	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको बिचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्दछ।जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ।यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रकृया पूरा नगरी कार्यकम तथा बजेट स्वीकृत गरेकोले कानुनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा संचालन गर्नुपर्दछ।	अब आइन्दा कानूनी व्यवस्था बमोजिम भौतिक निर्माणको सम्बन्धमा डी.पि.आर, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने कानुनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा सञ्चालन गर्न निर्देशन दिने।

११	७	महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार संघिय सरकारबाट वैदेशिक सहायता प्राप्त गरी प्रदेशलाई उपलब्ध गराएको सोधभर्ना हुने ऋणबाट रु ३ अर्ब ६५ करोड २४ लाख र सोधभर्ना हुने अनुदानबाट रु ७३ करोड ७८ लाख स्रोतगत विवरण बेगर अनुदान उपलब्ध भएकोमा प्रदेशले यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै अभिलेख नराखेकोले खर्च भएको रकम दातागत अभिलेखमा नजनिने र सो को सोधभर्ना समेत हुने अवस्था छैन। प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्ति र अभिलेखको कुनै पनि कार्य नगरेको कारण बजेट सम्बन्धी सोतगत विवरण नदेखिनाले सबै आय र व्ययमा नेपाल सरकारको स्रोत कायम भएको अवस्था छ। प्रदेशले अन्तरिक ऋण उठाउने विषय समेत बजेटमा समावेश नभएको स्थिति देखिएको छ।	प्रदेशले अन्तरिक ऋण उठाउने विषय एवं संघीय सरकारबाट प्राप्त सहायतालाई बजेट सम्बन्धी स्रोतगत विवरणमा अभिलेख नदेखाएकोले सबै आय र व्ययमा नेपाल सरकारको स्रोत कायम भएको देखिएको हुँदा अब आइन्दा बजेटको स्रोत खुलाई खर्च गर्न निर्देशन दिने।
१२	८	प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २४ र २५ मा मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शरु भएको पन्ध्र दिनभित्र पठाउनु पर्ने र नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट अनुकूल हुने गरी त्यस्तो कार्यक्रमलाई लागत नबढ्ने गरी संशोधन गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले २०७६ बैशाखदेखि आषाढ मसान्तसम्ममा अख्तियारी, कार्यक्रम संशोधन तथा रकमान्तर	मन्त्रालयले कूल पुँजीगत बजेटको करिब पच्चीस प्रतिशत बजेट ५२ पटक संशोधन, रकमान्तर, बजेट थप गरेको साथै असारको १५ गते पश्चात् करिब ४ प्रतिशत बजेट रकमान्तर गरी खर्च गरेको नियमसम्मत देखिएन वर्षान्तमा आएर बजेट रकमान्तर गरी खर्च गर्दा निश्चित समय लाग्ने कार्य समेत समय अगावै गर्दा काममा गुणस्तरीयता नआउने र प्रभावकारी अनुगमन समेत नहुँदा योजनाको दीगोपना नभएकोले समयमा

		र थप मार्फत पूँजीगत बजेट ५२ पटक संशोधन गरी रु. २ अर्व ३३ करोड २८ लाख १९ हजार (कुल पूँजीगत खर्च रु.९ अर्ब ५५ करोड ३७ लाख १२ हजारको २४.४२ प्रतिशतअख्तियारी दिएको छ।सोमध्ये आषाढ १५ पश्चात् मात्र रु.३७ करोड ३८ लाख ६२ हजार ।कुल पूँजीगत खर्च रु.९ अर्ब ५५ करोड ३७ लाख १२ हजारको ३.९२ प्रतिशत) रहेको छ।कार्यक्रमको उद्देश्य,लक्ष्य, स्वीकृत बजेट र आवधिक योजनालाई अनुकूल बनाउन नसक्नुले कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था सृजना भएको देखिन्छ।आर्थिक वर्षको अन्त्यमा पूंजीगत बजेटमा रकमान्तर गरी खर्च गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनामा पर्याप्त निरीक्षण तथा अनुगमन हुन नसक्ने र गुणस्तर तथा दीगोपनामा समेत असर पर्ने भएकोले समयमा नै स्रोत व्यवस्थापन गरी कार्य गर्नुपर्नुपर्दछ।	नै वार्षिक लक्ष्य, उद्देश्य, प्राथमिकता, आवश्यकता एवं आवधिक योजनालाई ध्यान दिई बजेट निर्माण गर्न निर्देशन दिने।
१३	९	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोडसम्मको सार्वजनिक निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउदा उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम र गर्नुपर्ने काम एवं निर्माण पश्चात मर्मत सम्भारको सुनिश्चितता समेत बिचार गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ।निर्माण कार्य गर्दा प्रस्ताव माग गरी वा उपभोक्ताबाट प्राप्त प्रस्तावमध्ये बढी प्रतिफल दिने प्रकृतिका संरचना निर्माणका लागि छनौटको आधारमा सार्वजनिक निर्माणको कार्य अगाडि बढाउनुपर्नेमा २०७५।११३ को मन्त्रीस्तरीय निर्णयानुसार	प्रचलित कानूनी व्यवस्था विपरीत प्रदेशको बजेटमा लागत सहभागिता नगराउने मन्त्रीस्तरीय निर्णयबाट लागत बढ्न गई गरेको आर्थिक व्ययभार बढेको देखिएकोले यस्तो निर्णय गर्ने पदाधिकारीलाई सचेत गराई अब आइन्दा लागत सहभागित अनिवार्य गर्न गराउन निर्देशन दिने।

		प्रदेशबाट अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत सशर्त अनुदानका रुपमा पठाइएका कार्यक्रममा स्थानीय स्तरको लागत वा जनसहभागिता नचाहिने निर्णय गरी मातहतका निकाय र स्थानीय तहहरु समेतलाई परिपत्र गरेको पाइयो। जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा लागत सहभागिता र अपनत्व नहुने, आयोजना खर्च सार्वजनिक नहुने, मर्मत सम्भारको लागि आवश्यक स्रोत नभएकोले निर्माण भएका कार्यहरुको मर्मत सम्भार र टिकाउपनाको समेत सुनिश्चितता भएको छैन। विद्यमान कानुनी व्यवस्था प्रतिकूल हुनेगरी मन्त्रीस्तरीय निर्णय गरेर परिपत्र गर्दा निर्माण कार्यको लागतमा व्ययभार बढ्न गएको देखियो। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४५ मा सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेशअनुसार भएको कारोवारका सम्बन्धमा सम्बन्धितले नै जिम्मेवारी बहन गर्नुपर्ने व्यवस्थालाई मध्यनजर गरी यस्तो निणर्य गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ।	
१४	१०	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। ऐन अन्तर्गत नियमावलीको नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने उल्लेख रहेका छन्। मन्त्रालयले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज बनाई एकमुष्ट रुपमा खरिद कार्य गर्नुपर्नेमा	ऐन विपरीत प्रतिस्पर्धा सीमित हुने गरी फर्निचर, सवारीसाधन, उपकरण एवं मर्मत कार्यमा रु.७० लाख २७ हजारको सोझै खरिद गरेको नियमसम्मत नेदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।

		छुट्टाछट्टै रुपमा ६ मर्मत कार्यको रु.२१ लाख ३३ हजार, ६ मोटर साइकलको रु.१५ लाख ४ हजार र फर्निचर तथा उपकरण रु ३३ लाख ९० हजार समेत रु.७० लाख २७ हजारको सोझै खरिद गरेको नियम सम्मत देखिएन। खरिद कार्य कानुनसम्मत् हुनुपर्दछ।	
१५	११	मन्त्रालयले आयोजना बैंक निर्माण र अनुगमन सफ्टवेयर खरिदमा रु.४ लाख ७५ हजार र परियोजना बैंक पहिचान तथा सञ्चालन गर्नका लागि एक आयोजना विज्ञ नियुक्त गरी रु.२ लाख २२ हजार पारिश्रमिक समेत रु.६ लाख ९६ हजार खर्च गरेको छ। उक्त सफ्टवेयर सञ्चालनमा आएको छैन। त्यस्तै आ.ब.२०७६/७७ को बजेट भाषण प्रत्यक्ष प्रसारण गरे बापत हेटौडाको एक मिडीया प्रा.लि.लाई रु.३० हजार र काठमाडौको एक मिडिया प्रा.लि.लाई रु.१ लाखसमेत रु.१ लाख ३० हजार भुक्तानी दिएको छ। राष्ट्रिय महत्वका सूचनाहरु सङ्कलन गरी सम्प्रेषण गर्नु सञ्चार जगतको नियमित दायित्व भित्रनै पर्ने हुँदा प्रत्यक्ष प्रशारण खर्च भुक्तानी दिन मिल्ने देखिदैन। यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।	निर्माण भईसकेको सफ्टवेयर अनिवार्य रुपमा सञ्चालन गर्न निर्देशन दिने। प्रदेश सभामा बजेट पेश हुने र उक्त बजेट भाषण प्रदेश सभाबाट सञ्चारमाध्य मार्फत प्रत्यक्ष प्रशारण हुने भएकोले मन्त्रालयले यसमा खर्च गर्दा एउटै कार्यमा दोहोरो खर्च देखिएको हुँदा उक्त खर्च नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै अब आइन्दा त्यस्तो खर्च नगर्न निर्देशन दिने।
१६	१२	प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ। तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश	सुझाव बमोजिम सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्न निर्देशन दिने।

		सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको छैन। प्रदेश कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ।	
१७	१३	कारोवारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, नेप्सासको ढाँचा २०७५ मार्गमा नै स्वीकृत भइ सकेकोछ। प्रदेश मंत्रालय तथा केन्द्रीय निकायहरुले स्वीकृत भए वमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन। तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरिनुपर्दछ।	हाल कार्यान्वयनमा रहेको पाइएकोले सुझाव बमोजिम नियमित रुपमा गर्ने।
१८	१४	अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३२ मा स्थानीय तहले आफूले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अवधी समाप्त भएको १५ दिन भित्र प्रदेशमा पेश गर्नुपर्ने र प्रदेशले स्थानीय तहबाट समेत प्राप्त गरी आफनो आय व्ययको विवरण चौमासिक अवधी समाप्त भएको ३० दिन भित्र नेपाल सरकार अर्थ मंत्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ। प्रदेशले यस्तो विवरण स्थानीय तहबाट संकलन गरेको र अर्थ मंत्रालयमा पठाएको देखिएन जसबाट क्षेत्रगत रुपमा सरकारका तीनवटै तहले गरेको खर्च एकिन हुन	• संघ र प्रदेशको प्रतिवेदन प्रणालीमा एकरुपता कायम गर्न निर्देशन दिने। • अन्य कुराहरु सुझाव बमोजिम नियमित रुपमा समयभित्र सम्पन्न गर्न निर्देशन दिने।

		सकेन। क्षेत्रगत रुपमा सरकारका तीनवटै निकायले गरेको आय र खर्चको एकीकृत अभिलेख तयार गरी प्रतिवेदन गर्नुपर्ने कानुनी ब्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।	
१९	१५	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ। प्रदेश तहका सबै कार्यालयमा लेखा व्यवस्थित गर्न लेखा समूह का पर्याप्त कर्मचारीको व्यवस्था हुनु पर्दछ। आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी देखिएन।	आर्थिक प्रशासन सञ्चालन एवं आन्तरिक लेखापरीक्षण सम्बन्धमा छुट्टाछुट्टै कर्मचारीको व्यवस्था गर्न निर्देशन दिने।
२०	१६	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको प्रत्येक चौमासिक हिसाबको आन्तरिक लेखापरीक्षण हुने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणमा सम्बन्धित निकायको उद्देश्य, गणितीय शुद्धता र कानुनको परिपालना, परिचालित स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरुको व्यवस्थापकीय अभ्यास र सञ्चालन संस्कृतिका सम्बन्धमा लेखाजोखा गरी सुझाव सहितको प्रतिवेदन गर्नपर्ने उल्लेख छ। चौमासिक अवधिमा लेखापरीक्षण नगरेको, कानुनको	निर्धारित समयमा लेखापरीक्षण गर्ने साथै नीतिगत एवं प्रक्रियागत पक्षहरुको सुझाव सहित टिप्पणी तयार पारी तोकिएको समयभित्र सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्न निर्देशन दिने।

		परिपालन, परिचालित स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरुका सुझाव सहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी तालुक मन्त्रालयमा नपठाएको कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन। कानुनी व्यवस्थाको कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षण प्रभाकारीता बनाउनु पर्दछ।	
२१	१७	गत बर्ष सम्म संघीय कार्यालयको रुपमा रही यो बर्ष प्रदेश मातहत समायोजन भइ कारोवार गरेका प्रदेश अन्तरगतका कार्यालयहरुको अन्य कारोवारको आय-व्यय देखिने हिसाव प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट एकिकत गर्नु पर्नेमा सो अनुसार गरेको छैन। यो बर्ष प्रदेश मातहत आएका १०१ कार्यालयहरुले कार्यसंचालन तर्फको गत बर्षको मौज्दात रु.२८ करोड ७५ लाख १९ हजारमा यो बर्ष प्राप्त रु.३१ करोड ८९ लाख २३ हजार समेत रु.६० करोड ६४ लाख ४२ हजारबाट खर्च भएको रु.५६ करोड ६१ लाख ९९ हजार घटाउदा बाकी रहेको रु.४ करोड २ लाख ४३ हजार एकीकृत हिसावमा समाबेश गर्नुपर्दछ।	एकीकृत हिसाबमा समावेश गर्नुपर्ने रकम समावेश भएको विवरण प्राप्त भएकोले सो बेरुजू फछ्र्यौट गर्ने। साथै मन्त्रालयलाई उक्त बेरुजूको लगत कट्टा गर्न आवश्यक कार्य गर्न निर्देशन दिने।
२२	१८	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश सञ्चित कोषको सञ्चालन र एकीकृत लेखा वित्तीय	सुझाव बमोजिम तोकिएको विवरण समयभित्र पेश गर्न निर्देशन दिने।

		विवरण २०७६ कार्तिक मसान्तभित्र महालेखा नियन्त्रक तथा महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा सो अवधि भित्र पेश हुन सकेन। तोकिएको समयमा वित्तीय विवरण पेश गर्नु पर्दछ।	
२३	१९	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश सरकारले २०७५।७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र प्रदेश सरकार सञ्चालनको क्रममा भएका व्ययहरु समेत समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ : (रु हजारमा)	

(क)प्राप्ति	रकम
१. गत वर्षको जिम्मेवारी	७५१०७४
२. राजश्व तथा अनुदान	
२.१ कर राजस्व	१२५०४७५३
२.२ अन्य राजस्व	५३७९९२६
२.३ गत वर्षको नगद मौज्दात तथा बेरुजु	१११०६
२.४ समानीकरण अनुदान	५९६९७००
२.५ समपुरक अनुदान	६०००००
२.६ सशर्त अनुदान	८५५६८९५
२.७ विशेष अनुदान	०
३ वित्तीय व्यवस्था	
३.१ सोधभर्ना हुने गरी भएको खर्च	०
३.२ ऋण लगानी फिर्ता	०
३.३ शेयर विक्री	०
३.४ बैदेशिक ऋण प्राप्ती	०

		४ अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम: -२९४१२५३ ५ चालु आर्थिक वर्षको संचितकोषको खुद मौज्दात: ० ६ विगत आर्थिक वर्षको खुद मौज्दात: -१०१८२७९४ ७ बैंकबाट भुक्तानी नभएको खर्च समायोजन: ३२९५ **जम्मा प्राप्ती: २०६५२७०२** **(ख)भुक्तानी** १ चालु वर्षको भुक्तानी १.१ संचित कोष माथी व्यभार हुने रकममा खर्च: ० १.२ विनियोजन ऐन द्वारा भएको खर्च (चालु): ११०९८३३४ १.३ विनियोजन ऐन द्वारा भएको खर्च (पूँजिगत): ९५५४३६८ २ वित्तिय व्यवस्था भुक्तानी २.१ आन्तरिक ऋणको सावा भुक्तानी: ० २.२ बाह्य ऋणको साँवा भुक्तानी: ० २.३ ऋण लगानी तथा शेयर लगानी: ० **जम्मा भुक्तानी: २०६५२७०२** प्रदेश सञ्चित कोषको आय-व्ययबाट देखिएका व्यहोरा निम्नानुसार छन्:	
२४	१९.१	प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको हिसाबमा राजस्व सूचना प्रणालीमा प्रविष्ट नभएको रु.१ अर्ब ७ करोड १४ लाख ४ हजार सञ्चित कोषको आय-व्ययमा समाबेश गरेतापनि असूलीको यर्थाथता यकीन गरेको छैन्।	रु.१ अर्ब ७ करोड १४ लाख ४ हजार सञ्चित कोषको आय-व्ययमा समाबेश गरी असूलीको यर्थाथता यकीन गरेको विवरण प्राप्त भएकोले सो बेरुजू फछ्र्यौट गर्ने। साथै मन्त्रालयलाई उक्त बेरुजूको लगत कट्टा गर्न आवश्यक कार्य गर्न निर्देशन दिने।
२५	१९.२	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम नगदमा आधारित लेखा प्रणालीको आधारमा संचित कोषको हिसाब तयार गरेको र संचित कोषमा सम्पत्ति र दायित्वको अवस्था चित्रण गरेको छैन्।	प्रदेशको सम्पत्ति र दायित्वको अवस्था जनाउने आवश्यक फारम स्वीकृति नभएकोले कार्यान्वयनमा नआएको देखिएको हुँदा उक्त कार्य यथाशिघ्र थालनी गर्न निर्देशन दिने।

२६	१९.३	प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार स्थानीय तहलाई प्रदान गरेको सबै अनुदानलाई प्रदेशले खर्च देखाएको छ। प्रदेश सरकारले ११९ स्थानीय तहलाई सशर्त रु.३ अर्ब ७१ करोड ४२ लाख ४५ हजार, समानीकरण रु.१ अर्ब, समपूरक रु.८७ करोड ५९ लाख २१ हजार र बिशेष रु.६५ करोडसमेत रु.६ अर्ब २४ करोड १ लाख ६६ हजार अनुदान उपलब्ध गराएको छ। सोमध्ये रु. ३ अर्ब ९६ करोड ७८ लाख १९ हजार मात्र खर्च भइ रु.२ अर्ब २७ करोड २३ लाख ४७ हजार बाँकी रहेता पनि प्रदेश संचितकोषमा यी रकमहरु खर्च देखाईएको छ। रीतपूर्वक लेखा राख्नु पर्दछ।	वास्तविक खर्च र फिर्ता भएको रकम समेत सञ्चित कोषमा प्रष्ट देखिने गरी सुझाव बमोजिम लेखा राख्न निर्देशन दिने।
२७	१९.४	प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी संचित कोषमा आम्दानी बाँधेको देखिएन।	सुझाव बमोजिम स्थानीय विभाज्य कोषको हिसाब अद्यावधिक गरी अभिलेख राखी सञ्चित कोषमा आम्दानी बाँध्न निर्देशन दिने।
२८	१९.५	राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम एकीन गरी आम्दानी बाधेको छैन।	आर्थिक वर्ष समाप्त भएपछि पछिल्ला वर्षहरुमा आम्दानी बाँध्ने गरेको देखिएकोले यसमा आवश्यक सुधार गर्न निर्देशन दिने।
२९	१९.६	धरौटीबाट काट्नु पर्ने चेक विनियोजनबाट काटी साटिएकोले उक्त चेकको रकम प्रदेश लेखा इकाई कार्यालय सिन्धुपाल्चोकको बेरुजू खातामा जम्मा गरिएको हुँदा चालु वर्षको राजस्वमा बेरुजूको रुपमा दाखिला भएको देखिई गत आ.व.को मौज्दातमा रु ३३ हजार फरक परेको छ।	मानवीय त्रुटीका कारण अघिल्लो आ.व.को रकम यस आ.व.मा समावेश गर्दा बेरुजूको रुपमा देखिएकोले उक्त रकम नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने साथै आगामी दिनमा यस्ता कमीकमजोरी हनु नदिन आवश्यक ध्यान पुऱ्याउन निर्देशन दिने।

३०	२०	प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टीगत स्थिति दर्शाउने उद्देश्यले शीर्षकसमेत खुल्नेगरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने उल्लेख छ। उक्त प्रावधान अनुसार बजेट अनुमान, प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित चार्ट अफ एकाउन्स सहितको लेखा टिप्पणीसमेतको विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था भए तापनि प्राप्त केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी पूर्ण रुपले उल्लेख गरेको देखिएन।	सुझव बमोजिम पछिल्ला आ.व.बाट सुरु भएकोले यसको निरन्तरता दिन निर्देशन दिने।
३१	२१	प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो। सार्वजनिक बित्तीय व्यवस्थापन प्रभावकारी बनाउन सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ। समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोवस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा	सुझव बमोजिम गर्न निर्देशन दिने।

		चुनौति रहेका छन्।चुनौति सम्बोधन गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्यूटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ।	
बेरुजू स्थिति		मन्त्रालय एवं मातहत निकायको नाममा रहेको लगती बेरुजूको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।	

३.७ सामाजिक विकास मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा संपदा सूचीमा परेका स्मारक र पुरातत्विक महत्वका स्थलहरुको संभावना र भावी दीगो कार्यदिशा, प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, आपतकालिन तथा महामारी व्यवस्थापनका लागि प्रदेशस्तरीय हेल्थ सेन्टर संचालन, स्वास्थ्य बीमा, औषधि व्यवस्थापन, सूर्ति, मदिरा जस्ता लागुपदार्थको मापदण्ड, टोल फि टेलीफोन मार्फत स्वास्थ्य सेवा सुविधा, निशुल्क पाइने औषधी उपचार सुविधा सहायता, अनुगमन र नियमन लगायतका कार्य बाँकी रहेको छ। महिला तथा बालबालिकाका सबिधान प्रदत्त हक अधिकारको रक्षाका लागि आवश्यक नीति तर्जुमा, सामाजिक जागरण, सामाजिक बिभेदको अन्त्य, अपाङ्गता सम्बन्धी नीति, एकल महिला, बृद्ध बृद्धा, उच्च शिक्षा तथा शैक्षिक परामर्श सेवाको मापदण्ड, प्रदेश स्तरका शिक्षक व्यवस्थापन मापदण्ड तर्जुमा र कार्यान्वयन लगायतका सम्बन्धमा नीति बनाई कार्यान्वयनमा ल्याउनु पर्नेमा ल्याएको देखिएन। मन्त्रालयले नीति, कानुन, मापदण्ड	सरकारको नीति तथा कार्यक्रम एवं बजेटमा समावेश भएका अधिकांश विषयहरु कार्यान्वयन भएको देखिएन। आवश्यक नीति, कानून तथा मापदण्ड समेत तयार भएको नदेखिएकोले मन्त्रालयले आफ्नो कार्यक्षेत्र भित्रका कार्यहरु समयमा सञ्चालन गर्न निर्देशन दिने।

		तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।	
२	२	स्वीकृत वार्षिक कार्यक्रममा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विविध १० कानुन निर्माण गर्ने उल्लेख भएकोमा ५ ऐन, २ नियमावली र कार्यविधि तयार गरेको विवरण प्राप्त भएको छ। कार्यक्षेत्र अन्तर्गतका आवश्यक अन्य कानुन पहिचान गरी तर्जुमा गर्नुपर्दछ।	कार्यक्षेत्र अन्तर्गतका आवश्यक एवं अन्य कानुन पहिचान गरी समयभित्र तर्जुमा गर्न निर्देशन दिने।
३	३	कूल ५४ दरवन्दी रहेकोमा मन्त्रालयमा ३० पदपुर्ती भई २४ जना रिक्त रहेको छ। रिक्त दरवन्दीको कारण मन्त्रालयको कार्यमा कठिनाई रहेको, ७ महाशाखा भएपनि ५ जना मात्र महाशाखा प्रमुख रहेको, सचिवहरुको पटक पटक फेरवदलले अख्तियारी तथा कार्यक्रम उपलब्ध गराउन ढिलाई भएको, अन्तर्गतका निकायहरुमा कार्यालय प्रमुख लगायत कर्मचारीहरुको पदस्थापन ढिलाई भएको कारण कार्यक्रम सञ्चालन तथा सेवा प्रवाहमा कठीनाई भएको छ। दरवन्दी वमोजिम पदपूर्तिको व्यवस्था मिलाई कार्यक्रम कार्यान्वन गर्नुपर्दछ।	सुझाव बमोजिम दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरी सेवा प्रवाहलाई चुस्त बनाउन निर्देशन दिने।
४	४	प्रदेश सरकारको विनियोजन विधेयक, २०७५ अनुसार आर्थिक वर्ष २०७५/७६ को लागि मन्त्रालय र मातहतलाई शुरुमा रु. ४ अर्व २१ करोड ८५ लाख १६ हजार बजेट विनियोजन भएकोमा रु २३ करोड ५८ लाख ९९ हजार थप गरी रु. ४ अर्व ४५ करोड ४४ लाख १५ हजार पुगेको देखिन्छ। उक्त बजेटमध्ये अन्तर्गत कार्यालय र मन्त्रालय समेतमा रु.२ अर्व ७६ करोड ६० लाख ५१ हजार खर्च	ऐन विपरीत अवण्डा शिर्षकमा बजेट विनियोजन गरी मातहतका निकायलाई पटक पटक अख्तियारी दिएकोले अब आइन्दा मागका आधारमा बजेट विनियोजन, एकमुष्ठ अख्तियारी एवं अवण्डामा बजेट विनियोजन नगर्न निर्देशन दिने। साथै विनियोजन बजेट खर्चको क्षमता बढाउन समेत

		भई रु.१ अर्व ६८ करोड ८३ लाख ६४ हजार बाँकी देखिन्छ। बजेट तथा कार्यक्रम वनाउँदा सीमाको आधारमा अवण्डा समेत नरहने गरी कार्यक्रमको समग्र विवरण तयार गर्नुपर्नेमा अवण्डा समेत राखेको छ। छुट्टयाएको बजेट अन्तर्गतका निकायलाई एकमुष्ट अख्तियारी उपलब्ध गराउनुपर्नेमा पटक पटक अख्तियारी दिएकोले नियमको पालना गरेको छैन।	निर्देशन दिने।
५	५	बजेट तथा कार्यक्रम शंशोधन समयमै गर्नुपर्दछ। मन्त्रालयको २०७६।१।४ को पत्रबाट मागमा आधारित प्रदेश विकास योजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम छनौट गरिएका योजना तथा कार्यक्रमका लागि रकम व्यवस्थापन गर्नुपर्नेमा मन्त्रालयले भवन निर्माण, पूँजीगत परामर्श र कार्यक्रम खर्चतर्फ यो वर्ष खर्च नहुने रु.१० करोड १५ लाख बजेट सर्मपण गरेकोछ। फिर्ता रकमबाट पुनः माग भई आएका योजनामा कार्यक्रम संशोधन गरेर पुनः सोही रकमको अख्तियारी दिएकोमा सो रकम समेत खर्च भएको छैन। वर्षान्तमा आई कार्यक्रम संशोधन गराई क्लव भवन निर्माण, खेल मैदान निर्माण, मन्दिर तथा गुम्बा निर्माण, विद्यालय भवन तथा क्यान्टिन निर्माण, सामुदायिक भवन निर्माण लगायतका ४१ कार्यक्रमको लागि रु.१९ करोड ६५ लाख ६३ हजारको अख्तियारी २०७६।१।१० देखि २०७६।३।९ सम्म पठाएको देखिन्छ। आर्थिक वर्षको अन्तिम चौमासिक र आषादमा पनि कार्यक्रम र बजेट	विनियोजन भएको बजेट समयमा खर्च गर्नुपर्नेमा आ.व.को अन्त्यसम्म बजेट रकमान्तर गरी नयाँ कार्यक्रममा बजेट विनियोजन गर्ने गरिएको र सोही बजेट समेत कार्यान्वयन नहुँदा बजेट अनुशासन देखिएन। आ.व.को अन्त्यमा कार्यक्रम संशोधन गरी बजेट रकमान्तर गर्ने र नयाँ कार्यक्रममा बजेट बाँडफाँड गर्ने कार्य नियन्त्रण गर्न निर्देशन दिने।

		संशोधन गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ।	
६	६	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रदेश आर्थिक कार्यविधि नियमावली नवनेको अवस्थामा संघीय आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रकम निकासा, खर्च गर्ने कार्यविधि अपनाउने व्यवस्था छ। आर्थिक कार्यविधिको नियमावली, २०६४ को नियम ३२ बमोजिम मन्त्रालयलाई बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित सचिवले आफ्नो मन्त्रालयको कार्यसञ्चालन इकाई कार्यालय प्रमुखलाई अख्तियारी दिनुपर्नेमा नदिई बचत बजेटबाट खर्च गरेकोले मन्त्रालयको बजेट र खर्च बिच तुलना गर्न सकिएन। मातहतका निकायलाई अख्तियारी दिई बचेको बजेट मन्त्रालयको हुने गरी अख्तियारी व्यवस्थापन हुँदा मन्त्रालयको इकाईगत बजेट सुनिश्चित गर्ने अवस्था छैन। यसका सुधार गर्नुपर्दछ।	प्रदेश आर्थिक कार्यविधि ऐन बमोजिम बजेट अख्तियारी प्रदान गर्ने। साथै अन्य कुरा सुझाव बमोजिम गर्ने।
७	७	संघीय कार्यालयलाई प्रदेश सरकारबाट बजेट हस्तान्तरण गर्ने प्रक्रिया स्वीकृत नभएको कारण शिक्षा निर्देशनालय मार्फत १३ वटै शिक्षा समन्वय ईकाईको फ्रिज नहुने खाता ख(६) मा रु.२७ करोड १८ लाख २० हजार निकासा दिएको छ। त्यस्तै गरी हस्तान्तरण प्रक्रिया स्वीकृत नभएकै अवस्थामा मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् मध्यक्षेत्रलाई रु.४२ करोड ३० लाख ७० हजार निकासा दिएको छ। बजेट बनाउँदा कार्यक्रमको सुनिश्चितता हुनुपर्ने, बजेट हस्तान्तरणको प्रक्रिया बेगर बजेट	संघीय सरकारबाट प्रदेश सरकारमा हस्तान्तरित कार्यक्रम स्वीकृत भए बमोजिम प्रदेशबाट संघतर्फ हस्तान्तरण हुने कार्यक्रम समेत स्वीकृत हुनपर्नेमा स्वीकृत नगरी अख्तियारी दिँदा प्रदेशमा तथ्याङ्क नदेखिएकोले अब आइन्दा कार्यक्रम हस्तान्तरण गर्दा अनिवार्य स्वीकृत गर्न निर्देशन दिने। प्रभावकारी अनुगमन मार्फत् कार्यान्वयन इकाईलाई जवाफदेही बनाउन निर्देशन दिने।

		विनियोजन गर्ने र सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गरेको कारण वर्षको अन्त्यमा आई रकमान्तर गर्दा आर्थिक अनुशासन कायम हुन सक्दैन। तसर्थ बजेट र कार्यक्रमको कार्यान्वयन क्षमतालाई ध्यान दिई रकमको व्यवस्थापन गर्नुपर्दछ।	
८	८	बजेट वक्तव्यमा उल्लेख भएका विषयहरु प्रगति समीक्षा गरेको छैन। वार्षिक १० हजार व्यक्ति लाभाविन्त हुने गरी "मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम' सञ्चालन गर्ने उल्लेख भएकोमा ५ स्वास्थ्य संस्थाबाट ६७०० ले स्वास्थ परीक्षण गरेको, अस्पताल व्यवस्थापन कार्यक्रम अन्तर्गत २० अस्पतालको लागि भवन निर्माण गर्न सम्बन्धित स्थानीय तहमा अनुदान रकम उपलब्ध गराउने, बीस वटा शहरी क्षेत्रमा शहरी स्वास्थ्य केन्द्र निर्माण गरी निःशुल्क स्वास्थ्य सेवाको लागि आवश्यक औषधि एवं पाठेघरको मुखको क्यान्सर परीक्षण सामग्री खरिद, प्रदेश विश्वविद्यालय स्थापना र सबै जिल्लामा प्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन, २० विद्यालय छनौट गरी सूचना प्रविधिमैत्री लाईब्रेरी स्थापना, वैज्ञानिक आविष्कार केन्द्र स्थापना र सञ्चालन जस्ता घोषित कार्यक्रम कार्यान्वयन भएको देखिएन।	मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम, अस्पताल व्यवस्थापन कार्यक्रम अन्तर्गत २० अस्पतालको लागि भवन निर्माण गर्न सम्बन्धित स्थानीय तहमा अनुदान रकम उपलब्ध गराउने, बीस वटा शहरी क्षेत्रमा शहरी स्वास्थ्य केन्द्र निर्माण गरी निःशुल्क स्वास्थ्य सेवाको लागि आवश्यक औषधि एवं पाठेघरको मुखको क्यान्सर परीक्षण सामग्री खरिद, प्रदेश विश्वविद्यालय स्थापना र सबै जिल्लामा प्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन, २० विद्यालय छनौट गरी सूचना प्रविधिमैत्री लाईब्रेरी स्थापना, वैज्ञानिक आविष्कार केन्द्र स्थापना लगायतका महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन हुन सकेको नदेखिएकोले तत्काल कार्यान्वयन गर्न निर्देशन दिने।

९	९	यो वर्ष मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत १० हजार जनालाई सेवा प्रदान गर्ने लक्ष्य हासिल गर्न प्रति अस्पताल २ हजार लाभग्राहीलाई सेवा दिने गरी प्रदेशका ५ अस्पताललाई रु.५० लाखका दरले निकासा दिएको छ। स्वीकृत कार्यविधिमा प्रतिव्यक्ति स्वास्थ्य परीक्षण खर्चबापत अस्पताललाई रु.२ हजार २ सय दिने उल्लेख छ। सफ्टवयरमा अनलाईन सिष्टमबाट ६ हजार ७३७ लाभग्राहीले सेवा लिएको अभिलेख रहेको देखियो। अभिलेख अनुसार प्रतिव्यक्ति २ हजार २०० का दरले रु १ करोड ४८ लाख २१ हजार खर्च हुने देखिन्छ। प्राप्त विवरणबाट ५ अस्पतालबाट रु.१ करोड ९६ लाख ९३ हजार खर्च भएको देखिएकोले नर्सभन्दा रु. ४८ लाख ७१ हजार बढी खर्च लेखेको रकम एकीन गरी असुल गर्नुपर्दछ।	मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत ५ अस्पतालबाट रु.१ करोड ९६ लाख ९३ हजार खर्च भएको जनाएकोमा अनलाईन सिष्टमबाट ६७३७ लाभग्राहीले सेवा लिँदा प्रति व्यक्ति रु.२ हजार २ सयका दरले रु.१ करोड ४८ लाख २१ हजार मात्र खर्च हुनुपर्नेमा रु.४८ लाख ७१ हजार बढी खर्च भएको देखिन्छ। यद्यपि मन्त्रालयले पठाएको विवरणमा एवं सम्बन्धित् पक्षसँग भएको त्रिपक्षीय छलफलका क्रममा ८९५१ जनाले सेवा लिएकोमा २२१४ जनाको म्यानुअल अभिलेखको प्रमाणित गर्न बाँकी रहेको भन्ने विषय उठान भएकोले सो अभिलेखको पुनः लेखापरीक्षण गरी प्रमाण पेश गर्न निर्देशन दिने।
१०	१०	बजेटमा व्यवस्था भएको रकम अवण्डा राखी पटक पटक गरी अख्तियारी दिन नहुने व्यवस्था छ। मन्त्रालयले प्रदेश सरकारको पूँजीगत कार्यक्रममा रु.८७ करोड ८२ लाख कार्यक्रम तथा योजना अनुरुप अन्तर्गत निकाय तथा कार्यालयलाई निकासा दिनुपर्नेमा २०७५।८।२० मा सार्वजनिक निर्माण कार्यान्वयन ईकाई काभ्रेपलाञ्चोक र धादिङलाई क्रमशः रु.४ करोड र रु.३ करोड पठाएको, तत्पश्चात पटक पटक गरी २०७६ आषाढ ९ सम्म अवण्डाबाट अख्तियारी दिएको देखिन्छ। ढीलो अख्तियारी दिदा कार्यान्वयन तहमा गुणस्तरमा पर्ने असर र खर्चमा नियन्त्रण	सार्वजनिक निर्माण कार्यान्वयन इकाईहरु स्थापना हुनभन्दा पहिला मन्त्रालयबाट नै खर्च हुँदै आएको र पछि इकाई कार्यालयहरु स्थापना भएपछि सोहि कार्यालयलाई अख्तियारी दिएकोले पटक पटक अख्तियारी दिएको देखिन्छ। यद्यपि मातहतका कार्यालयलाई समेत रकम अख्तियारी दिँदा एकै पटक दिनुपर्नेमा त्यसो नभएकोले अब आइन्दा ऐन बमोजिम मात्र अख्तियारी दिन निर्देशन दिने।

		नहुने जोखिम रहने भएकोले अख्तियारी तथा कार्यक्रम तोकिएको समयमा पठाउनु पर्दछ।	
११	११	मन्त्रालयले विद्यालय, सामुदायिक क्याम्पस तथा अस्पतालहरुलाई पटक पटक गरी विभिन्न किसिमका अनुदान दिएको छ। अनुदान वितरण कार्यविधि तयार गरेको छैन। अनुदान निष्पक्ष र वास्तविक रुपमा आवश्यक पर्ने निकायलाई प्रदान गर्ने अनुदान वितरणको सार्वजनिक सूचना प्रकाशन गरी सम्भाव्य सबै प्रत्यासीबाट निवेदन संकलन गर्ने र निश्चित आधारमा निष्पक्ष मूल्याङ्कन गरी अनुदान वितरण गर्नुपर्नेमा विभिन्न विद्यालय तथा सामुदायिक क्याम्पसहरुको नाम नै उल्लेख गरी शिक्षा निर्देशनालयले निकासा दिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना हुने गरी रु.८१ करोड २० लाख अनुदान निकासा दिएकोमा विद्यालय छनौटको आधार प्रस्तुत हुन सकेन। मन्त्रालयले विगतमा अनुदान लिई सकेका सस्थालाई पुनः अनुदान जान सक्ने जोखिम नियन्त्रण हुने गरी अनुदान प्राप्त गर्ने संस्थाको अभिलेख व्यवस्थित गरेको समेत देखिएन। अतःअनुदान व्यवस्थित गर्न आवश्यक आधारहरु विकास गरी अनुदान वितरणको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्दछ।	अनुदान वितरणको कार्यविधि तयार गर्नुपर्ने, सार्वजनिक सूचना प्रकाशन गरी सम्भाव्य सबैबाट निवेदन संकलन गर्ने र निश्चित शर्त तथा आधारमा निष्पक्ष मूल्याङ्कन गरी अनुदान वितरण गर्नुपर्ने, एकपटक अनुदान लिई सकेका सस्थालाई पुनः अनुदान जान सक्ने अवस्थाको नियन्त्रण हुने गरी अनुदान प्राप्त गर्ने संस्थाको अभिलेख व्यवस्थित गर्नुपर्नेमा त्यसो नगरी विद्यालय तथा सामुदायिक क्याम्पसहरुको नाम नै उल्लेख गरी शिक्षा निर्देशनालयले निकासा दिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना हुने गरी रु.८१ करोड २० लाख अनुदान निकासा दिएको नियमसम्मत दखिएन सोको नियमित गरी प्रमाण पेश गर्न निर्देशन दिने। साथै प्रभावकारी अनुगमन, अनुदान व्यवस्थित गर्न आवश्यक आधारहरु विकास गरी अनुदान वितरणको अभिलेख समेत राख्न निर्देशन दिने।
१२	१२	सामुदायिक अस्पताललाई सेवा विस्तारका लागि अनुदान दिन कार्यक्रममा रु.१ करोड बजेट व्यवस्था भएकोमा ७ अस्पताल छनौट गरेको भएतापनि ५ अस्पताललाई रु.७२	सम्झौता अनुसार प्रथम किस्ताको विल भरपाई पेश भएपछि दोस्रो किस्ता निकासा दिने निर्णय भएतापनि सामाग्री खरिद तथा जडान गरेको प्रमाण बेगर, विल भरपाई उपलब्ध

		लाख ५० हजार भुक्तानी दिएको छ। अस्पताल र मन्त्रालयबीच २०७६।२।३० मा भएको सम्झौता अनुसार प्रथम किस्ताको विल भरपाई पेश भएपछि दोस्रो किस्ता निकासा दिने निर्णय भएतापनि विल भरपाई उपलब्ध नगराएको अवस्थामा दोस्रो किस्ता रु. ४३ लाख ५० हजार अनुदान दिएको देखियो। सम्झौता अनुसार सामाग्री खरिद तथा जडान गरेको प्रमाण बेगर दोस्रो किस्ता भुक्तानी दिएको नियमित देखिएन्। सामुदायिक अस्पतालहरुले अनुदानबाट खरिद गरेका उपकरणको प्रयोग सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नुपर्दछ।	नगराएको अवस्थामा दोस्रो किस्ता बापत रु. ४३ लाख ५० हजार अनुदान दिएको नियमित नदेखिएकोले सोको नियमित गरी प्रमाण पेश गर्न निर्देशन दिने। साथै सामुदायिक अस्पतालहरुले अनुदानबाट खरिद गरेका उपकरणको प्रयोग सम्बन्धमा नियमित अनुगमन गर्न निर्देशन दिने।
१३	१३	चौतारा अस्पतालको लागि स्वीकत १५ शैया मध्ये इमरजेन्सी कक्षमा ६ शैया, एस. एन. सि यू मा २ शैया, महिला, बच्चा र पुरुषतर्फ १४ शैया, न्यूट्रेशनमा ७ शैया समेत २९ शैया सञ्चालनमा रहेको देखियो। लेखापरीक्षणको क्रममा २०७६।।९ मा अवलोकन गर्दा परै शैयामा बिरामी भर्ना रहेको र बिरामीको चाप बढी रहेको देखियो। अस्पताललाई स्तरोन्नति गरी शैया संख्या थप गर्नपर्ने देखिएको अस्पतालमा १०० एम. ए को एक्सरे मेशिन मात्र सञ्चालनमा रहेको, अस्पतालमा रहेको ३०० यम ए को एक्सरे मेशिन केही महिनादेखि बिग्रिएको छ। जसको कारण स्पाइनल र लम्बर जस्ता शरीरका भागको एक्सरे हुन सकेको छैन। सेवा प्रबाहलाई प्रभावकारी बनाउन अस्पतालमा ५०० एम ए को एक्सरे मेशिन र यू.सी.जी. मेशिन आबश्यक भएपनि उपलब्ध	प्रतिवेदनमा उल्लेख भएअनुसार अस्पतालको अवस्थाको सम्बन्धमा मन्त्रालयले प्रभावकारी अनुगमन गरी सुझाव बमोजिम आवश्यक व्यवस्था गर्न निर्देशन दिने। साथै समितिले समेत प्रभावकारी अनुगमन गर्नु पर्ने।

		हुनसकेको छैन।यसतर्फ सम्बन्धित निकायले ध्यान दिनु आवश्यक छ।	
१४	१४	अस्पतालले पुर्‍याउने सेवा सुबिधालाई चुस्त राख्न उपकरण एवम् सम्पत्तिहरु उचित सम्भार, मर्मत तथा व्यवस्थापन गरी चालु अवस्थामा राख्नुपर्दछ।भक्तपुर अस्पतालमा रहेका उपकरण मध्ये बायोकेमेष्ट्री अटोमेटेड एनालाइजर १, इन्कुभेटर २, सोडियम पोटासियम मेशिन १, एक्सरे रिडर १, डिस्टीलेसन प्लान्ट १, डिफीब्रिलेटर खरिद पश्चात प्रयोगमा नै नआएको अवस्था देखिएकोछ।स्वास्थ्य संस्थाले प्रयोग गर्ने उपकरणहरु चालु हालतमा नराख्दा मेशिन खरिदमा परेको खर्च तथा मेशिनको वारेण्टी निस्प्रभावी हुनुका साथै अस्पतालले सर्वसाधारणलाई दिने स्वास्थ्य सुविधा प्रभावित हुन गएकोछ।उपकरणहरु चालु हालतमा राखी लागत प्रभावी वनाउनुको साथै सेवा प्रवाह समेत चुस्त राख्नुपर्दछ।	भक्तपुर अस्पतालमा रहेका उपकरण मध्ये केही उपकरणहरु प्रयोगमा रहेको भएतापनि केही उपकरणहरु भने काम नलाग्ने अवस्थामा रहेपनि त्यसलाई नष्ट गर्नुपर्नेमा नगरी राखिएको अवस्था समितिको अनुगमनमा समेत देखिएकोले प्रयोग गर्न सक्ने र भक्तपुर अस्पताललाई आवश्यक नभएको सामग्री अन्य अस्पताललाई हस्तान्तरण गर्ने र काम नलाग्ने सामग्री नियमानुसार नष्ट गरी जिन्सी अभिलेख व्यवस्था गर्न निर्देशन दिने।
१५	१५	चालु वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी सामाग्री खरिद तथा खर्च गर्न नहुनेमा भक्तपुर अस्पतालले औषधी,प्रयोगशाला सम्बन्धी केमिकल्स, सर्जिकल सामान लगायतका सामानहरुको विगतको दायित्व बापत रु.२ करोड ३५ लाख यो बर्ष भुक्तानी गरेको छ।त्यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु देहाय अनुसार छन् :	-

<table>
<tr>
<td>१६</td>
<td>१५.१</td>
<td>अस्पतालले औषधी, प्रयोगशाला सम्बन्धी केमिकल्स र सर्जिकल सामानको २०७२।७३ को रु.५८ लाख ७७ हजार र २०७३।७४ को रु.१ करोड ८६ लाख २७ हजारसमेत रु.२ करोड ४५ लाख ४ हजारको दायित्व सिर्जना गरेकोमा ४ बर्षपछि २०७५/७६ मा विभिन्न १४ सप्लायर्सहरुलाई रु.२ करोड ३५ लाख भुक्तानी दिएको छ।नियमको परिधि भन्दा बाहिर गई दायित्व सिर्जन गर्न मिल्दैन।</td>
<td>बजेट नभएको अवस्थामा उधारो समान खरिद गरेर अर्को वर्षको लागि दायित्व सिर्जना गरी सप्लायर्सहरुलाई रु.२ करोड ३५ लाख भूक्तानी दिएको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।साथै अब आइन्दा बजेटको सुनिश्चितता गरेर मात्र खर्च गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>१७</td>
<td>१५.२</td>
<td>अस्पतालले बोलपत्रको माध्यमबाट खरिद गरेको र सोझै खरिद गरेको केही औषधी तथा औषधीजन्य सामग्रीको दररेट परीक्षण गर्दा केहीको अवस्था देहायबमोजिम देखिएको र खरिद गर्दा बोलपत्रबालासँग खरिद नगरी दरभाउपत्रवालासँग खरिद गरेको रकम भुक्तानी दिन बाँकी रहेको देखियो :
<table>
<tr><th>सि. नं.</th><th>औषधी को नाम</th><th>सोझै खरिद दर</th><th>ठेक्का दर</th><th>सि. नं.</th><th>औषधी को नाम</th><th>सोझै खरिद दर</th><th>ठेक्का दर</th></tr>
<tr><td>१</td><td>इनजेक्सन एड्रीलाइन</td><td>४४</td><td>१९.५८</td><td>४</td><td>एम्पीसिलन ५०० एम जी</td><td>२०</td><td>०.१९</td></tr>
<tr><td>२</td><td>इनजेक्सन</td><td>४९.९९</td><td>१३.०</td><td>५</td><td>भिटबिक</td><td>५.९९</td><td>१.४९</td></tr>
</table>
</td>
<td>आर्थिक वर्षको सुरुमै आवश्यकताको पहिचान गरी खरिद गुरुयोजना बनाई प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा बोलपत्रदातासँग खरिद नगरी बढी दरमा दरभाउपत्रबाट खरिद गरी भुक्तानी बाँकी देखाएकोले वास्तविक खर्चको अवस्था नदेखिएको हुँदा उक्त खर्चको एकिन गरी कारोवार यथार्थपरक अभिलेख व्यवस्थापन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td>बुकोपान</td><td></td><td></td><td></td><td>फ्रीटा क्याप</td><td></td><td></td></tr>
<tr><td>३</td><td>इनजेक्सन एलेक्सीकेन</td><td>५०.००</td><td>०.५०</td><td>६</td><td>मट्रोन्जल ४०० एम जी</td><td>२.७०</td><td>०.१०</td></tr>
</table>
बोलपत्रदातासँग खरिद नगरी बढी दरमा दरभाउपत्रबाट खरिद गरी भुक्तानी बाँकी देखाएकोले कारोवार यथार्थपरक छ भने अवस्था नरहेकोले खरिदको वास्तविकता निक्यौल गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>१८</td><td>१५.३</td><td>खरिद गरी वा हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानहरुको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधी सेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने उल्लेख भएकोमा अस्पतालले ल्याव केमिल्स सम्बन्धी औषधीजन्य मालसामान खरिद गरी जिन्सी खातामा आंशिक आम्दानी जनाए पनि जिन्सी खाता प्रमाणित गरेको पाइएन। प्रक्रिया पुरा नगरी भुक्तानी बाँकी दायित्व सिर्जना गरी भुक्तानी दिएको नियमित देखिएन।</td><td>खरिद वा हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानहरुको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधी अद्यावधिक सेस्ता खडा गरी जिन्सी खाता प्रमाणित गराई राख्नुपर्नेमा गरेको पाइएन। प्रक्रिया पुरा नगरी भुक्तानी बाँकी दायित्व सिर्जना गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।</td></tr>
</table>

१९	१६	नगद बाँकी- हेटौडा अस्पतालले २०७३।७४ को नगद बाँकी रहेको रकम अस्पताल विकास समितिको खातामा जम्मा गरेको भनी रु ४ लाख ५५ हजार खर्च जनाएको छ। नगद बाँकी रकम जो व्यक्तिसँग रहेको हो सोबाट असुल गरी समितिको खातामा जम्मा गर्नुपर्नेमा सो नगरी विविध खाताबाट खर्च जनाई दाखिला गरेको सम्बन्धमा छानविन गरी उक्त रकम असुल हुनुपर्दछ।	नगद बाँकी रकम जो व्यक्तिसँग रहेको हो सोबाट असुल गरी समितिको खातामा जम्मा गर्नुपर्नेमा सो नगरी विविध खाताबाट खर्च जनाई दाखिला गरेकोले उक्त रकम असुल उपर गरी नियमित गरी प्रमाण पेश गर्न निर्देशन दिने।
२०	१७	प्रदेश सरकारको नीति अनसार नागरिकलाई सुलभ स्वास्थ्य सेवा प्रदान गरी स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्नेमा जनसंख्या अनुरुप स्वास्थ्य संस्थाहरुको स्थापना, सेवा प्रवाहको नियमन र अनुगमन, स्वास्थ्य वीमा, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरण सहितको स्वास्थ्य सेवा उपलब्धता र पोषणको महत्व बारे जागरण बढाउने कामहरु नभएकोले उक्त नीतिको लक्ष्य पूरा भएको छैन।	नागरिकलाई सुलभ स्वास्थ्य सेवा प्रदान गरी स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्नेमा जनसंख्या अनुरुप स्वास्थ्य संस्थाहरुको स्थापना, सेवा प्रवाहको नियमन र अनुगमन, स्वास्थ्य वीमा, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरण सहितको स्वास्थ्य सेवा उपलब्धता र पोषणको महत्व बारे जागरण बढाउने कामहरु नभएकोले उक्त कार्यहरु तत्काल कार्यान्वयन गर्न निर्देशन दिने।
२१	१८	निर्देशनालयवाट यो वर्ष देहायका कार्यक्रम सञ्चालन गरी प्रदेश अन्तर्गतका १३ जिल्लाका विभिन्न सामदायिक विद्यालय तथा क्याम्पसहरुलाई निम्नानुसार रु ७६ करोड ६८ लाख ८७ हजार अनुदान निकासा दिएको छ।	-

(रु हजारमा)

कार्यक्रमको नाम	विद्यालय संख्या/क्याम्पस	बजेट	अनुदान निकासा	
बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन अनुदान	४९९७	५०००००	४९७९०	
शैक्षिक सामाग्री व्यवस्था (दर रु २५ हजार)	३६७१	१००००००	९१७७५	
ग्रामिण तथा पहाडी क्षेत्रमा स्थापना भएका सामुदायिक क्याम्पसहरुका लागि सवलिकरण सहयोग अनुदान	१३५	३३५०००	३१६६०	२
प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुका लागि प्रयोगशाला व्यवस्था	३०	९०००	८२००	
विद्यालय स्तरिय खेलकुद कार्यक्रम, खेल सामाग्री व्यवस्था र शिक्षकको लागि प्रोत्साहन अनुदान	१३१०	१३६०००	१३०१०	०
विद्यालयमा आइसिटि भवन सञ्चालन अनुदान (ई लाइब्रेरी र स्मार्ट वोर्ड)	२०	२००००	१९९७९	
शुद्ध पिउने पानी स्वच्छ	८१	८१०	७२८५४	

		विद्यालय कार्यक्रम अनुदान ०० विद्यालय भवन निर्माण अभियान ३८ ८१०००० ७२५८७ **जम्मा** ८१२००० ७६६८८७ अनुदान सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छ :-	
२२	१८.१	विद्यालय भवन निर्माण अभियान कार्यक्रमको लागि १३५ वटा सामुदायिक क्याम्पस र ३८ वटा सामुदायिक विद्यालयहरुसँग रु ३९ करोड ८९ लाख ४१ हजारको अनुदान सम्झौता गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिस्पर्धाको विधिबाट अदानको कार्य गराउनु पर्ने उल्लेख भएतापनि एक क्याम्पस बाहेक सबैले उपभोक्ता समिति मार्फत काम गराएको देखियो। उपभोक्तालाई हस्तान्तरण गर्न नसकिने विद्यालय तथा क्याम्पसका भवन निर्माण तथा भवनमा तला थप गर्ने जस्ता कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखियो। अनुदानको शर्त विपरीत हुने गरी कार्य गरेको अवस्थामा पछिल्ला किस्ता अनुदान रोक्का गरी शर्त बमोजिम निर्माण कार्य गराउन निर्देशनालयले पहल गरेको देखिएन।	प्रतिस्पर्धाको माध्यमबाट गराउनु पर्ने विद्यालय भवन निर्माण सम्बन्धी कार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था प्रतिकूल सामुदायिक क्याम्पस र विद्यालयहरुसँग रु.३९ करोड ८९ लाख ४१ हजारको अनुदान सम्झौता गरी उपभोक्ता समितिमार्फत गराएको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। साथै अब आइन्दा यस प्रकृतिका कार्य उपभोक्ता समिति मार्फत नगर्न नगराउन निर्देशन दिने।
२३	१८.२	मन्त्रीस्तरीय निर्णयवाट स्वीकत कार्यसञ्चालन निर्देशिकाको सि.नं.११५ मा प्रदेशभित्र ग्रामीण तथा पहाडी क्षेत्रमा स्थापना भएका सामुदायिक क्याम्पसहरुको विवरण तयार गर्ने, तोकिएका क्याम्पसहरुबाट कार्ययोजना सहितको प्रस्ताव माग	• मन्त्रालयले आफैंले तयार गरेको मापदण्ड वा निर्देशिकामा क्याम्पसको नाम नै उल्लेख गरी अनुदान स्वीकृत गर्दा रकम निकासा दिनुपर्ने बाध्यकारी व्यवस्था सहितको

		गर्ने, स्वीकत प्रस्ताव बमोजिम रकम बाँडफाँड गरी अनुदान उपलब्ध गराउने उल्लेख छ।यो वर्ष कार्यसञ्चालन निर्देशिकामा नै १३५ वटा सामुदायिक क्याम्पसहरुको नाम र अनुदान रकम उल्लेख गरी निर्देशिका स्वीकृत गरेको र निर्देशिकामा उल्लेख भएका सामुदायिक क्याम्पसहरुसँग कार्ययोजना सहितको प्रस्ताव लिई रु.१५ लाख देखि रु.४ करोड ५० लाखसम्म अनुदान दिई रु.३१ करोड ६६ लाख २ हजार खर्च लेखेको छ।कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्यविधि समेतलाई आधार मानी प्रस्ताव आव्हान गर्ने, निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासँग सम्झौता गरी कार्य गराउनुपर्नेमा तालुक मन्त्रालयले नै कार्यसञ्चालन निर्देशिकामा अनुदान पाउने सामुदायिक क्याम्पसको नाम र अनुदान रकम उल्लेख गरी स्वीकृत गर्दा रकम निकासा दिनुपर्ने बाध्यकारी व्यवस्था सहितको कार्यसञ्चालन निर्देशिका पठाएको देखियो।छनौट प्रक्रिया सम्बन्धी कागजात उपलब्ध नहुनको साथै आफ्नै स्रोत र साधनबाट सञ्चालन गर्न सक्ने क्षमता सहित सञ्चालन गर्न स्वीकृत लिएका सामुदायिक क्याम्पसलाई अनुदान दिनुपर्ने औचित्यता खुलाएको समेत देखिएन।शैक्षिक संस्थाको माग तथा आवश्यकता र पारदर्शीताको नीतिलाई आधार बनाई संस्था छनौट गरेर मात्र कार्यसंचालन गर्नुपर्दछ।	कार्यसञ्चालन निर्देशिका पठाई रु.३१ करोड ६६ लाख २ हजार खर्च लेखेको नियमसम्मत देखिएन नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।साथै मापदण्ड तयार गर्दा सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी नगर्न र प्रस्ताव माग गर्दा सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धाको माध्यमबाट गर्न गराउन निर्देशन दिने। • छनौट प्रक्रिया सम्बन्धी कागजात उपलब्ध नभई साथै आफ्नै स्रोत र साधनबाट सञ्चालन गर्न सक्ने क्षमता सहित सञ्चालन गर्न स्वीकृत लिएका सामुदायिक क्याम्पसलाई अनुदान दिनुपर्ने औचित्यता समेत नखुलाई अनुदान दिएको हुँदा आवश्यकता भन्दा मागका आधारमा अनुदान दिँदा बजेट अनुशासन र पारदर्शिता नहुने देखिएकोले अब आइन्दा यस्तो कार्य नगर्न नगराउन निर्देशन दिने।

२४	१८.३	निर्देशनालय र क्याम्पसहरुबीच भएको सम्झौता अनुसार सम्बन्धित क्याम्पसले खर्च गर्दा सम्झौताका साथ पेश गरेको कार्य योजना तथा ड्रईङ्ग डिजाइन बमोजिमका कार्यहरुमा खर्च गरी सोको नापी किताव, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने तथा क्यामपसबाट निर्माण कार्य हुन नसकेमा अनुदान रकम असुल गर्ने उल्लेख छ।यो वर्ष १३५ सामुदायिक क्याम्पसहरुलाई क्याम्पस सवलीकरण सहयोग अन्तर्गत क्याम्पस भवन निर्माण कार्यको लागि प्रथम किस्ता रु.३४ लाख ५० हजार निकासा दिएकोमा ती क्याम्पसहरुले कार्य योजना तथा इईङ्ग डिजाइन बमोजिमको कार्यसम्पन्न प्रतिवेदन, निर्माण सम्पन्न गरेको स्थानीय तहको सिफारिस तथा दोस्रो किस्ता माग समेत गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।	सम्झौता बमोजिम कार्य गरेको नदेखिएकोले उक्त रकम असुल उपर गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।
२५	१८.४	यो वर्ष ३ हजार ६७१ आधारभूत विद्यालयहरुलाई प्रति विद्यालय रु.२५हजारका दरले सम्बन्धित विद्यालयको खातामा सोझै निकासा नदिई प्रदेशभित्रका १३ वटा शिक्षा समन्वय इकाई मार्फत निकासा दिने गरी शिक्षा समन्वय इकाईको ख ६ खातामा रु.९ करोड १७ लाख ७५ हजार जम्मा गरी शैक्षिक सामग्री अनुदान रकम निकासा दिएको देखियो।उक्त रकम मध्ये ८ शिक्षा समन्वय इकाईले २११९ विद्यालयलाई रु.५ करोड १८ लाख ५९ हजार सम्बन्धित विद्यालयको खातामा निकासा दिएको र रु.३ करोड ९९ लाख १६ हजार उपलब्ध गराएको देखिएन।विद्यालयको खातामा उपलब्ध	शैक्षिक सामग्री अनुदान कार्यक्रम अन्तर्गत रु.३ करोड ९९ लाख १६ हजार बराबरको रकम विद्यालयको खातामा उपलब्ध गराएको र शैक्षिक सामग्री खरिद गरी सिकाई क्रियाकलापलाई बालमैत्री तथा प्रभावकारी बनाउने प्रयोजनमा खर्च गरेको अवस्था नदेखिएकोले सोको यकिन प्रमाण सहित नियमित गर्न निर्देशन दिने।साथै स्थानीय तह मार्फत सोही प्रयोजनको लागि विद्यार्थी संख्याको आधारमा रकम निकासा भएकोले एउटै प्रयोजनमा दुई स्रोतबाट रकम निकासा हुने

		गराएको र शैक्षिक सामग्री खरिद गरी सिकाई क्रियाकलापलाई बालमैत्री तथा प्रभावकारी वनाउने प्रयोजनमा खर्च गरेको प्रमाण समेत पेश हुन सकेन। स्थानीय तह मार्फत सोही प्रयोजनको लागि विद्यार्थी संख्याको आधारमा रकम निकासा हुने व्यवस्था भएकोले यस प्रयोजनमा दुई स्रोतबाट रकम निकासा भएको अवस्था छ। फ्रिज नहुने ख-६ समुह खातामा पठाएको उक्त रकम सम्बन्धितले प्राप्त गरेको र निर्धारित कार्यमा प्रयोग भएको यकीन हुनुपर्दछ।	हुँदा दोहोरो नपर्ने गरी कार्य गर्न निर्देशन दिने।
२६	१८.५	कार्यसञ्चालन निर्देशिका, २०७५ को सिनं १०५ मा प्रदेश भित्रका विद्यालय र समुदायमा आधारित बाल विकास केन्द्रको विवरण तयार गरी उक्त केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको संख्या यकीन गरी ती सहयोगी कार्यकर्ताहरुलाई मासिक रु.१ हजारका दरले १० महिनाको रकम सम्बन्धित समुदायमा आधारित बालविकास केन्द्रमा निकासा दिने उल्लेख छ। यो वर्ष ४ हजार ९९७ बालविकास सहयोगी कार्यकर्ताको रु.१० हजारका दरले हुन आउने रकम केन्द्रको खातामा सोझै निकासा नदिई १३ शिक्षा समन्वय इकाईको ख-६ समुह खातामा रु.४ करोड ९९ लाख ७० हजार प्रोत्साहन रकम निकासा दिएको देखियो। फ्रिज नहुने ख-६ समुह खातामा पठाएको रकम मध्ये रु.१ करोड ८४ लाख २१ हजार सम्बन्धित विद्यालयमा निकासा दिएको प्रमाण प्राप्त नभएकोले उक्त रकम सम्बन्धितले प्राप्त गरेको प्रमाण पेश हुनुपर्दछ।	४९९७ बालविकास सहयोगी कार्यकर्ताको रु.१० हजारका दरले हुन आउने रकम बाल विकास केन्द्रको खातामा सोझै निकासा नदिई १३ शिक्षा समन्वय इकाईको खातामा रु.४ करोड ९९ लाख ७० हजार प्रोत्साहन रकम निकासा दिएको मध्ये सम्बन्धित विद्यालयमा निकासा दिएको प्रमाण प्राप्त हुन बाँकी रकम रु.१ करोड ८४ लाख २१ हजारको सम्बन्धितले प्राप्त गरेको प्रमाण सहित नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।

२७	१८.६	यो वर्ष विद्यालय स्तरमा खेलकुदको पूर्वाधार विकास गर्न १,३१० माध्यमिक विद्यालयलाई प्रतिविद्यालय रु.१ लाखका दरले निकासा दिंदा सम्बन्धित विद्यालयको खातामा सोझै निकासा नदिई १३ शिक्षा समन्वय इकाईको ख-६ खातामा रु.१३ करोड १ लाख ७० अनुदान निकासा दिएको देखियो।फ्रिज नहुने ख-६ खातामा पठाएको उक्त रकम सम्बन्धित विद्यालयले प्राप्त गरेको मध्ये ५२५ विद्यालयलाई निकासा दिएको रु.५ करोड १५ लाख सम्बन्धितले प्राप्त गरेको र निर्धारित कार्यमा प्रयोग भएको एकीन हुनुपर्दछ।	विद्यालय स्तरमा खेलकुदको पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ५२५ विद्यालयलाई निकासा दिएको रु.५ करोड १५ लाख सम्बन्धितले प्राप्त गरेको र निर्धारित कार्यमा प्रयोग गरेको अवस्था नदेखिएकोले सोको यकिन प्रमाण सहित नियमित गर्न निर्देशन दिने।
२८	१८.७	यो वर्ष सामाजिक विकास मन्त्रालयले कार्यसंचालन निर्देशिकामा नै समुदायिक विद्यालयहरुको नाम र अनुदान रकम उल्लेख गरी २० समुदायीक विद्यालयलाई आइ. सी. टी अनुदान रु.१ करोड ९९ लाख ८० हजार स्वच्छ खानेपानी व्यवस्थापन गर्न ७६ विद्यालयलाई रु.७ करोड २८ लाख ५४ हजार र विद्यालय भवन निर्माण गर्न ३८ विद्यालयलाई रु.७ करोड ७५ लाख ८७ हजार समेत गरी रु.१७ करोड ४ लाख २१ हजार अनुदान दिएको छ।कार्यक्रम र अस्तियारी प्राप्त भएपछि अनुदानको लागि निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासंग सम्झौता गरी कार्य गराउनु पर्नेमा तालुक मन्त्रालयले नै कार्यसञ्चालन निर्देशिकामा अनुदान पाउने सामुदायिक विद्यालयको नाम र अनुदान रकम उल्लेख गरी स्वीकृत गर्दा रकम निकासा दिनैपर्ने बाध्यकारी व्यवस्था	ऐन प्रतिकूल मापदण्ड एवं निर्देशिका बनाई कार्यसञ्चालन निर्देशिकामा अनुदान पाउने सामुदायिक विद्यालयको नाम र अनुदान रकम उल्लेख गरी स्वीकृत गर्दा रकम निकासा दिनैपर्ने बाध्यकारी व्यवस्था गरी आइ. सी. टी, स्वच्छ खानेपानी व्यवस्थापन र विद्यालय भवन निर्माण कार्यमा रु.१७ करोड ४ लाख २१ हजार अनुदान दिएको नियमसम्मत नदेखिएकोले नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।साथै अनुदानको उपयोग सम्बन्धमा नियमित अनुगमन समेत नभएकोले यथार्थ अवस्थाबारे प्रभावकारी अनुगमन गर्न निर्देशन दिने।

		सहितको कार्यसञ्चालन निर्देशिका पठाएको देखियो। अनुदान प्राप्त गरेका विद्यालयहरुले कार्ययोजना अनुसार तोकिएका प्रविधियुक्त कक्षा कोठा निर्माण एवं व्यवस्थापन गर्ने, स्वच्छ खानेपानीको प्रवन्ध मिलाउने, लगायतका कार्यहरु सम्पन्न गरेको र निर्मित भवन तथा संरचनाहरु भवन संहिताको मापदण्ड अनुरुप गुणस्तरयुक्त भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गरी प्रतिवेदन तयार हुनुपर्दछ।	
२९	१९	सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी समावेश गर्न पाउने व्यवस्था रहेको छ। कन्टिन्जेन्सी खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ :	
३०	१९.१	सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिडले रु.१ करोड १२ लाख ७३ हजार, काभ्रेपलाञ्चोकले रु.१ करोड ३ लाख १९ हजार, कार्यालय सञ्चालनसँग सम्बन्धित दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाईकल मर्मत, कार्यालय तथा स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा खर्च गरेका छन्। नियममा विस्तृत व्यवस्था गरी कन्टिन्जेन्सी खर्चको कार्यविधि तर्जुमा गरी खर्च गर्नुपर्दछ।	• ऐन विपरीत गरेको कन्टिन्जेन्सी खर्च नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने। • कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाएर मात्र खर्च गर्न निर्देशन दिने। • कन्टिन्जेन्सी खर्चको व्यवस्थित अभिलेख राख्न निर्देशन दिने।

३१	१९.२	सार्वजनिक निर्माण कार्यान्वयन इकाई, काभ्रेपलाञ्चोकले निर्माणतर्फ रु १३ करोड १५ लाख ८२ हजार खर्च गर्दा कन्टिन्जेन्सी बापत रु.१ करोड ३ लाख १९ हजार खर्च लेखेको छ। आयोजनागत कन्टेन्जेन्सी रकमको अद्यावधिक अभिलेख राखी नियमले तोकेको क्षेत्र र सीमाभित्र रही खर्च गर्नुपर्नेमा निर्माण खर्चको तुलनामा रु.३७ लाख ४० हजार बढी खर्च लेखेको तथा निर्माणसंग असम्बन्धित शीर्षकहरुमा समेत कन्टेन्जेन्सी खर्च लेखेकोले आर्थिक अनुशासनको पालना भएको छैन यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।	सार्वजनिक निर्माण कार्यान्वयन इकाई, काभ्रेपलाञ्चोकले निर्माणतर्फ कन्टिन्जेन्सी बापत रु.१ करोड ३ लाख १९ हजार खर्च गरेकोमा निर्माण खर्चको तुलनामा रु.३७ लाख ४० हजार बढी खर्च लेखेको तथा निर्माणसंग असम्बन्धित शीर्षकहरुमा समेत कन्टेन्जेन्सी खर्च लेखेको नियमसम्मत नदेखिएको हुँदा आर्थिक अनुशासन फितलो हुन गएकोले प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण गराउने र अब आइन्दा यस्तो निर्णय नगर्न नगराउन निर्देशन दिने ।
३२	२०	सुर्वण शम्शेर अध्ययन प्रतिष्ठान, बुढानिलकण्ठ काठमाण्डौको क्रिकेट मैदान निर्माण कार्यको प्राविधिक मूल्याङ्कन श्रमदान बाहेक रु.४८ लाख ४० हजारमा श्रमदानको रु.८ लाख ३ हजार कट्टा गरी रु. ४७ लाख ५९ हजार खर्च गरेको छ। सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङले प्राविधिक मूल्याङ्कन नापी कितावको सि.न.५ पी. सी. सी. मा १०९.७७ घन मीटर हुनेमा १७२.८६ घन मीटर काम भएको भनी जोडजम्मा फरक परेको कारण ६३.०९ घन मीटरको प्रति घन मीटर रु.१६,६८८.१९ ले रु.१० लाख ५३ हजार उपभोक्ता समितिलाई बढी भुक्तानी भएको देखियो। सो रकम असुल गर्नुपर्दछ।	सुर्वण शम्शेर अध्ययन प्रतिष्ठान, बुढानिलकण्ठ काठमाण्डौको क्रिकेट मैदान निर्माण कार्यको सम्बन्धमा सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङले प्राविधिक मूल्याङ्कन नापी कितावको सि.न.५ पी. सी. सी. मा १०९.७७ घन मीटर हुनेमा १७२.८६ घन मीटर काम भएको भनी जोडजम्मा फरक परेको कारण ६३.०९ घन मीटरको प्रति घन मीटर रु.१६,६८८.१९ ले रु.१० लाख ५३ हजार उपभोक्ता समितिलाई बढी भुक्तानी भएको उल्लेख हुन आएको सम्बन्धमा समितिले स्थलगत अनुगमन गर्दा पुनःमूल्याङ्कन गर्नु पर्ने देखिएकोले पहिला मूल्याङ्कन गर्ने प्राविधिक भन्दा अर्को वा एक तहमाथिको प्राविधिकबाट पुनःमूल्याङ्कन गरी वास्तविक खर्चको एकिन गरी बेरुजू फछ्र्यौट गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।

बेरुजू स्थिति	मन्त्रालय एवं मातहत निकायको नाममा रहेको लगती बेरुजूको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने ।

३.८ मुख्य न्यायाधिवक्ताको कार्यालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ अनुसार प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकारको संविधान एवं कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित् प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व, सरोकार रहेको मुद्धामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भइ बहस पैरवी गर्ने, प्रदेश सरकार, प्रदेश सरकारले तोकेको अधिकारले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय प्रदान गर्ने कार्य मुख्य न्यायाधिवक्तालाई तोकेको छ। यो वर्ष प्रदेश सरकारलाई विपक्षी बनाई परेका विभिन्न १५ मुद्धाको कार्यालयले प्रतिरक्षा गर्दा ४ खारेजी भएका, ९ को जवाफ लगाई बहस गरिएको र २ को कारबाही हुन बाँकी रहेको छ। दरवन्दी अनुसार ८ पद रिक्त रहन गई कार्य सम्पादनमा सहजता आएको छैन। कर्मचारीको पदपूर्ति समेत गरी कार्य सम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ।	• प्रदेश सरकार विरुद्ध परेका मुद्धाको सम्बन्धमा आफ्नो जिम्मेवारी बमोजिमको काम समयमा सम्पन्न गर्न निर्देशन दिने। • कार्यालयमा दरबन्दी अनुसार कर्मचारी नहुँदा कार्यसम्पादनमा असहज स्थिति पैदा हुने, समयमा काम नहुने भएकोले यथाशीघ्र दरबन्दी बमोजिम कर्मचारी पदपूर्ति गर्न आवश्यक पहलकदमी लिन निर्देशन दिने।
बेरुजू स्थिति		यस कार्यालयको नाममा फछ्र्यौट हुन बाँकी रहेको बेरुजू रु.३१ हजार यथाशीघ्र फछ्र्यौट गरी सोको प्रमाणित कपि पेश गर्न निर्देशन	

	दिने।

३.९ प्रदेश सभा सचिवालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	प्राप्त विवरण अनुसार कर्मचारीको नेतृत्व विकास, द्वन्द्व, जोखिम तथा विपद् व्यवस्थापन, अभिलेखालय तथा पुस्तकालय व्यवस्थापन, भाषिक सीप, प्रस्ताव तथा प्रतिवेदन लेखन, कानुन निर्माण तथा व्यवस्थापन र सूचना व्यवस्थापन तालिम जस्ता कार्यक्रमहरु सञ्चालन हुन नसकेकोले समग्रमा ३६२३. प्रतिशत मात्र वित्तीय प्रगति हासिल गरेको देखिन्छ। वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल हुनुपर्दछ।	• शतप्रतिशत लक्ष्य हासिल गर्न निर्धारित वार्षिक कार्यक्रम समयमा नै सम्पन्न गर्न निर्देशन दिने। • प्रदेश सभाको मुख्य काम कानून निर्माण गर्ने भएकोले यससँग सम्बन्धित् प्रस्ताव तथा प्रतिवेदन लेखन, भाषिक सीप लगायतका कार्य महत्वपूर्ण हुने हुँदा कर्मचारीलाई समय समयमा आवश्यक तालिम प्रदान गरी सक्षम बनाउन निर्देशन दिने।
२	२	तोकेको जिम्मेवारी पूरा गर्न दरबन्दी अनुसार पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ३६ रहेकोमा २२ पदपूर्ति भएको देखिन्छ। पदपूर्तिमध्ये ७ काजमा कार्यरत रहेको पाइयो। सचिवालयको दरबन्दी र पदपूर्ति अवस्था अद्यावधिक गरेको छैन। दरबन्दी बमोजिम पदपुर्ति हुनुपर्दछ।	कर्मचारीको अभावका कारण सचिवालयको कार्यसम्पादन समयमा हुन नसकेको, सीमित कर्मचारीले दोहोरो जिम्मेवारी बहन गर्नुपर्ने अवस्थाले गर्दा वार्षिक कार्यक्रम समेत समयमा सञ्चालन हुन नसक्दा कार्यसम्पादनमा प्रभावकारीता नदेखिएकोले कर्मचारी प्रशासनसँग सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी समयमा नै दरबन्दी बमोजिमको कर्मचारी पदपूर्ति गर्न निर्देशन दिने।
३	३	नेपाल सरकार (म.प.) ले २०७५।०१।२६ मा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ जारी गरेको छ। भवन तथा पदाधिकारीको	सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता एवं प्रभावकारिता ल्याउन सवारी साधन खरिद तथा मर्मत सम्भार खर्च एवं भवन तथा पदाधिकारीको सेवा सुविधामा एकरुपता कायम

<table>
<tr><td></td><td></td><td>कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराइने सवारी साधनको किसिम, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने नीतिगत व्यवस्था भएकोमा मापदण्ड तयार नभएकोले तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।</td><td>गरी मापदण्ड तयार गर्ने जिम्मेवारी प्रदेश सरकारको भएकोले सो सम्बन्धमा आवश्यक समन्वय गर्न निर्देशन दिने।</td></tr>
<tr><td>४</td><td>४</td><td>प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा तोक्ने सम्बन्धी मन्त्रिपरिषद्को आदेश, २०७५ बमोजिम यो वर्ष मासिक सुविधा भुक्तानी गर्दा देहाय बमोजिमका दरले पारिश्रमिकमा रु ६ करोड ३ लाख २६ हजार, बैठक भत्ता रु. ४० लाख ७० हजार, पदाधिकारी अन्य सुविधा रु.६ करोड ६२ लाख ४५ हजार समेत रु. १३ करोड ६ लाख ४२ हजार खर्च भएको देखिन्छ। विभिन्न समितिहरुका सभापतिको पारिश्रमिक, पदाधिकारीको संचार र आवास सुविधाको रकम अन्य प्रदेश भन्दा फरक देखिएकोले समन्वात्मक रुपमा एकरुपता ल्याउनुपर्दछ।</td><td>सात वटै प्रदेशका पदाधिकारी तथा सदस्यको सेवा, सुविधामा एकरुपता कायम गर्नसके उपयुक्त हुने देखिन्छ। यद्यपि प्रदेशको आफ्नो आर्थिक क्षमता, सुविधा प्राप्त गर्ने पदाधिकारीको संख्या लगायतका विषय समेतलाई मध्यनजर गरी सेवा सुविधा निर्धारण गर्नुपर्ने देखिएकोले सुझाव बमोजिम नीतिगत छलफल एवं सम्भाव्यता अध्ययन गर्न निर्देशन दिने।</td></tr>
<tr><td>५</td><td>५</td><td>प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिनका लागि देहाय बमोजिमको कार्यक्षेत्र रहने गरी समिति गठनको व्यवस्था रहेको छ।
<table>
<tr><th>क्रस.</th><th>समितिको नाम</th><th>कार्यक्षेत्र</th><th>यो वर्षको बैठक</th></tr>
</table></td><td>• सरकारले प्रदेश सभाको बैठकमा दिएको आवश्वासन एवं नीति तथा कार्यक्रमको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरी सोको व्यवस्थित अभिलेख राख्ने, वेबसाइटमा प्रकाशन गर्ने लगायतका कार्य प्रभावकारी रुपमा हुन नसकेकोले कार्यक्षेत्र बमोजिम सम्बन्धित् समितिको काममा आवश्यक सहयोग गरी उक्त कार्यलाई तिव्रता दिन निर्देशन दिने।</td></tr>
</table>

				संख्या
१	प्रदेश मामिला समिति	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, उपभोक्ता हित सम्बन्धी।	२८
२	अर्थ तथा विकास समिति	आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय सम्बन्धी।	२८
३	सार्वजनिक लेखा समित	महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्र्यौट, प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी।	२७
४	शिक्षा , स्वास्थय तथा कृषि समिति	भूमि, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय सम्बन्धी।	४०
५	उद्योग , पर्यटन तथा वातावरण समिति	उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालय सम्बन्धी।	४१

प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको

- समितिले दिएको निर्देशन वा सुझाव कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन सभामा पेश गर्नु पर्ने नीतिगत व्यवस्था रहेकोले सोको लागि समिति सचिवालयलाई सचिवालयले आवश्यक समन्वय तथा सहयोग गर्न निर्देशन दिने।

		अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिनका लागि यो वर्ष १६४ वटा बैठक बसेर विभिन्न निर्णय गरेको भएतापनि निर्देशन वा राय सल्लाहको कार्यान्वयनको अभिलेख राखी अनुगमन नगरेकोले सोमा सुधार हुनुपर्दछ।	
६	६	सवारी साधन शीर्षकमा रु.३ करोड बजेट स्वीकृत भएकोमा रु.३ करोड ३३ लाख ५० हजार थप गरेर रु.६ करोड २७ लाख २९ हजारमा १० जीप तथा १७ माटरसाइकल खरिद भएको छ। बजेट तथा कार्यक्रम बेगर रकम थप गरी सवारी साधन खरिद गरेको नियमित देखिएन। सभामुख र उपसभामुखलाई मात्र सवारी साधन सुविधा उपलब्ध हुने कानुनी व्यवस्था रहेको अवस्थामा उल्लेखित सवारी साधन खरिद गर्न पाउने आधार देखिएन।	प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को पहिलो संशोधनबाट पदाधिकारीहरुलाई सवारी साधन थान एक/एक उपलब्ध गराउने निर्णय भए बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सवारी साधन खरिद गर्न स्रोतको सुनिश्चितता सहित स्वीकृती प्राप्त गरी खरिद गरेको देखिन्छ। साथै सचिवालयमा कार्यरत कर्मचारीहरुको लागि समेत स्वीकृती प्राप्त गरी आवश्यक मोटरसाइकल खरिद गरेकोले समितिले उक्त बेरुजू फछ्र्यौट गर्ने एवं बेरुजू लगत कट्टाको लागि महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउने।
७	७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ। प्रदेश सभा सचिवालयले यो वर्ष पनि पूँजीगत तर्फ लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान बा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला रू.४३ लाख ६० हजारको फर्निचर तथा मेशिनरी औजार पटक	• सचिवालयले आर्थिक वर्षभित्र खरिद गर्नुपर्ने आवश्यक वस्तु तथा सेवाको समयमा नै पहिचान गर्ने र सोको वार्षिक खरिद योजना तयार गरी एकमुष्ठ रुपमा प्रतिस्पर्धा मार्फत् खरिद कार्य गर्न गराउन निर्देशन दिने। • वस्तु तथा सेवा खरिदमा अनिवार्य आवश्यकताको पहिचान गरेर नभई नहुने सामाग्री खरिद गरी सार्वजनिक खरिदमा मितव्ययिता एवं पारदर्शिता कायम गर्न निर्देशन

		पटक सोझै खरिद गरेको छ। कानुन परिपालना गरी प्रतिस्पर्धा र मितव्ययितापूर्वक खरिद कार्य गर्नुपर्दछ।	दिने।
बेरुजू स्थिति		यस वर्ष सचिवालयको नाममा लगती बेरुजू नदेखिएकोले शुन्य बेरुजू कायम राख्दै सार्वजनिक खर्चमा मितव्ययिता प्रवर्द्धन गर्न निर्देशन तथा सुझाव दिने।	

३.१० भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

क्र.सं.	बेरुजूको दफा	बेरुजूको व्यहोरा	समितिको निर्णय
१	१	बागमती प्रदेशको नीति तथा कार्यक्रममा उल्लेख भएको मन्त्रालय अन्तर्गत प्रदेश स्तरीय खाद्य गुणस्तर परीक्षण संयन्त्र स्थापना गरी अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी वनाउने, कृषि वीमा विस्तार गरिने, प्रत्येक जिल्लामा कृषक पाठशाला सञ्चालन एवं तालिम केन्द्र विकास गर्ने, दुग्ध प्रशोधन केन्द्र स्थापना गर्ने, भूमि आयोग गठन गर्ने, भू-उपयोगी नीतिबमोजिम जमिनको वर्गीकरण गर्ने, सम्पूर्ण गुठी जग्गा रैकरमा पारित गर्ने नीति लिने, छुट जग्गा दर्ता र पुनः नापी गरी सार्वजनिक निजी जग्गा यथार्थ अभिलेखीकरण गर्ने जस्ता कार्यहरु भएको पाइएन। नीतिगत प्रतिबद्धताको कार्यान्वयन गरिनुपर्दछ।	• प्रदेश स्तरीय खाद्य गुणस्तर परीक्षण संयन्त्र स्थापना गरी अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउन निर्देशन दिने। • कृषकले बीमा दावि गर्दा समयमा नै बीमा रकम प्राप्त गर्न नसकेको अवस्था अनुगमनबाट देखिएकोले सोको आवश्यक कारबाही गर्ने साथै बीमा नीतिमा समेत आवश्यक संशोधन तथा सुधार गर्नु पर्ने देखिएकोले त्यसतर्फ कामकारबाही अगाडी बढाउन निर्देशन दिने। • कृषकलाई आवश्यक परेको समयमा तालिम तथा परामर्श सेवा प्रदान गर्न कृषक पाठशाला एवं तालिम केन्द्र स्थापना तथा सञ्चालन गर्न निर्देशन दिने। • प्रदेश सरकारले भूमि व्यवस्थापन सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। वार्षिक नीति तथा कार्यक्रम र

			बजेटमा उल्लेखित कार्यक्रमलाई समयमा नै प्राथमिकतासाथ कार्यान्वयन गर्न निर्देशन दिने।
२	२	कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, चरण तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन हुन बाँकी रहेको छ। त्यस्तै वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित खाद्य सुरक्षा सम्बन्धी नीति, पशु विकास सम्बन्धी नीति, भू-उपयोग नीति, सहकारी तथा गरिबी निवारण सम्बन्धी नीति तर्जुमा गर्ने गरी बजेट सहित कार्यक्रम स्वीकृत गरेकोमा नीतिहरु वनाई सकेको देखिएन। नीति ऐन तर्जुमा समिति गठन गरी कार्य प्रारम्भ भएको मन्त्रालयले जनाएको छ।	नीतिगत प्रतिबद्धतालाई समयभित्र कार्यान्वयन गर्न निर्देशन दिने। सुझाव बमोजिम गर्न निर्देशन दिने।
३	२१.	विशेष प्रकारका पटके कार्यक्रम आयोजना सञ्चालनमा कुनै संस्था तथा व्यक्तिलाई लागत साझेदारीको आधारमा अनुदान दिँदा सोबाट भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भएको र लेखापरीक्षण गराएको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय तथा मातहत निकायबाट कृषि एवं पशुपंक्षी लगायत फार्मको पूर्वाधार सुदृढीकरण अनुदान, मेशिनरी औजार हाटबजार, बजार सेड, भवन निर्माण, बजारीकरण, सडक पूर्वाधार, भण्डारण थ्रेसर, पावर ट्रिलर, स्प्रेयर, ट्रयाक्टर, उपकरण, डिफ्रिज, मिल्क क्यान, चिलिङभ्याट, कन्टेनर	• वास्तविक किसानको पहिचान गरी नगद अनुदानलाई क्रमश न्यूनीकरण गर्दै कृषि सामाग्री अनुदानमा उपलब्ध गराउने साथै समय-समयमा अनुदानको प्रयोगको अवस्थाबारे प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न गराउन निर्देशन दिने। • कृषि सामाग्री अनुदान दिएपछि कृषकलाई त्यसको प्रयोग एवं मर्मत सम्भार सम्बन्धी तालिमको समेत व्यवस्था गर्न निर्देशन दिने। • संघ र स्थानीय तहले समेत एकै किसिमको अनुदान दिँदै आएको हुनाले एउटै फर्मलाई दोहोरो नपर्ने गरी मापदण्ड

		लगायतका कार्य लागत साझेदारीमा गर्न उपभोक्ता निजी व्यवसायी समेतका लागि रु.७७ करोड ७३ लाख ६६ हजार अनुदान वितरण गरेको छ। केन्द्र, प्रदेश र स्थानीय तह समेतका सरकारवाट कृषिमा अनुदान उपलब्ध गराउदै आएको भएतापनि समग्रमा ५ वर्षको अवस्था विश्लेषण गर्दा रु.५१ अर्व २० करोड अनुदान उपलब्ध गराएको देखिन्छ। कृषिमा सरकारले दिएको अनुदान प्रत्येक वर्ष वृद्धि भइरहेको अवस्थामा कृषकहरु आत्मनिर्भर हुँदै जानुपर्नेमा कृषिजन्य उपजको वृद्धि वाट आत्मनिर्भरता हुन नसकेको स्थिति छ। फलस्वरुप ५ वर्षको अवधिमा कृषिजन्य वस्तुमा रु.७ खर्व ८१ अर्वको आयात भएको छ। कृषि सामाग्री आयातमा सरकारले राजस्व छुट समेत दिएको छ। यो तथ्यांकले कृषि अनुदानको रकम लक्षित वर्गमा पुगी प्रतिफल प्राप्त भएको देखिदैन। तसर्थ हालको अनुदान वितरणको प्रक्रियाको मूल्याङ्कन गरी सुलभ ऋण, ब्याज अनुदान, उत्पादित कृषि उपज एवं पशुजन्य उत्पादनमा आधारित अनुदान जस्ता प्रक्रियाबाट वास्तविक किसानको जीवनस्तर उकास्ने गरी परिवर्तनको अनुभूती पुयाउने नीति निर्माण गर्नुपर्दछ। प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम लागु गर्ने गरी कार्यक्रम र बजेट तर्जुमा गरिएको मन्त्रालयले जनाएको छ।	तयारी गरी अनुदान प्रणालीलाई व्यवस्थित एवं पारदर्शी बनाउन निर्देशन दिने। • प्रदेशले ठूलो रकम कृषि अनुदानमा खर्च गर्नुका साथै कृषि आयातमा राजस्व छुट समेत दिएको छ, तथापि कृषि आयातमा कमी आएको देखिँदैन। नगद अनुदानलाई प्रोत्साहित गर्दा कृषकले नगद अनुदानको रकमलाई आम्दानीको रुपमा लिने र कृषि उत्पादनमा लगानी नगर्ने सम्भावनाले गर्दा आन्तरिक उत्पादन घट्न गई आयात घट्न सकेको देखिएन तसर्थ प्रदेश सरकारले कृषिमा ऋण, ब्याज अनुदान एवं अन्य वैकल्पिक उपायको खोजी गरी कृषिको व्यवसायिकरण तथा यान्त्रिकरण गर्नसक्ने नीति एवं मापदण्डको तर्जुमा गर्न निर्देशन दिने।
४	३	प्रदेश सरकारको २०७५/७६ को नीति तथा कार्यक्रममा विभिन्न मन्त्रालयहरुले पहिचान गरेका आवश्यक कानुनहरु	• मन्त्रालयको मुख्य काम नीति निर्माण गर्ने भएकोले केन्द्रिय निकाय आफैं मातहतका निकायबाट सञ्चालन हुने

		निर्माण गरिने उल्लेख गरेको एवं मन्त्रालय अन्तर्गत भूमि, गुठी तथा गुठी जग्गा व्यवस्था, खाद्य पोषण तथा खाद्य सम्प्रभूता, गरिबी निवारण, पशुपंक्षी औषधि किटनाशक तथा विषादी, दाना पदार्थ, पशु सेवा, वीउ वीजन तथा विरुवा संरक्षण, सहकारी, कृषि तथा पशुजन्य उत्पादनको व्यवसायिकरण, प्राङ्गारिक तथा रसायनिक मलखाद्य सम्बन्धी कानुन र चरण तथा खर्क नीति समेत १२ वटा कानुन निर्माण गर्न पहिचान भएकोमा प्रदेश वीउ वीजन ऐन, २०७५, प्रादेशिक सहकारी सम्बन्धी कानुन र कृषि व्यवस्था प्रबर्द्धन ऐन, २०७५ मात्र तर्जुमा भएको देखिन्छ। अन्य ९ वटा कानुनहरु निर्माण हुन बाँकी रहेको छ भने पहिचान नभएका प्रादेशिक दुग्ध विकास बोर्ड ऐन, २०७५ र जलचर संरक्षण ऐन, २०७४ निर्माण भएको छ। अतः पहिचान भएका बाँकी ९ कानुनहरु आवश्यकताको आधारमा निर्माण गर्नुपर्दछ। मन्त्रालय आफैमा विभिन्न कानुन, नीति तथा मापदण्ड र कार्यविधि वनाई निर्मित नीतिहरुको कार्यन्वयन अवस्थाको अनुगमन र मुल्याइन एवं मार्ग दर्शन गर्ने निकाय भए तापनि मन्त्रालयले कार्यसञ्चालन स्तरका सीप विकास तालिम, बधशाला र बधस्थल निर्माण, डीप बोरिङ निर्माण, पर्खाल निर्माण, यन्त्र उपकरण खरिद गरी हस्तान्तरण र पशु आय वृद्धि कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरेको छ। नीतिगत व्यवस्था बनाई कार्यान्वयन गराउने निकाय कार्यसञ्चालन स्तरका कार्यक्रममा संलग्न हुँदा नियमनकारी	कार्यक्रम कार्यान्वयनमा सीमित नभई पहिचान भएका आवश्यक कानून निर्माणलाई तिव्रता दिन निर्देशन दिने। • ऐन, कानूनको कार्यान्वयन र मातहतका निकायबाट सञ्चालित कार्यक्रमको कार्यान्वयनको अवस्थाको नियमित अनुगमन तथा मूल्याङ्कन एवं नियमन गर्न निर्देशन दिने। • ऐन मातहत कार्यविधि बन्नुपर्ने सोझै कार्यविधि बनाएर खर्च गर्नु कानून विपरीत हुने, आर्थिक अनुशासनको पालना नहुने एवं त्यसरी गरेको कार्यमा पारदर्शीता समेत नहुने भएकोले ऐन निर्माण गरी सो मातहतमा मात्र कार्यविधि तयार गर्ने।

		भूमिका कमजोर हुने हुँदा उक्त कार्यहरु मातहत निकायहरु मार्फत सञ्चालन गर्ने प्रवन्ध गर्नुपर्दछ।	
५	४	मन्त्रालयको लागि २०७५।७६ मा विनियोजन भएको रु ३ अर्व ११ करोड १५ लाख ७१ हजार बजेटमध्ये चालूतर्फ ६७ प्रतिशत र पूँजीगततर्फ ४३ प्रतिशतमात्र खर्च भएको छ।स्वीकृत बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा पिग एण्ड पोर्क पार्क निर्माण तर्फको रु.१ करोड, उत्पादनमूलक सहकारी संस्था प्रबर्द्धनतर्फ रु.१ करोड ५० लाख, गुठी व्यवस्थापनतर्फ रु.५० लाख, प्रादेशिक दुग्ध विकास बोर्ड गठनमा रु.१ करोड ५० लाख, भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबास व्यवस्थापन गर्न अध्ययन तथा एकीकृत बस्ती स्थापनातर्फ रु.५० लाख गरी जम्मा रु.५ करोड समर्पण भएको देखिन्छ।तत्पश्चात् २८ कार्यक्रम अन्तर्गत २५८ क्रियाकलापको लागि रु.६ करोड ७८ लाख ५० हजार वजेट कायम भएकोमा कार्यक्रमहरु सञ्चालन भएको देखिएन।कार्य योजना तयार गरी सोको अनुगमन गर्ने एवं कार्यान्वयनको लक्षित नतिजा प्राप्ति हुनेगरी वार्षिक बजेट, कार्यक्रम र कार्यान्वयन बीचको अन्तर कम गर्नुपर्दछ।	स्वीकृत वार्षिक बजेट बमोजिमका अधिकांश कार्यक्रम मन्त्रालयले कार्यान्वयन गरेको देखिएन, कतिपय कार्यक्रम त सुरुवात नै गरेको छैन।स्वीकृत बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन नगरी बजेट समर्पण गर्दा चालु खर्चमा वृद्धि भएको र पुँजीगत खर्च बढ्न सकेको देखिएन।महत्वपूर्ण कार्यक्रम पनि कार्यान्वयन नहुँदा मन्त्रालयको प्रगति खासै देखिएन त्यसैले समयमा नै कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने र नियमित अनुगमन तथा मूल्याङ्कन गरी शत प्रतिशत नतिजामा केन्द्रित हुन निर्देशन दिने।
६	५	भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त, किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि व्यवस्थापन, जग्गाको चक्लावन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भूउपयोग - नीति तथा कानुन, भूमिको उत्पादनशीलता र समुचित	• उल्लेखित व्यहोरामा भएको कुनै पनि कार्य हालसम्म शुरु नभएकोले तत्काल कार्यान्वयन गर्न गराउन निर्देशन दिने।

		उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्न प्रदेश सरकारले भूमि व्यवस्थापन गरी जग्गाको अभिलेख व्यवस्थित गर्नुपर्ने व्यवस्था छ। प्रदेश अन्तर्गत यस सम्बन्धी कार्य सुरु भएको छैन।	• भूमि व्यवस्थापन सम्बन्धमा संघीय सरकारसँग आपसी समन्वय एवं सहकार्य गरी आवश्यक कारबाही अगाडी बढाउन निर्देशन दिने।
७	६	आर्थिक र समाजिक विकासमा सहकारी क्षेत्रको योगदान उल्लेख्य रहेको छ। प्रदेशभित्र छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गराई अर्थतन्त्रमा सहकारीको योगदान वृद्धि गर्नुपर्ने अवस्था छ। प्रदेश अन्तर्गत २०७५ असार मसान्तसम्म विभिन्न प्रकृतिका ११ हजार ५७७ सहकारी संस्थाहरु क्रियाशील रहेकोमा मन्त्रालयले ती सहकारी सस्थाहरुको अद्यावधिक अभिलेख राखी अनुगमन गरेको छैन। सहकारीले संकलन गरेको पूँजीलाई कृषि, पर्यटन, उद्योग र उर्जा जस्ता क्षेत्रमा परिचालन गर्नुका साथै सीपमूलक तालिम, सहुलियत कर्जा, युवा स्वरोजगार, बचत सुरक्षण वीमा आदि कार्यक्रमसमेत कार्यान्वयनमा ल्याउनुपर्दछ।	• सामूहिक प्रयासबाट छरिएर रहेको श्रम, सीप, पुँजी र प्रविधिको उपयोग मार्फत् उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउनुपर्ने सहकारी संस्थाहरु ठूलो रकम संकलन गरेर व्यवसायिक रुपमा ठूला लगानीका क्षेत्रमा प्रवेश गर्दा न्यून आयश्रोत भएका साझेदारबाट संकलन गरेको बचत रकम नीति विपरीत जोखिमयुक्त क्षेत्रमा लगानी गर्ने गरेको उजुरी तथा गुनासो समेत आएकोले सहकारीहरुको नियमित रुपमा प्रभावकारी ढंगबाट अनुगमन तथा मूल्याङ्कन गर्न निर्देशन दिने। साथै निश्चित उद्देश्य वेगर नीति विपरीत जथाभावी सञ्चालनमा रहेका सहकारीलाई कारबाही गर्न समेत निर्देशन दिने। • सरकारले सहकारी संस्थाहरुलाई मर्जरमा लैजाने नीति कार्यान्वयन गर्न निर्देशन दिने।
८	७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची-१ मा कन्टिन्जेन्सी खर्च सम्बन्धी व्यवस्था गरेको छ। कन्टिन्जेन्सीमध्ये २ प्रतिशत वर्क चार्जस्टाफ खर्च र २	• वृत चित्र निर्माणमा संस्थाको नाम उल्लेख नगरेको सम्बन्धमा सम्बन्धित् पक्षलाई सचेत गराई अब आइन्दा वृत चित्र निर्माण लगायतका सामाग्री तयार गर्दा ध्यान

		प्रतिशत साना तथा अन्य खर्च गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार सूचना प्रकाशनमा रु. २० लाख ६४ हजार, दैनिक भत्ता तथा भ्रमण खर्चमा रु.९ लाख २२ हजार, मर्मत सम्भारमा रु.८ लाख २७ हजार, बैठक भत्तामा रु.१ लाख ३५ हजार, पारिश्रमिकमा रु.३ लाख ८३ हजार, वृत्तचित्र निर्माणमा रु.१ लाख ५० हजारसमेत रु.४४ लाख ८१ हजार कार्यालय सञ्चालन प्रकृतिका कार्यमा कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ। कार्यविधि तर्जुमा गरी कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्नुपर्दछ।	पुर्‍याउन निर्देशन दिने। • निश्चित मापदण्ड विपरीत गरेको कन्टिन्जेन्सी खर्च नियमसम्मत देखिएन सोको नियमित गरी प्रमाण पेश गर्न निर्देशन दिने।
९	८	कृषि विकास निर्देशनालय तथा कृषि ज्ञान केन्द्र मार्फत यस वर्ष ९८ कृषि सडक निर्माण तथा मर्मत गरी रु २८ करोड ४२ लाख ४८ हजार खर्च गरेको देखिन्छ। कृषि विकास निर्देशनालय तथा कषि ज्ञान केन्द्रमा सडक निर्माणका लागि विषय विशेषज्ञ प्राविधिक नरहेको अवस्थामा उपभोक्ता समितिमार्फत कार्य गराउँदा डिजाईन तथा गुणस्तरमा प्रयाप्त ध्यान पुग्न सक्ने अवस्था रहँदैन। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन :	
१०	८१.	विकास निर्माणका कार्यहरु गर्दा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वयमा दोहोरो नपर्ने गरी कार्य गर्नुपर्दछ। सडक निर्माण कार्य संघ र प्रदेशको पूर्वाधार विकास कार्यालय तथा स्थानीय तहबाट समेत भइरहेकोमा यस मन्त्रालय मातहत	एकै प्रकृतिको काममा तीन वटै तहले खर्च गर्दा खर्चमा दोहोरोपना हुने, खर्चको प्रभावकारीता नहुने र खर्चको औचित्यता समेत पुष्टि नहुने हुँदा तीन तहबीच आवश्यक समन्वय हुन जरुरी देखिएकोले मापदण्ड एवं कार्यविधि तयार

		निकायहरुले पनि सोही प्रकृतिको कार्य सञ्चालन गरेको अवस्थामा समन्वयात्मक तवरले सञ्चालन गर्ने कार्यविधि, समन्वय संयन्त्र तयार गरेको छैन।	गर्दा तीनै तहबीच आपसी समन्वय मार्फत काममा दोहोरोपना नहुने गरी कार्य गर्न/गराउन निर्देशन दिने।
११	८२.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा कार्यालयले उपभोक्ता समितिबाट निर्माण काम गराउन सो उपभोक्ता समिति वा लाभग्राही समुदायको गठन गरेको, उपभोक्ता समितिसंग निर्माण कामको सम्झौता, सम्पन्न कामको उपभोक्ता समितिको भेलाले अनुमोदन गरेको, सार्वजनिक परीक्षण गरेको, निर्माण कामको लागत अनुमान स्वीकृत गरी प्राविधिक कर्मचारीले मूल्याङ्कन गरेको खर्च बिल, भरपाई, खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराउनु पर्ने व्यवस्था रहेको छ। मन्त्रालय मातहत निकायबाट विभिन्न ९८ वटा सडक निर्माण तथा मर्मत बापतको रु २८ करोड ४२ लाख ४८ हजार उपभोक्ता समितिलाई उपलब्ध गराएकोमा उपभोक्ता समितिले नियममा उल्लेख गरेका उपर्युक्त प्रक्रिया पूर्ण गरेका छैनन्।	उपभोक्ता समिति वा लाभग्राही समूहबाट निर्माण कार्य गराउँदा ऐनमा उल्लेखित प्रक्रिया पूरा गरेर मात्र भूक्तानी दिनुपर्नेमा सो प्रक्रिया पूरा नगरी भूक्तानी दिएको नियमसम्मत देखिएन, भूक्तानीको आधार प्रमाणित गर्ने कागजात सहित बेरुजू नियमित गरी सोको प्रमाण पेश गर्न गराउन निर्देशन दिने।
१२	८३.	कृषि विकास निर्देशनालयले उपभोक्ता समितिले निर्माण गरेका १९ सडकहरुको निर्माण कार्यको रु ४ करोड ८१ लाख १६ हजारको सम्बन्धमा गाउँपालिकाको प्राविधिकबाट बिल प्राप्त भए पश्चात् अनुगमन मूल्याङ्कन, प्राविधिक परीक्षण गर्न मन्त्रालयका इन्जिनियरलाई पत्राचार गरेकोमा मन्त्रालयको प्राविधिकबाट अनुगमन मूल्याङ्कन र नापजाँच भएको	उल्लेखित प्रक्रियाको सम्बन्धमा निर्माण कार्य सम्पन्न नभएको बारे सम्बन्धित निकायको अनुगमन तथा मूल्याङ्कन एवं प्राविधिक परीक्षण सहित आवश्यक कागजात वा प्रमाणसहितको अनुमोदन गरी भूक्तानी दिनुपर्नेमा आवश्यक प्रक्रिया पूरा नगरी अवलोकनका आधारमा भूक्तानी दिएको नियमसम्मत नदेखिएकोले प्रमाण कागजात सहित बेरुजू

		छैन। केवल 'स्थलगत अवलोकन गर्दा कार्य सम्पन्न गरेको पाइएकोले नियमानुसार भुक्तानीको लागि अनुरोध छ' भन्ने व्यहोराको पत्र पठाएको आधारमा भुक्तानी गरेकोछ।	नियमित गरी प्रमाण पेश गर्न गराउन निर्देशन दिने।
१३	८४.	साना कृषि सडक निर्माण, मर्मत तथा सञ्चालन कार्यविधि, २०७५ को बूंदा नं ९ मा साना कृषि सडक निर्माण र मर्मत गर्न प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम कुल लागतको १० प्रतिशत साझेदार संस्थाले लगानी गर्नुपर्ने व्यवस्था छ। कृषि विकास निर्देशनालयले कृषि सडक निर्माण गर्नका लागि १९ संस्थालाई रु. ४ करोड ८१ लाख १६ हजार, कृषि ज्ञान केन्द्र, रामेछापले विभिन्न १२ संस्थालाई रु.३ करोड ९६ लाख ९१ हजार, धादिडले ९ संस्थालाई रु.२ करोड ७७ लाख ३४ हजार, काभ्रेपलाञ्चोकले १९ संस्थालाई रु.५ करोड ४७ लाख १५ हजार चितवनले रु.४ करोड २२ लाख ७२ हजार लगायत रु. २८ करोड ४२ लाख भुक्तानी गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७५।१०।१७ को मन्त्रीस्तरीय निर्णय अनुसार कार्यविधि विपरित लाभग्राही समितिवाट लागत सहभागिता नगराउने निर्णय गरेको कारणले यो कार्यक्रममा साझेदार संस्थाले व्यहोर्नुपर्ने लागत सहभागिताको रकम रु.२ करोड ८४ लाख २५ हजार प्रदेश सरकारमा व्ययभार परेको देखियो। आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश सरकारका आयोजना कार्यान्वयन गराउँदा लागत सहभागीता	• कृषि सडकको प्यारामिटर तय गर्ने, सामुदायिक हितका सडक हुन होइनन सोको स्पष्ट पहिचान गर्ने र कार्यान्वयन पक्षको नियमित अनुगमन गर्न निर्देशन दिने। • सार्वजनिक खरिद नियमावली, २०७४ को दफा ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने व्यवस्था रहेको छ। यसरी कार्य गराउँदा उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम समेत सम्झौतामा उल्लेख गर्नु पर्नेमा ऐन विपरीत आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।९।१९ को मन्त्रीस्तरीय निर्णय अनुसार कार्यविधि विपरित लाभग्राही समितिवाट लागत सहभागिता नगराउने निर्णय गरेको कारणले यो कार्यक्रममा साझेदार संस्थाले व्यहोर्नुपर्ने प्रदेश सरकारमा व्ययभार परेको लागत सहभागिताको रकम रु.२ करोड ८४ लाख २५ हजार नियमित गरी बेरुजू फछ्र्यौटको प्रमाण पेश गर्न गराउन निर्देशन दिने। • आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।९।१९ को प्रदेश सरकारको योजना तथा कार्यक्रम कार्यान्वयन गराउँदा लाभग्राही समितिबाट

		नगराउने भनी लेखि आएकोले जनसहभागीताको अंश कायम गर्न नसकिएको र आगामी दिनमा कार्यविधिलाई आधार मानी कार्यान्वयन गरिने मन्त्रालयले जनाएको छ। मन्त्रालय तथा निर्देशनालय जस्ता तालुक निकाय नीति, योजना, कार्यक्रम तर्जुमा, अनुगमन मूल्याङ्कन, कार्यक्रमहरुको समन्वय र पृष्ठपोषण कार्यमा संलग्न हुनुपर्नेमा सडक निर्माणको कार्य निर्देशनालय मार्फत गर्नु उपयुक्त देखिएन। त्यस्तै निर्देशनालय एवं मातहत कृषि ज्ञान केन्द्रमा समेत सडक निर्माणका लागि विषय विशेषज्ञ प्राविधिक नरहेको अवस्थामा यस्तो कार्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने तथा सडक निर्माण तथा मर्मत योजनाहरु उपभोक्ता समिति मार्फत मर्मत सम्भार गरी सडकको दीगोपनातर्फ ध्यान दिनुपर्ने एवं निर्देशनालयवाट सोको अनुगमन गरी खर्चको उपादेयता अभिवृद्धि गर्नुपर्दछ।	लागत सहभागिता नगराउने निर्णयले प्रदेशमा आर्थिक व्ययभार बढ्न गएकोले आगामी दिनमा लाभग्राहीबाट सञ्चालन गरिने सबै योजनाहरुमा सम्बन्धित् लाभग्राहीले व्यहोर्ने अशं अनिवार्य गर्न एवं ऐन विपरीत यस्ता कार्य नगर्न नगराउन निर्देशन दिने।
१४	९	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउँदा लागत सहभागिताको आधारमा जनसहभागिताको अंशसमेतको रकम समावेश गर्नुपर्ने र डीप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७५ को दफा १० मा डीप बोरिङ्ग निर्माणमा जनसहभागिताको लागत ३ प्रतिशत हुने उल्लेख छ। सिन्धुली, मकवानपुर र चितवन जिल्लाको ३८ स्थानमा डीप बोरिङ्ग निर्माण कार्य गर्ने बार्षिक कार्यक्रम रहेकोमा चितवनका १७, मकवानपुरका ५	• कार्यविधि बमोजिम डीप बोरिङ्ग निर्माणमा जनसहभागिताको लागत ३ प्रतिशतले हुन आउने रकम कट्टा नगरी उपभोक्ता समितिलाई भूक्तानी गर्दा जनसहभागिताको अंश रु.७ लाख १४ हजार व्ययभार बढेको नियमसम्मत देखिएन सोको नियमित गरी बेरुजू फछ्र्यौटको प्रमाण पेश गर्न निर्देशन दिने। • ऐन बमोजिम लागत सहभागितालाई अनिवार्य रुपमा लागू गर्ने। साथै ऐन विपरीत हुने गरी कार्यविधि नबनाउन निर्देशन दिने।

		र सिन्धुलीका ३ समेत २५ स्थानमा डीप बोरिङ्गको उपभोक्ता समितिसँग सम्झौता गरेर मन्त्रालयबाट रु.२ करोड ३८ लाख १५ हजार भुक्तानी गरेको छ। डीप बोरिङ्ग निर्माण लागत अनुमान तथा खर्चको विलमा नियम अनुसारको ३ प्रतिशत जनसहभागिताको अंश कट्टा नगरी पूरै रकम उपभोक्ता समितिलाई भुक्तानी गरेकाले जन सहभागिताको अंश रु.७ लाख १४ हजार कम भई व्ययभार बढेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सम्झौता भएको कार्य निर्माण व्यवसायीबाट गराउन नमिल्नेमा उपभोक्ता समितिले सबै ड्रीलिङ्गकार्य कम्पनीहरुबाट गराएको देखियो। प्राविधिक क्षमता, उपकरण तथा रिंग मेसिन नभएका उपभोक्ता समितिलाई यस्तो काम दिन हुदैन।	• योजना तथा कार्यक्रमको नियमित अनुगमन भएको देखिएन। जसले गर्दा पारदर्शी काम भए नभएको एकिन गर्न नसकिने भएकोले नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न गराउन निर्देशन दिने। • प्राविधिक क्षमता नभएका उपभोक्ता समितिलाई यस प्रकृतिका कार्य जिम्मा दिँदा काम गुणस्तरहीन हुने भएकोले अब आइन्दा यस प्रकृतिका कार्य प्रतिस्पर्धामार्फत् गर्न गराउन निर्देशन दिने। • अब आइन्दा लागत सहभागितालाई अनिवार्य लागू गर्न समेत निर्देशन दिने।
१५	१०	वार्षिक कार्यक्रम अनुसार साझेदारी संस्थाको सहकार्यमा ७ वटा बधशाला स्थापना गर्नको लागि सूचना प्रकाशन गरेकोमा ३ वटा साझेदारहरुले मात्र बधशाला स्थापना गर्न प्रस्ताव पेश गरेका छन। मन्त्रालयले साझेदार संस्थासँग गरेको सम्झौता अनुसार बधशाला निर्माण कार्यको भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन्:	
१६	१०१.	बधशाला निर्माण कार्यविधिको दफा १०(७) मा पशुबधशाला निर्माण तथा सुधार गर्न साझेदार निकायसंग आफ्नै स्वामित्वको कम्तिमा १५ रोपनी जग्गा हुनुपर्ने भनी उल्लेख गरेकोमा एक क्वालिटी फुड्स प्रा.लि.ले हेटौडा औद्योगिक	• कार्यविधि प्रतिकूल हुने गरी फर्मले आफ्नो व्यक्तिगत फाइदाको लागि भाडामा लिएको जग्गाको मूल्याङ्कनका आधारमा बधशाला निर्माण एवं सञ्चालनको लागि रु.१ करोड ५० लाख ८३ हजार अनुदान उपलब्ध गराएको

		क्षेत्र व्यवस्थापन कार्यालयको जग्गा २०६४।९।४ मा २० वर्षको लागि भाडामा लिएको प्रमाण पेश गरेको आधारमा अनुदान रकम भुक्तानी दिएको छ। अर्को हाईजेनिक मिट प्रा लि ललितपुरले विभिन्न ४ व्यक्तिको नाममा दर्ता भएको १६ रोपनी जग्गा २०७३।९।३ देखि १५ वर्षको लागि भाडामा लिएको उल्लेख गरे पनि कार्यविधि अनुसार साझेदार संस्थाको आफ्नै नाममा जग्गा नभएको अवस्थामा पनि मन्त्रालयबाट बधशाला निर्माणको लागि सम्झौता गरेकोले उक्त सम्झौताहरु कार्यविधि अनुकूल देखिएन।	नियमसम्मत नदेखिएकोले सो रकम नियमित गरी बेरुजू फछ्र्यौटको प्रमाण पेश गर्न निर्देशन दिने। • सरकारले अनुदान दिँदा नीजि एवं व्यवसायिक फर्महरुलाई अनुदान नदिने र नगद अनुदान पद्धतिलाई निरुत्साहित गर्दै जाने नीति अबलम्बन गर्न निर्देशन दिने। • अनुदान दिने क्षेत्रको सहि पहिचान गरेर आफ्नै जग्गासहितको फर्मलाई मात्र अनुदान उपलब्ध गराउने व्यवस्था गर्न गराउन निर्देशन दिने।
१७	१०२.	बधशाला स्थापना गर्ने निजी कम्पनीहरु मुनाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका र निश्चित व्यक्तिलाई फाइदा पुग्ने गरी रु.१ करोड ५० लाख ८३ हजार अनुदान उपलब्ध गराएको मनासिव नदेखिंदा निजी एवम् व्यवसायिक फर्महरुलाई अनुदान दिने पद्धतीमा नियन्त्रण हुनुपर्दछ। स्वीकृत कार्यक्रममा निजी क्षेत्रसँगको सहकार्यमा वधशाला स्थापना गर्न सकिने व्यवस्था भएको मन्त्रालयले जनाएको छ।	
१८	११	दाना उद्योगलाई अनुदान वितरण कार्यविधि, २०७५ दफा २० मा साझेदारी संस्थाले मेशिनरी उपकरण, ढुवानीका साधन तथा अन्य सामानहरु खरिद गर्दा स्पेसिफिकेसन र कार्यक्रम स्वीकृत भएपश्चात् मात्र खरिद गर्नुपर्ने उल्लेख छ। बार्षिक कार्यक्रममा २ वटा दाना उद्योग स्थापना र सञ्चालन गर्न रु.२ करोड ३६ लाख बजेट व्यवस्था भएकोमा	दाना उद्योग स्थापना तथा सञ्चालन सम्बन्धी प्रत्यक्ष सरोकार राख्ने कार्यमा मात्र खर्च गर्नुपर्नेमा कार्यविधि विपरीत हुने गरी सम्झौता गरी सहकारी संस्थालाई जेनेरेटर खरिदमा रु.९ लाख ४० हजार र ३ थान सवारी सधान खरिदमा रु.७२ लाख ५ हजार खर्च गरेको नियमसम्मत नदेखिएकोले सो रकम नियमित गरी बेरुजू फछ्र्यौटको प्रमाण पेश गर्न

		मन्त्रालयले ३ दाना उद्योग स्थापनाको लागि ३ साझेदारी संस्थाहरु छनौट गरी यो बर्ष रु.१ करोड ६८ लाख ७ हजार भुक्तानी गरेको छ। सो मध्ये एक सहकारी संस्थाले जेनेरेटरमा रु.९ लाख ४० हजार र ३ थान सवारी सधानमा रु.७२ लाख ५ हजार खर्च गरेकोमा कार्यविधि अनुसार स्वीकृति लिएको देखिएन। दाना उद्योगसँग प्रत्यक्ष सम्वन्धित सामग्रीहरुमा मात्र अनुदान दिई उद्देश्य अनुरुप कार्य गर्नुपर्दछ।	निर्देशन दिने।
१९	१२	प्रदेश जनसंख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा आधारभूत आवश्यकता पूरा गर्न कृषि तथा पशु सम्बन्धी उत्पादन र उत्पादकत्व बढाउनु पर्ने स्थिति छ। तर अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण र घडेरी विकास, जग्गा बाँझो राख्ने प्रवृत्तिले कृषि उत्पादन प्रयाप्त रुपले वृद्धि भएको छैन। साथै माछा, मासु, अण्डा र दुधको आपूर्ति गर्न पशुपक्षी व्यवसायिकरण कार्यक्रम अगाडि बढाउनु पर्ने पनि देखिन्छ। उल्लेखित विषयहरु सम्बोधन हुने गरी नीति निर्माण, कार्यान्वयन एवं अनुगमन गर्नुपर्दछ।	सुझाव बमोजिम गर्न गराउन निर्देशन दिने।
२०	१३	परामर्श सेवा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र नियमावलीको नियम ८५ अनुसार ५ लाख रुपैंयासम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था	• मन्त्रालयले डीप बोरिङ्ग, शित भण्डार लगायतको लागि रु.२० लाख भन्दा कमका २५ टुक्रामा लागत अनुमान बनाई प्रस्तावका आधारमा परामर्श सेवा खरिद गरेर रु.१ करोड ९७ लाख ३४ हजार खर्च गरेको नियमसम्मत नदेखिएकोले सो रकम नियमित गरी बेरुजू फछ्र्यौटको

		छ। मन्त्रालयले यो वर्ष डीप बोरिङ्ग, शित भण्डार लगायतको लागि रु.२० लाखका भन्दा कमका २५ टुक्रामा लागत अनुमान वनाई प्रस्तावका आधारमा परामर्श सेवा खरिद गरेर रु.१ करोड ९७ लाख ३४ हजार खर्च गरेको देखिन्छ। यस सम्बन्धी व्यहोरा निम्न छन :	प्रमाण पेश गर्न निर्देशन दिने। • समयमा नै आवश्यकताको पहिचान गरी कुन कुन वस्तु तथा सेवा खरिद गर्नु पर्ने हो सोको वार्षिक खरिद योजना तयार गरी एकमुष्ठ रुपमा प्रतिस्पर्धा मार्फत् खरिद कार्य गर्न गराउन निर्देशन दिने। • परामर्शदाताबाट अध्ययन गरेर योजनाहरुलाई कार्यान्वयनमा नलैजाने गर्दा खर्चको प्रभावकारीता नहुने साथै बजेटको दुरुपयोग हुने भएकोले अध्ययन गरेको योजना तत्काल कार्यान्वयनमा लैजाने साथै उक्त योजनाहरुको व्यवस्थित् अभिलेख राख्न निर्देशन दिने। • केन्द्रिय निकायको रुपमा रहेको मन्त्रालयले योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने नभई ऐन/कानूनको निर्माण एवं नीति तथा कार्यक्रम तय गर्ने, समस्याको पहिचान, समन्वय एवं सहजीकरण गर्ने र मातहतका निकायले गरेको कामको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेमा मन्त्रालय स्वयम् परामर्श सेवा खरिद जस्ता स-साना कार्यमा व्यस्त भएको देखिएकोले अब आइन्दा मन्त्रालय स्वयम्ले यस्ता कार्य नगर्न निर्देशन दिने।
२१	१३१.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई खरिद कार्य गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज बनाइ एकमुष्ट रुपमा खरिद गर्नुपर्नेमा पटक पटक खरिद गरेको छ। खरिद कार्यलाई व्यवस्थित, कानुनसम्मत्, मितव्ययी र प्रतिस्पर्धी वनाउनुपर्दछ।	
२२	१३२.	कार्यान्वयनमा जाँदा आउने समस्या, स्रोतको आँकलन जस्ता पक्षलाइ मध्यनजर राखेर संस्थागत अपनत्व लिनेगरी यस प्रकारका अध्ययन गरेर कार्यसम्पादन प्रक्रिया अगाडि बढाउनुपर्नेमा परामर्शदाताबाट अध्ययन गराउने, सोको अभिलेखीकरण नगरेको अवस्थामा संस्थागत स्मरण जस्ता कारणले यस्ता खर्च प्रतिफलमुखी हुने अवस्था छैन।	
		कृषि ज्ञान केन्दहरु	
२३	१४	कृषि ज्ञान केन्द, चितवनले कृषि यान्त्रिकरण प्रबर्द्धन सम्बन्धी चितवन र मकवानपुर जिल्ला स्थित ७५ कृषक समूह, कृषि सहकारी, निजी कपि फर्म तथा कृषि उद्यमीहरुलाई रु ३	• प्रचलित ऐन बमोजिम निर्धारित विधि प्रक्रिया एवं मापदण्डको पालना नगरी कृषकबाट प्राप्त बिलका आधारमा अनुदान उपलब्ध गराउँदा खरिद प्रक्रिया

		करोड ३७ लाख १२ हजारको कृषि यन्त्र उपकरण खरिदमा रु.१ करोड ८९ लाख २४ हजार अनुदान उपलब्ध गराएको छ। कार्यक्रम सञ्चालनको लागि स्वीकत कार्यविधि समेतलाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमबमोजिम प्रस्ताव आव्हान गर्ने, निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासँग सम्झौता गरी उपर्युक्त कानुनी व्यवस्था अवलम्वन गरी मितव्ययिताका साथ सामग्री प्राप्त गरी सरोकारवालालाई उपलब्ध गराउनुपर्नेमा कृषकले पेश गरेको बिलको आधारमा अनुदान उपलब्ध गराएकोले कृषकहरुले अनुदानमा प्राप्त सामानमा मितव्ययितापूर्वक खरिद भएको देखिएन। अनुदानमध्ये ७४ कृषक समूहलाई ५० प्रतिशत मात्र अनुदान उपलब्ध गराएको छ। तर माडी स्थित एक सहकारी संस्थालाई रु ५७ लाख ५० हजारको ५० प्रतिशतले रु.२८ लाख ७५ हजार मात्र अनुदान उपलब्ध गराउनु पर्नेमा निर्देशिकामा छुट्टै व्यवस्था गरी रु. ४७ लाख ६२ हजार उपलब्ध गराएकोले रु १८ लाख ८७ बढी खर्च गरेको छ। यसरी उपलब्ध गराईएको अनुदानबाट खरिद भएका मेशिन उपकरणको उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ।	मितव्ययी तथा पारदर्शी नदेखिएकोले ऐन बमोजिम प्रतिस्पर्धाको माध्यमबाट सामग्री खरिद गरेर मात्र अनुदान सामग्री वितरण गर्न गराउन निर्देशन दिने। • कार्यविधिमा कृषकलाई दिने अनुदानमा समान व्यवस्था गर्नुपर्नेमा फरक फरक व्यवस्था गरी अनुदान वितरण गर्नु न्यायपूर्ण एवं पारदर्शी देखिएन। माडी स्थित एक सहकारी संस्थालाई निर्देशिकामा छुट्टै व्यवस्था गरी बढी भूक्तानी गरेको रु.१८ लाख ८७ हजार नियमसम्मत नदेखिएकोले सोको नियमित गरी बेरुजू फछ्र्यौटको प्रमाण पेश गर्न निर्देशन दिने। • प्रदेश सरकारले अनुदानमा उपलब्ध गराएको सामग्रीको नियमित अनुगमन गर्ने साथै उक्त सामग्रीहरुको प्रयोग सम्बन्धमा कृषकलाई तालिमको समेत व्यवस्था गर्न निर्देशन दिने।
२४	१५	कृषि ज्ञान केन्द्र सिन्धुलीले चिसापानी-भिरगाउँ-तेर्से कृषि सडक योजनामा १२० मीटर नयाँ ट्र्याक, ४३२० मीटर ग्रेडिङ्ग, ५९०० मीटर अर्थन ड्रेन, ह्यूम पाइप कल्भर्ट, रिटेन्सशन वाल लगायतका कार्य गराई रु.२९ लाख ४९	• एउटै सडक आयोजनामा विभिन्न तहले बजेट विनियोजन गरी कार्य गर्दा काममा दोहोरोपना देखिएकोले अब आइन्दा त्यस्ता सडक लगायतका आयोजनाको पहिचान गरी दोहोरो नपर्ने गरी योजना छनौट एवं बजेट

		हजार खर्च लेखेकोमा नापी किताबमा चेनेज खुलाएको छैन। सोही सडक योजनामा कमलामाई नगरपालिकाले पनि सडक विस्तार, ग्रेडिङ्ग सफेंस ड्रेसिङ्ग, ह्यूम पाइप कल्भर्ट, रिटेन्सशन वाल लगायतका सडक स्तरोन्नति सम्बन्धी कार्य गर्न उपभोक्ता समितिसँग २०७५।९।२२ मा सम्झौता गरी यस वर्ष रु १० लाख भुक्तानी गरेको छ। नगरपालिका कार्यालयले समेत नापी किताबमा आफूले गराएको कार्यको चेनेज तथा लोकेशन खुलाएको छैन। एउटै सडक योजनामा फरक २ निकायबाट कार्य गरिएको स्थान तथा चेनेज समेत नखुलाई कार्य गराएकोले दोहोरोपनाको स्थिति देखिएको छ। छानविन गरी यथार्थता एकीन हुनुपर्दछ।	विनियोजन गर्न निर्देशन दिने। • उल्लेखित सडक आयोजनामा सम्बन्धित स्थानीय तहले समेत बजेट विनियोजन गर्दा फरक फरक निकायबाट सम्पन्न भएको कामको स्थान र नापी किताबमा चेनेज खुलाई काममा दोहोरो नपरेको पुष्टि गरी बेरुजू नियमित गरी सोको प्रमाण पेश गर्न निर्देशन दिने।
२५	१६	साना कृषि सडक निर्माण मर्मत तथा कार्यक्रम सञ्चालनको लागि मन्त्रालयले १५ दिनको सूचना प्रकाशन गरी साझेदारी सस्था छनौटको लागि प्रस्ताव माग गरेको देखिन्छ। चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र रहेको कृषि ज्ञान केन्द्र, चितवन अन्तर्गत जम्मा १४ वटा साझेदारी सस्था छनौट भएकोमा चितवन जिल्ला राप्ती नगरपालिकाका १३ र खैरहनी नगरपालिकाको १ साझेदारी संस्था छनौट भएको तर मकवानपुर जिल्लामा कुनै साझेदारी संस्था छनौट भएको नदेखिएकोले समानुपातिक एवम् निष्पक्ष रुपमा संस्था छनौट गरेको देखिएन। यसमा सुधार हुनुपर्दछ।	प्रस्तावित सूचनामा एकै जिल्लाको एउटै नगरपालिकाबाट संस्था छनौट हुनु सूचना प्रकाशन गर्ने निकायको स्वार्थ वा सूचना दर्तामा अवरोध वा मूल्याङ्कनमा त्रुटी गरिएको हुनसक्ने देखिएकोले सम्बन्धित् निकायबाट त्यसको वास्तविक अवस्था बारे छानविन गर्नुपर्ने देखिन्छ। साथै यस किसिमको छनौट प्रक्रिया निष्पक्ष नदेखिएकोले संलग्न पदाधिकारीलाई सचेत गराई अब आइन्दा संस्था छनौट प्रक्रियालाई ऐन बमोजिम प्रतिस्पर्धा मार्फत् गर्न गराउन निर्देशन दिने।
२६	१७	कार्यक्रम र अख्तियारी प्राप्त भएपछि कार्यालयले कार्यक्रम	• सार्वजनिक खरिद ऐन नियमको पालना गर्न गराउन

		सञ्चालनको लागि स्वीकृत कार्यविधि समेतलाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियम वमोजिम प्रस्ताव आव्हान गर्ने, निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासंग सम्झौता गरी कार्य गराउनुपर्नेमा कृषि ज्ञान केन्द्र चितवनलाई यो वर्ष साना कृषि सडक निर्माण तथा मर्मत कार्यक्रममा मन्त्रालयले १४ उपभोक्ता समितिको नाम किटान गरी रु.४ करोड ५५ लाख ४० हजार बजेट निकासा दिएको देखियो। तालुक मन्त्रालयले नै प्रस्ताव छनौट गरी त्यस्ता प्रस्तावदातालाई रकम निकासा दिनैपर्ने बाध्यकारी व्यवस्था सहितको कार्यविधि र अख्तियारी पठाएको कानुन सम्मत् देखिएन्। मागमा आधारित कार्यक्रमलाई पारदर्शीरुपमा संचालन गर्नुपर्दछ।	निर्देशन दिने। • तालुक निकायले नीतिगत एवं नियमनकारी कार्यमा व्यस्त रहनुपर्नेमा मातहतका निकायबाट सञ्चालन हुने योजना तथा कार्यक्रममा संलग्न हुनु अनुपयुक्त एवं असान्दर्भिक देखिएकोले आफ्नो जिम्मेवारी प्रति सचेत रहन निर्देशन दिने। • प्रतिस्पर्धाका माध्यमबाट छनौट भएका प्रस्तावदाताबाट कार्य गराउनुपर्नेमा सोझै उपभोक्ता समितिको नाम किटान गरी बजेट निकासा दिने बाध्यकारी कार्यविधि बनाई रु.४ करोड ५५ लाख ४० हजार रकम निकासा दिएको नियमसम्मत नदेखिएकोले सो बेरुजू नियमित गरी प्रमाण पेश गर्न निर्देशन दिने।
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा			
२७	१८	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सम्पन्न भएको निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए भएको जाँच गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेका छन्। भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखाले २० वटा कृषक समूहलाई गोठ निर्माण, पानी भण्डारण टंकी व्यवस्थापन, घाँस खेती व्यवस्थापन, सरसफाई व्यवस्थापन, बाखा गाई भैंसी, चौरी खरिद व्यवस्थापन कार्यको लागि रु.३ करोड ५७ लाख ७० हजारको काममध्ये रु.२ करोड ८१ लाख १३ हजार	ऐन नियम बमोजिम निर्माण कार्यको स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए भएको जाँच गरी प्रतिवेदन पेश गर्ने, गुणस्तर नियन्त्रण अनुगमन र प्रतिवेदन समेत खुल्ने गरी सम्झौता गर्नुपर्नेमा सो वेगर २० वटा कृषक समूहलाई अनुदान बापत् रु.२ करोड ८१ लाख १३ हजार भूक्तानी दिएको नियमसम्मत नदेखिएकोले सो बेरुजू नियमित गरी प्रमाण पेश गर्न निर्देशन दिने।

		भुक्तानी दिएको र रु.७६ लाख ५७ हजार समूहले सहभागितामा गरेको देखाएको छ। समुदायसँग काम गर्ने समय, गुणस्तर नियन्त्रण अनुगमन र प्रतिवेदन समेत खुल्ने गरी सम्झौता गर्नुपर्नेमा सो अनुरुप गरेको छैन। नियमावलीमा भएको व्यवस्था वमोजिम कार्य गराउनुपर्दछ।	
बाख्रा विकास फार्म, चित्लाङ			
२८	१९	बाख्रा विकास फार्म, चित्लाङ, मकवानपुरले फार्म सञ्चालनको लागि यो बर्ष उत्पादन सामग्रीमा रु.६० लाख ९९ हजार खर्च गरेको छ। बाख्राहरुको गत बर्षको मौज्दात ३३८ रहेकोमा यो वर्ष उत्पादन २२८, बिक्री १७८, मृत्यु भएका संख्या ७६ र मौज्दात ३१२ रहेकोछ। यस बर्ष उत्पादन भएको २२८ को ३३.३३ प्रतिशत मृत्यु भएको देखिन्छ। विकास तथा अनुसन्धान गर्ने फार्ममा समेत जन्मिएका बाखाहरुमध्ये एक तिहाई मृत्यु हुनुले फार्मका प्राविधिकको कार्यसम्पादन कमजोर रहेको र यो वर्ष उत्पादन विक्री आय रु. ४ लाख १७ हजारमात्र रहेको छ। कूल प्रत्यक्ष खर्चको ६.८५ प्रतिशत मात्र आय देखिनु र मोर्टालिटी दर ३३ प्रतिशतभन्दा बढी भएको सम्बन्धमा छानविन गरी फार्मको सञ्चालनमा पुनरावलोकन हुनुपर्दछ।	• विकास तथा अनुसन्धान गर्ने प्रदेशको महत्वपूर्ण फार्मको रुपमा रहेको बाख्रा विकास फार्म, चित्लाङमा रहेका बाख्रामध्ये ३३ प्रतिशत भन्दा बढी बाख्राको मृत्यु हुनु स्वभाविक देखिँदैन। सोको सम्बन्धित् तालुक निकायबाट गम्भिरतापूर्वक अध्ययन तथा जाँचबुझ गरी वास्तविक अवस्था पत्ता लगाई प्रतिवेदन पेश गर्न निर्देशन दिने। • विकास तथा अनुसन्धान फार्म भएकोले कम्तिमा एक जना भेटेरेनरी डाक्टर (पशु विज्ञ चिकित्सक) को अनिवार्य व्यवस्था गर्न निर्देशन दिने। • उच्च भौगोलिक क्षेत्र भएकोले बाख्रा वा भेडा वा अन्य कुनै पनि प्रजातिको पशु पाल्न सकिने वा नसकिने बारे सम्भाव्यता अध्ययन गर्न निर्देशन दिने। • बाख्रा पाठा लगायत अन्य पशुहरुको उमेर र अवस्थाको वर्गीकरण गरी उपयुक्त बासस्थानको व्यवस्था गर्न गराउन निर्देशन दिने। • यस फार्ममा सरकारले थुप्रै लगानी गरेतापनि न्यूनतम

			कति राजस्व संकलन गर्ने भन्ने कुनै पनि ठोस योजना नबनाउने र बाखापाठाको मूल्य हालसम्म समयानुकूल संशोधन समेत नहुँदा फार्मको थप वृद्धि र विकासमा प्रगति हुने सम्भावना नदेखिएकोले वार्षिक लगानीको निश्चित प्रतिशतसम्म राजस्व संकलन गर्ने र यति कृषकलाई वार्षिक रुपमा सेवा प्रदान गर्ने भनी लक्ष्य राखी कार्यक्रम सञ्चालन गर्ने साथै बाखापाठाको मूल्यमा समयानुकूल परिमार्जन गर्न गराउन निर्देशन दिने। • फार्ममा काम गर्ने कर्मचारीहरुलाई समय समयमा उपयुक्त तालिमको व्यवस्था गर्न निर्देशन दिने।
बेरुजू स्थिति	मन्त्रालय एवं मातहत निकायको नाममा रहेको लगती बेरुजूको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।		

परिच्छेद ४
निर्देशनहरु

प्रदेश सभा नियमावली २०७४ को नियम १४६ मा प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन तथा मुल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनको लागि प्रदेश सभामा संविधानको धारा १९३ बमोजिम ५ वटा समितिको व्यवस्था छ । कानुनद्वारा गठित समितिमध्ये सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्र्यौट तथा प्रदेश सरकारका सार्वजनिक लेखा सम्बन्धी कार्यलाई कानून बमोजिम अन्तर्राष्ट्रिय असल अभ्यासको आधारमा व्यवस्थित तथा मर्यादित रुपमा सम्पन्न गर्न विशेष पहलकदमी लिई प्रदेश सरकारले सञ्चालन गर्ने कार्यमा आर्थिक अनुशासन कायम राख्न लगाई सुशासनको प्रत्याभूति दिने कार्य गर्दै आएको छ। सार्वजनिक लेखा समितिका मिति २०७९।०१।१५ सम्म बसेका बैठक संख्या ५६ देखि ७१ सम्मले प्रदेश मातहतका १० मन्त्रालय/निकायमा महालेखापरीक्षकबाट आर्थिक वर्ष २०७५/७६ वार्षिक प्रतिवेदन २०७७ मा औंल्याएका बेरुजुहरुको आवश्यक व्यवस्थापन गरी फरफारख गराउने सम्बन्धमा निर्णय गरी विशेष निर्देशन दिएको छ ।

सार्वजनिक लेखा समितिका निर्णय अनुसार सम्बद्ध निकायले कानुनत:बेरुजुहरुको समयमै फरफारख गरी आर्थिक सुशासन कायम राख्नु मुख्य कर्तव्य तथा जिम्मेवारी रहेको छ ।भविष्यमा आर्थिक अनियमिततामा कमी आउन कार्यक्रम कार्यान्वयन गर्ने निकाय जिम्मेवार भई आर्थिक सुशासन कायम गर्न प्रतिबद्ध हुन आवश्यक छ। समितिको निर्णय कार्यान्वयन गर्नु प्रदेश सरकारको कर्तव्य र जिम्मेवारी रहेको छ । प्रदेश सरकार लगायत सम्बद्ध निकायले कार्यान्वयन गर्नुपर्ने मुख्य मुख्य व्यहोरा देहाय अनुसार छन् -

१ **कानुन निर्माण**: प्रदेश सरकारबाट पहिचान भईसकेका न्यूनतम ८२ किसिमका कानुन र आवश्यकता अनुसार थप कानुन निर्माण गरी प्रदेश सरकारका काम कार्वाहीलाई व्यवस्थित गर्नुपर्दछ । हालसम्म ४२ वटा कानुन निर्माण भएता पनि पर्याप्त हुन सकेको छैन । समितिले बाँकी कानुन शीघ्र निर्माणको लागि निर्देशन दिएता पनि आवश्यक कानुनको अभावमा सम्पादित कार्य तथा सेवा प्रवाह व्यवस्थित हुन नसकेको तथा कार्यान्वयनमा विरोधाभाष समेत हुन सक्ने देखिएकोले सम्बन्धित निकायले शीघ्र कानून निर्माण गर्नु आवश्यक छ ।

२ **प्रदेश समन्वय परिषद्:** नीतिगत सामञ्जस्यता कायम गर्ने सम्बन्धमा परिषद् बैठकमा योजना व्यवस्थापनमा रणनैतिक साझेदारी साझा अधिकार क्षेत्रको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्ने सम्बन्धममा परिषद् नियमित बैठकमा छलफल भइरहेको छ । निर्णय पूर्णरुपमा कार्यान्वयन भई नसक्दा ठोस उपलब्धी हासिल हुन सकेको छैन । समितिको निर्देशन कार्यान्वयन प्रभावकारी हुन आवश्यक देखिन्छ ।

३ **स्रोतको यथार्थता:** प्रदेश सरकारले उपलब्ध (आन्तरिक तथा बाह्य) स्रोतलाई विकास निर्माण, रोजगारी सिर्जना, गरिबी निवारण जस्ता आर्थिक तथा सामाजिक स्तरमा अभिवृद्धि भई प्रादेशिक आर्थिक प्रतिफल दिने सम्भावना भएका क्षेत्रहरु पहिचान सम्बद्ध क्षेत्रमा अधिकतम परिचालन गर्नुपर्दछ । प्रदेश सरकारले प्राप्त गरेको स्रोत खर्च हुनसक्ने सम्भावना रहेका क्षेत्र तथा कार्यक्रममा नपरेको कारण यो वर्ष १० अर्ब १८ करोड २८ लाख खर्च नभई निष्कृय हुन गएको सम्बन्धमा स्रोतको अनुमानलाई वास्तविकतामा आधारित बनाउन र खर्चको प्रगतिलाई सुधार गर्न मन्त्रालयको क्षमताका आधारमा यथार्थपरक र कार्यान्वयन योग्य बजेट बनाउनु पर्दछ ।कार्यान्वयन हुन कम सम्भावना भएका योजना/कार्यक्रमहरुमा स्रोत परिचालन नगर्ने नीति बनाउन आवश्यक छ ।

४ **बजेट कार्यान्वयन:** प्रदेश सरकारले अनुमानित खर्च प्रक्षेपण गरेका कार्यक्रम मध्ये दुर्गम क्षेत्रका कार्यक्रमको प्रगति १ प्रतिशतसम्म पनि नभएको अवस्थामा कार्यान्वयन नै नहुने योजना छनौट भएको अवस्था छ । स्थानीय स्तरको आवश्यकता सरोकारवालाको कार्यक्रम कार्यान्वयन गर्ने क्षमता तथा प्रतिवद्धतालाई आधार मानी कार्यक्रम तयार गरी बजेट व्यवस्था गर्नुपर्दछ ।

५ **वैदेशिक सहायता:** संघीय सरकारले प्रदेश सरकारलाई उपलब्ध गराएको वैदेशिक सहयोग (अनुदान/ऋण)को अभिलेख व्यवस्थित नहुंदा सहयोग परिचालन स्पष्ट हुन नसकेको सम्बन्धमा समितिले अब आइन्दा बजेटको स्रोत खुलाई खर्च गर्न निर्देशन दिएको छ ।आन्तरिक तथा बाह्य सहयोग लिने र कारोबारलाई पारदर्शी बनाउन अभिलेख व्यवस्थित राख्ने प्रणालीको विकास गर्ने र स्रोत प्राप्ति नीति समेत स्वीकृत गर्नु पर्दछ ।

६ **रकमान्तर:** कार्यक्रमको लक्ष्य, उद्देश्य र आवधिक योजनालाई आवश्यक र अनुकूल हुने गरी बजेट कार्यक्रम तर्जुमा नगर्दा आवश्यक कार्यक्रमका लागि पर्याप्त नहुने तर आ.व. को अन्त्यतिर औचित्यहीन र अप्रभावकारी कार्यक्रममा वित्तीय सुशासनलाई खलल पार्ने गरी

रकमान्तर गरिएको छ। यो अवस्था निराकरणको लागि वार्षिक लक्ष्य, उद्देश्य, प्राथमिकता, आवश्यकता एवं आवधिक योजनालाई ध्यान दिई बजेट निर्माण गर्नुपर्दछ ।

७ **कानुन प्रतिकूल निर्णय:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ तथा प्रदेश सरकारले लाभग्राही समुहबाट संचालन गर्ने कार्यक्रममा समुहलाई समेत लागतमा सहभागी गराउने प्रदेश सरकारले निर्णय गरेको छ।२०७५।९।१९ को मन्त्रिपरिषद्को निर्णयले सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रममा लाभग्राही समूहको लागत नचाहिने व्यवस्था गरेको छ । कानुन प्रतिकूल निर्णयका कारण लाभग्राही समुहबाट लागत सहभागिता नलिई कार्यक्रम कार्यान्वयन गर्दा लागत बढ्न गई थप आर्थिक व्ययभार बढेको छ। कानून प्रतिकूल निर्णय हुने वातावरणलाई अन्त्य गरी लाभग्राही समुदायवाट व्यहोर्नु पर्ने योगदानलाई अनिवार्य गराउनु पर्दछ।

८ **सफ्टवेयर:** आयोजना बैंक निर्माण र अनुगमन सफ्टवेयर खरिद तथा बैंक पहिचान तथा सञ्चालन गर्नका लागि एक आयोजना विज्ञको पारिश्रमिक समेतमा खर्च गरेका सफ्टवेयरहरु सञ्चालनमा नआएको समेत देखिएको छ। आयोजना बैंक निर्माण जस्तो प्रभावकारी कार्यक्रमको आवश्यकतालाई विचार गरी खरिद गरिएको सफ्टवेयर तत्काल उपयोगमा ल्याउनुपर्दछ ।

९ **वातावरण संरक्षण:** प्लाष्टिकमुक्त प्रदेश अभियानको लागि १८ वटा कार्यक्रममा रु.१ करोड खर्च भएता पनि वातावरणीय प्रभाव न्यूनीकरणका ठोस कार्यक्रम हुन सकेको छैन । संघीय सरकार एवं स्थानीय तहसँग आवश्यक समन्वय गरी प्लाष्टिक एवं प्लाष्टिकजन्य वस्तुको नियमन तथा व्यवस्थापनको लागि स्पष्ट नीति तथा विस्तृत योजना बनाई कार्यक्रम कार्यान्वयन गरी वातावरण अनुकलन कार्यको समय समयमा अनुगमन तथा मूल्याङ्कन समेत गरी प्रगति प्रतिवेदन सार्वजनिक गर्न गराउन निर्देशन दिएको छ । यो खर्चको वान्छित प्रतिफल देखिएको छैन । वातावरण संरक्षणका कार्यहरु अनुभूत हुने गरी कार्यान्वयन गर्नुपर्दछ ।

१० **सवारी साधन:** प्रदेश मन्त्रिपरिषद्बाट २०७४/१२/२९ मा स्वीकृत सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ मा आधारित नभई सवारी साधन खरिद गर्दा १४ लाख ९५ हजार बढी व्ययभार भएको छ । स्वीकृत मापदण्डको पालना गरेर बोलपत्रको माध्यमबाट

मात्र सवारी साधन खरिद गर्ने र यस्तो खर्च प्रक्रियामा पुनरावृत्ति नहुने व्यवस्थाको पालना सबै निकायले गर्नुपर्दछ ।

११ **दोहोरो सफ्टवेयर:** महालेखा नियन्त्रक कार्यालयले सुरक्षा, एकरुपता, विश्वसनीयता कायम गर्ने गरी विकास गरी निःशुल्क लागु गरेका लेखा व्यवस्था र प्रतिवेदन प्रणाली सम्बन्धी CGAS, RMIS, TSA जस्ता वृहत सफ्टवेयरहरु उपलव्ध हुंदाहुंदै छुट्टै सफ्टवेयर निर्माणको लागि रु.४ लाख ५२ हजार खर्च लेखेकोछ। लेखा व्यवस्था र प्रतिवेदन प्रणालीको लागि महालेखा नियन्त्रक कार्यालयले विकास गरी लागू गरेका सफ्टवेयरको उपयोग गरी आवश्यक नहुने सफ्टवेयरको खर्च नियन्त्रण गर्नु पर्दछ

१२ **अनुदान वितरण:** प्रदेश सरकारले यो वर्ष कृषि सम्बन्धी पूर्वाधार विकास तथा यन्त्र उपकरणमा लागत साझेदारीमा गर्न उपभोक्ता निजी व्यवसायी समेतका लागि रु.७७ करोड ७३ लाख ६६ हजार अनुदान वितरण गरेको छ। यी कार्यक्रमहरु गत विगत वर्षदेखि नै निरन्तर सन्चालन हुदै आई विगत ५ वर्षको अवधीमा रु.५१ अर्व २० करोड अनुदान उपलब्ध गराइसकेको छ। यो खर्चवाट कृषि क्षेत्रको व्यवसायिकरण नभई निर्वाहमुखी कृषि क्षेत्रमा मात्र अनुदान परिचालन हुदा ५ वर्षको अवधिमा रु.७ खर्ब ८१ अर्बको कृषिजन्य वस्तु आयात भएको छ। प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम लागु गर्न महालेखापरीक्षकबाट सुझाव दिएकोमा समितिले कृषिमा ऋण, ब्याज अनुदान एवं अन्य वैकल्पिक उपायको खोजी गरी कृषिको व्यवसायीकरण तथा यान्त्रिकरण गर्नसक्ने नीति एवं मापदण्डको तर्जुमा गर्न निर्देशन दिएको छ। कृषिको व्यवसायीकरणलाई समेत प्राथमिकतामा राखी उत्पादनशील क्षेत्रमा लगानी गरी आयात प्रतिस्थापन गर्ने कृषि क्षेत्रलाई प्रोत्साहन हुने गरी अनुदान वितरण गर्नु आवश्यक छ ।

१३ **सडक निर्माण:** कृषि विकास निर्देशनालय तथा कृषि ज्ञान केन्द्रमार्फत यस वर्ष ९८ कृषि सडक निर्माण तथा मर्मत गरी रु २८ करोड ४२ लाख ४८ हजार खर्च गरेको छ। सडक निर्माणका लागि विषय विशेषज्ञ प्राविधिक नरहेका कृषि विकास निर्देशनालय तथा कृषि ज्ञान केन्द्रमा उपभोक्ता समिति मार्फत कार्य गराउँदा डिजाईन तथा गुणस्तरमा प्रयाप्त ध्यान नपुग्ने अवस्था छ। प्रविधि, साधन सम्पन्न तथा विषय विशेषज्ञ प्राविधिक उपलब्ध हुने निकायबाट गुणस्तरीय सडक निर्माण गर्ने तर्फ समेत विचार गर्नु आवश्यक देखिएको छ ।

१४ **थप व्ययभार:** साना कृषि सडक निर्माण, मर्मत तथा सञ्चालन कार्यविधि, २०७५ को बूंदा नं ९ मा साना कृषि सडकनिर्माण र मर्मत गर्न प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम कुल लागतको १०प्रतिशत साझेदार संस्थाले लगानी गर्नुपर्ने व्यवस्था भएपनि लाभग्राही समुहको तोकिएको दरवाट हुने लागत सहभागिता नै नलिने २०७५।०९।१९ को निर्णय कार्यान्वयन गर्दा मन्त्रालय मातहतका ५ कार्यालयको रु. २८ करोड ४२ लाख भुक्तानीमा रु.२ करोड ८४ लाख २५ हजार प्रदेश सरकारमा थप व्ययभार परेकोछ ।यस्ता निर्णयले गलत प्रवृत्तिको विकास भई आर्थिक अनुशासनहीनताले प्रश्रय पाउने हुँदा स्थिर नीतिको व्यवस्था गरी यस प्रकारका कुनै निर्णय नगर्न र कसैबाट अभ्यास भएमा तत्काल निषेध गर्नुपर्दछ ।

१५ **बजेट विनियोजन**: आर्थिक वर्ष २०७५/७६ को लागि मन्त्रालयको रु १२ अर्व ३ करोड ९४ लाख ७७ हजार बजेट कायम गरेको बजेट मध्येबाट मन्त्रालय र अन्तर्गत ४५ कार्यालयबाट रु.६ अर्व ८८ करोड ९५ लाख ६४ हजार अर्थात ५७ प्रतिशत मात्र खर्च भएको छ।योजना छनौट, निर्माण स्थलको सहि पहिचान, स्थानीय अवरोध, ठेक्का व्यवस्थापनमा ढिलाई जस्ता विषय सम्बोधन नभई कार्य प्रारम्भ गर्ने कार्यले पूँजीगत खर्च लक्ष्य अनुसार नहुनुमा आवश्यकता र क्षमता अनुसार योजना तथा कार्यक्रम छनौट नहुने, बजेट विनियोजन अख्तियारी प्रदान गर्ने, स्वीकृत योजना/कार्यक्रमको वोलपत्र लगायतका खरिद व्वस्थापनका कार्यहरु समयमा नभएको कारण रहेकोले कार्यान्वयन पक्ष कमजोर भई पूँजीगत बजेट परिचालनमा प्रभावकारिता नरहेको अवस्था छ । पूँजीगत खर्च हुने क्षमता बढाउन निर्माणस्थलको क्लियरेन्स, समयमै कार्य हुनसक्ने पर्याप्त सम्भावना भएका योजना छनौट गर्ने र काममा ढिलाई भएबाट पर्ने असरको लागि सम्बद्ध पक्ष जिम्मेवार हुनुपर्दछ ।

१६ **अबण्डा:** प्रदेश आर्थिक कार्य विधि ऐन, २०७४ को दफा १६.२ मा बजेटमा व्यवस्था भएको रकम अबण्डा राखी पटक पटक गरी खर्च गर्न नहुने व्यवस्था भएपनि बजेट अबण्डा राख्ने कार्यमा सुधार हुन सकेको छैन। यस्तो प्रवृत्तिमा नियन्त्रण गर्न कानुनसम्मत हुने गरी बजेट परिचालन गर्न व्यवस्था हुनु आवश्यक देखिन्छ ।

१७ **खरिद योजना:** एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने कानुनी व्यवस्था छ।खरिद गुरु योजना नबनाउने र वार्षिक खरिद योजना समयसापेक्ष नबनाउने

कारण आवश्यक स्रोतको परिचालन बढी घटी हुन गई सुनिश्चित नभएको अवस्था छ । कानुनीको व्यवस्था अनुसार प्रक्रिया पालना अनिवार्य हुनु आवश्यक छ ।

१८ **सोझै खरिद:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ। सो दफालाई पूर्णपालना नगरी प्रदेश सरकार अन्तर्गतका उद्योग पर्यटन वन तथा वातावरण, भौतिक पूर्वाधार विकास,भूमि व्यवस्था कृषि तथा सहकारी, सामाजिक विकास लगायतका मन्त्रालयअन्तर्गतका कार्यालयले प्रतिस्पर्धात्मक विधि र प्रक्रिया पूरा नगरी खरिद कार्य गर्दा १७ करोड ८१ लाख भन्दा वढी बेरुजु हुन गएको छ। खरिद कार्य गर्दा पर्नसक्ने आर्थिक तथा कानुनी व्यवस्थामा पर्न जाने असरलाई विचार नगर्दा बेरुजुको मात्रा बढ्न गएको छ। खरिद कार्य कानूनसम्मत्, मितव्ययी र प्रतिस्पर्धी बनाउन सबै निकायले सोझै खरिदकार्यमा नियन्त्रण गर्नुपर्दछ।

अन्तमा, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा बेरुजु देखिएका समग्र प्रदेश अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयहरुले आर्थिक कारोवार गर्दा बजेटमा समावेश भएका नीति तथा कार्यक्रमहरुमा प्रभावकारी कार्यान्वयनमा कमी, अनुदान वितरण कार्य प्रभावकारी नभई विविधता, व्यवस्थित तथा पारदर्शि लेखाप्रणालीको लेखाङ्कन, सोझै खरिद कार्यमा निरन्तरता जस्ता विषयमा सुधार आउन नसकेको कारण आर्थिक कारोवारहरु नियमित हुन नसकी बेरुजु हुन गएका छन् । समितिबाट प्रतिवेदनको दफावार छलफलमा समेत प्रत्येक व्यहोरालाई आवश्यक व्यवस्थापन गर्न मार्ग निर्देश हुँदै आएतापनि सुधारको अवस्थामा सन्तोषजनक उपलब्धी हुन सकेको छैन ।

सार्वभौम प्रदेश सभा सार्वजनिक लेखा समितिले आवश्यक मार्गनिर्देश गरिरहेको स्थितिमा बेरुजुको मात्रामा कमी नआउनु प्रदेश सरकारको ठूलो चुनौति रहेको छ। विद्यमान चुनौतिलाई सामना गर्न प्रभावकारी अनुगमन पद्दतिको विकास हुनु अत्यावश्यक देखिएको छ। बेरुजु नै नहुने गरी आर्थिक कारोवार गर्ने मन्त्रालय/निकाय/कार्यालयहरुलाई प्रोत्साहन तथा कानुन निर्देशन/निर्देशिका पालना नगरी कारोवार गर्नेलाई दुरुत्साहन गर्न प्रभावकारी अनुगमन पद्दति नै उपयुक्त भएकोले सो प्रणालीको व्यवस्था गरी लागू गर्न जरुरी देखिएको छ ।

परिच्छेद-५

सुझाव तथा निष्कर्ष

सुझावहरुः

१. प्रादेशिक सरकारका निकायहरुको कार्यसम्पादन अवस्था सन्तोषजनक देखिंदैन। सरकारको आफ्नै नीति तथा कार्यक्रममा समावेश अधिकांश कार्यक्रमहरु कार्यान्वयन नहुँदा तोकिएको अवधिमा निर्धारित लक्ष्य हासिल हुन सकेको छैन।पुँजीगत खर्चको प्रगति समेत सोचे अनुरुप नहुदा लक्ष्य प्राप्तीमा कमी हुने गरेको छ ।वार्षिक विनियोजनलाई ध्यान दिई निर्धारित समयमा कार्यक्रम सम्पन्न गर्न बजेट अख्तियारी समयमा नै दिने, सेवा केन्द्रहरु विस्तार गर्ने, पुँजीगत आयोजनाहरुको डी.पि.आर. गर्ने, सूचना प्रकाशन तथा सम्झौता लगायतका कार्यहरु अनिवार्य रुपमा पहिलो चौमासिक अवधि भित्रै सम्पन्न गर्ने।

२. प्रदेशले बनाउनै पर्ने भनि पहिचान गरिसकेका अधिकांश कानूनहरु नबनाएका कारण सबै संघीय कानूनमा भर पर्दा कतिपय कार्यक्रमहरु हालसम्म पनि कार्यान्वयन हुन नसकेकोले सम्बन्धित निकायलाई आवश्यक पर्ने कानूनहरु अविलम्ब निर्माण गर्ने ।

३. प्रदेश निजामती सेवा ऐनको अभावका कारण कर्मचारी व्यवस्थापन प्रक्रियामा जटिलता देखिएको छ। विद्यमान संघीय ऐन बमोजिम बागमती प्रदेश, निजामति सेवा ऐनको निर्माण गरी कर्मचारी व्यवस्थापन प्रक्रियालाई शीघ्र रुपमा अगाडि बढाउने ।

४. खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरी सवारी साधन, फर्निचर तथा मेशिनरी लगायतका सामग्री सोझै खरिद गरेको, प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा गरी पटक पटक खरिद गरेको कारण आर्थिक अनुशासन पालनमा कमि हुन गएको र बेरुजुको मात्रा वृद्धि भएको छ। कानूनका व्यवस्था पालना नगर्ने र सोझै खरिद कार्यमा संलग्न पदाधिकारीलाई सचेत गराई अब आइन्दा प्रचलित ऐन बमोजिम बोलपत्रको माध्यमबाट मात्र खरिद कार्य गर्नु गराउने व्यवस्था अविलम्व पालना गर्ने।

५. विद्यमान अनुदान परिचालन कार्य वितरणमुखी बन्दै गएको र खर्च अनुत्पादक हुदै गरेको स्थितिले कुन कुन क्षेत्रमा अनुदान दिने हो सोको मापदण्ड तयार गरी खर्च गर्ने कार्यविधि

समेत बनाई अनुदानलाई वितरणमुखी भन्दा पनि उत्पादनमुखी र जीवनस्तर सुधार हुने किसिमले दिनुपर्दछ। नगद अनुदान दिने भन्दापनि भौतिक एवं परामर्श सेवाको रुपमा अनुदान प्रणाली स्थापित गर्नुपर्दछ।

६. साना कृषि सडक निर्माण, मर्मत तथा सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद-४ को दफा ९ मा साना कृषि सडक निर्माण तथा मर्मतमा साझेदार संस्थाले १० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्थाको प्रतिकूल हुने गरी आर्थिक मामला तथा योजना मन्त्रालयको मिति २०७५।०९।१९ को लागत सहभागिता नलिने निर्णयको कारण उपभोक्ता समितिमार्फत् सञ्चालन भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा सरकारले २ करोड ८४ लाख थप व्ययभार व्यहोर्नु परेको छ ।यस्ता निर्णयले गलत प्रवृत्तिको विकास हुने र कार्यक्रमको लागत बढ्ने भएकोले हुदा आगामी दिनमा स्थीर नीतिको व्यवस्था गरी कानून प्रतिकूल यस्ता अन्य कुनै निर्णय भएको भए त्यस्ता सबै निर्णयहरु खारेज गर्ने।

७. प्रदेश आर्थिक कार्यविधि ऐनले गरेको बजेट रकमान्तर सम्बन्धी स्पष्ट व्यवस्थाको पालना नगरी आर्थिक वर्षको अन्तमा आएर बजेट रकमान्तर गरी नयाँ कार्यक्रममा बजेट थप गर्ने र एकमुष्ठ निकासा गरी भूक्तानी गर्दा बजेटको दुरुपयोग हुने र भएका कामको गुणस्तर समेत सुनिश्चित नहुने हुदा अन्तिम चौमासिकमा बजेट रकमान्तर गर्ने कार्य रोक्ने र रकमान्तर गर्नु परेको खण्डमा ऐन बमोजिम वित्तीय अनुशासनको पालना गर्ने।

८. वन पैदावारको माग र आपूर्ति एकिन गरी मौज्दातमा रहेको काठ समयमा नै बिक्री गर्ने व्यवस्था मिलाउने, काठ, दाउराको वर्गिकरण बमोजिम मूल्याङ्कन गरी लगत राख्ने र वर्गिकरणअनुसार मूल्य उल्लेख गरी राजश्वको आर्थिक विवरण समेत तयार गर्ने तथा वन क्षेत्रको जग्गाको उपयोग बापत प्रदेश सरकारले प्राप्त गर्ने राजस्वलाई समय सापेक्ष बनाउने तथा सट्टाभर्ना बापत् प्राप्त गर्नुपर्ने सुविधा सम्बन्धित समयमा पुरा गर्ने।

९. भक्तपुर अस्पतालको बेरुजूको सम्बन्धमा समितिले अनुगमन गर्दा अस्पताल परिसरभित्र साझा स्वास्थ्य सेवाले २०७७ साल फागुन ६ गतेपछि सम्झौता नगरी अस्पतालको निर्णयलाई बेवास्ता गरी अनाधिकृत रुपमा औषधी पसल सञ्चालन गर्दै आइरहेकोमा मन्त्रालयले समेत उक्त समस्या समाधानमा कुनै चासो नदेखाउँदा सो संस्थाले बिना

सम्झौता निर्वाध रुपमा व्यवसाय (पसल) सञ्चालन गरिरहेको छ। सम्बन्धित पदाधिकारीलाई बोलाई समितिमा छलफल गरी आवश्यक कारबाही गरी कानूनको दायरामा ल्याउनुपर्दछ। साथै संस्थाले अस्पताललाई बुझाउनु पर्ने पूर्व सम्झौता बमोजिमका बाँकी सवै रकम असुल उपर गर्ने ।

१०. प्रादेशिक अस्पतालहरुको सेवा विस्तार कार्यलाई उच्च महत्व दिई आवश्यक स्तरोन्नती गर्न कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्ने।

११. मन्त्रालयको कार्यक्षेत्रभित्र रहेको भूमि व्यवस्थापन सम्बन्धी कार्य हालसम्म पनि सुचारु हुन नसकेकोले भू-उपयोग सम्बन्धी नीति तथा कानून बनाई भूमि अभिलेख, दोहोरो भू-स्वामित्वको अन्त्य एवं जग्गाको चक्लावन्दी लगायतका व्यवस्थापकीय कार्य तत्काल कार्यान्वयन गर्ने ।

१२. सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कृषि सामग्रीहरुको खरिद गर्दा प्रस्ताव आह्वान गर्ने, निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासँग सम्झौता गरी उपर्युक्त कानुनी व्यवस्था अवलम्बन र मितव्ययी तवरले सामग्री खरिद गरी सरोकारवालालाई उपलब्ध गराउने ।

१३. कृषकले पेश गरेका बिलको आधारमा अनुदान उपलब्ध गराउदा कृषकहरुले अनुदानमा प्राप्त सामानमा मितव्ययितापूर्वक खरिद नगरेकोलेयस्तो कार्य प्रक्रिया तत्काल बन्द गर्ने।

१४. अनुदान उपयोगको उचित उपलब्धि नदेखिएको सम्बन्धमा समय समयमा सम्बन्धित निकायबाट प्रभावकारी अनुगमनको व्यवस्था गर्ने ।

१५. अनुदानको सम्बन्धमा विवरण खुल्ने बोर्ड सबैले देख्ने स्थानमा अनिवार्य राख्न लगाउने।

१६. कृषकलाई मेसिन उपकरणको प्रयोग सम्बन्धी आवश्यक तालिमको व्यवस्था गर्ने साथै मल विउविजन तथा औषधी उपचारको व्यवस्था गर्ने ।

१७. कृषि उपजको बजारीकरण एवं बजारसम्मको पहुँच विस्तारको लागि आवश्यक सहजीकरण र सहयोग गर्ने ।

१८. पशुपालनमा आवश्यक चिकित्सकीय परामर्श सेवा नियमित रुपमा प्रदान गर्ने ।

निष्कर्ष

बागमती प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ बमोजिम गठित सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फस्यौट र प्रदेश सरकारको सार्वजनिक लेखाका मुख्य कार्यहरु रहेका छन् । सार्वजनिक क्षेत्रमा आर्थिक क्रियाकलाप कार्यान्वयन हुँदा देखिएका कमजोरीहरुलाई सुधार गरी प्रादेशिक आर्थिक अनुशासनलाई स्वच्छ एवं पारदर्शी बनाई सुशासनको प्रत्याभूति दिने सम्बन्धमा समितिले विभिन्न बैठकहरुमा निर्णय गरी प्रदेश सरकारलाई निर्देशन गर्दै आएको छ ।यसका अलावा प्रदेश सरकारको काम कारबाहीलाई कानून तथा नीतिको अभावमा सुव्यवस्थित, मर्यादित, सेवाग्राही मैत्री बनाउन पर्नसक्ने असरलाई निरुपण गर्न सम्बद्ध समिति, मन्त्रालय तथा निकायलाई आवश्यक प्रणालीको विकास गर्न आवश्यक भएका कानून तथा नीतिको निर्माण गरी लागू गराउन निर्देशन दिंदै आएको छ। भर्खरै देखि शुरु भएको संघीयताको नवीन अभ्यास, साविकका कामकारबाहीमा फरकपना, दक्ष जनशक्तिको अभाव तथा आवश्यक संयन्त्रको कमी र कोभिड १९ महामारीको प्रभाव लगायतका कारणबाट समितिका कामकारबाहीहरु अपर्याप्त हुने सम्भावना छ। नयाँ अनुभवलाई आत्मसात गर्दै प्रदेश सरकारलाई मार्गनिर्देश गरेका कैयौं निर्णयहरुको परिपालना सम्बन्धमा समय, आवश्यक जनशक्तिको कमीका कारण मूल्याङ्कन हुन नसकेको अवस्था छ। समितिका निर्णयहरु पालना भई सकेमा बागमती प्रदेश सरकारका सार्वजनिक लेखा प्रशासन सुव्यवस्थित मर्यादित तथा पारदर्शी हुने समितिको विश्वास रहेको छ। महालेखापरीक्षकबाट दिएका सुझाव सहितका बेरुजुको पुनरावृत्ति हुन नदिने वातावरण सिर्जना गरी बेरुजु शुन्य अवधारणालाई आत्मसात गर्नु प्रदेश सरकारको मुख्य कर्तव्य रहेको छ। अत: महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ मा औल्याइएका बेरुजुका सम्बन्धमा विभिन्न बैठकबाट भएका निर्णयको परिपालना तथा समय समयमा समितिले सार्वजनिक लेखा सम्बन्धमा दिएका निर्देशनहरुको कार्यान्वयको माध्यमबाट नै सुशासनमा थप योगदान हुने हुँदा प्रदेश सरकार एवं सरोकारवाला सबैले सम्पूर्ण निर्णयको समयमै परिपालनामा विशेष पहलकदमी लिनुपर्दछ ।

अनूसुचि-१		
बैठक संख्या ५६ देखि ७१ सम्मको उपस्थिति		
क्र.स.	नाम, थर	उपस्थिति संख्या
१	मा. न्हुक्षे नारायण श्रेष्ठ	१६
२	मा. अरुण प्रसाद नेपाल	६
३	मा. ओम बहादुर ग्लान	५
४	मा. गणेश प्रसाद दुलाल	२
५	मा. चन्द्र बहादुर लामा	६
६	मा. जिवन खड्का	६
७	मा. जीवन डंगोल	११
८	मा. जुनेलीमाया श्रेष्ठ	५
९	मा. दीपक निरौला	६
१०	मा. देवकी श्रेष्ठ	९
११	मा. पुकार महर्जन	८
१२	मा. प्रभात तमाङ	७
१३	मा. प्रेम बहादुर तामाङ	०
१४	मा. वेली मैया घले	५
१५	मा. मुनु सिग्देल	१२
१६	मा. रत्न प्रसाद ढकाल	४
१७	मा. रमेश पौड्याल	१५
१८	मा. रिता माझी	८
१९	मा. सीता अधिकारी	१५
२०	मा. हिमाली गोले	१३

अनूसुची-२

तस्विर संग्रह

धुलिखेलमा भएको अन्तर्क्रिया कार्यक्रम

अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम, प्रदेश नं. १

हेटौडामा भएको अन्तर्क्रिया कार्यक्रम

चितवनमा भएको अन्तर्क्रिया कार्यक्रम

महालेखापरीक्षकज्यूसँगको अन्तर्क्रिया कार्यक्रम

मा. रमेश पौड्यालको संयोजकत्वमा गठित बार्षिक प्रतिवेदन लेखन उपसमितिले सार्वजनिक लेखा समितिका सभापति मा. न्हुक्षे नारायण श्रेष्ठलाई प्रतिवेदन बुझाउदै ।